स्वयंसिद्ध श्राद्धपद्धति

(सचित्र)







क·ना·

जनार्दन उपाध्याय

क्र.सं.

स्वयंसिद्ध श्राद्ध पद्धति

अनुवादकः

उपप्राध्यापक जनार्दन उपाध्याय

Shubharambha
Publication Pvt. Ltd.

शुभारम्भ पब्लिकेशन प्रा.लि.

काठमाडौं नेपाल

Acc. 30528 / 30928

अनुवादक : उपप्राध्यापक जनार्दन उपाध्याय

पहिलो संस्करण : २०६९

सर्वाधिकार : अनुवादकमा

प्रकाशक : शुभारम्भ पब्लिकेशन प्रा.लि.

मूल्य : रु. २५१/-

क्र.सं. ५

भूमिका

"स्वयंसिद्ध श्राद्ध पद्धति" प्रकाशोन्मुख अवस्थामा आफ्नो हातमा परेपछि सर्सर्ती हेर्ने अवसर मिल्यो । प्रचलित हिन्दु धर्मानुसार पितृहरूको सम्झनामा गरिने कार्य श्राद्धका बारेमा लेखकले कलम चलाउनुभएको कुरा सम्बद्ध कृतिले स्पष्ट गरेको छ ।

प्रथमतः 'श्रत्' यो अव्यय शब्द श्री शब्ददेखि उति प्रत्यय लागेर निष्पन्न भएको हो । प्रायशः 'धा' धातुमा उपसर्ग जस्तै गरी अधि लागेर तत्पश्चात् अङ् प्रत्यय भएपछि स्त्रीत्व बुझिँदा तद्बोध टाप् प्रत्यय लगाएर 'श्राद्ध' शब्द निष्पन्न हुन्छ । ततनन्तर 'श्रद्धा अस्ति अस्मिन् (कर्मणि) तत्' यस्तो विग्रहमा "प्रज्ञाश्रद्धार्चाभ्यो णः" यस पाणिनीय सूत्रद्वारा ण प्रत्यय विधान गरेपछि 'श्राद्धम्' यो शब्दको निष्पत्ति हुन आउँछ र "श्रद्धया क्रियते यत् तत् श्राद्धमित्युच्यते बुधैः" अथवा "श्रद्धया दीयते यस्मात् तस्माच्छ्राद्धं निगद्यते" भन्ने यस्तो पद्यात्मक उक्तिले पनि निर्दिष्ट व्युत्पत्तिगत अर्थलाई नै उक्त (श्राद्ध) शब्दले स्पष्ट गर्दछ । तर श्रद्धाले गरिने जुनसुकै कार्यलाई 'श्राद्ध' नभनेर पारिभाषिक अर्थमा यसले निश्चित समयमा पितृहरूको सम्झनामा विधिवत् श्रद्धापूर्वक गरिने कार्यविशेषलाई नै बुझाउँदै आएको छ ।

उपर्युक्त श्राद्ध स्वयंसिद्ध पद्धतिका रूपमा हिन्दु समाजमा स्थापित भएको कुरा अङ्गीकार गर्दै लेखक उपप्राध्यापक श्री जनार्दन उपाध्यायले सरल शैलीमा, सहज ढङ्गले श्राद्धान्तमा पाठ गरिने श्रीराम गीता, जसमा ६२ संस्कृत भाषामा लिखित श्लोकहरू आबद्ध छन् । तिनलाई समच्छन्दमा र उत्ति संख्यामा (६२) नेपाली भाषामा कुशलतापूर्वक अनुवादसमेत गरी 'स्वयंसिद्ध श्राद्ध पद्धति' नामक पुस्तक सम्बद्ध श्रद्धालुजनहरूकासामु उपस्थित गराउने उद्देश्यले प्रकाशित गर्दै हुनुहुन्छ । यसमा एकोद्दिष्ट, पार्वण, एकपार्वण र तीर्थ श्राद्धहरूमा गरिने तर्पण विधिका साथ श्राद्ध के हो ?, श्राद्ध विषयक नियमहरू, गोदान सङ्कल्प, वसन्त पूजा (पिण्ड पूजा) भूयसी दक्षिणा, श्रीराम गीतासमेतका उपशीर्षकहरू रहेका छन् । श्राद्धकर्ता, कारयिता र सामग्रीहरूको सचित्र उल्लेख गरिएको छ । यसमा प्राप्त फरकफरक विधि वा प्रचलन समेत बताउँदै यो चाहिँ उपयुक्त छ भन्ने कुरा उल्लेख गरिएको छ । सबै मन्त्रहरुलाई तत्तत् स्थानमा नै नेपालीमा उल्था गरिएको छ । अन्ततः यसरी सहज र सरल रूपमा आएको यस कृतिले श्राद्धमा बिरालो खोजेर भने पनि उपस्थित गराई त्यसलाई बाँधेर श्राद्ध गर्ने, नबुझे पनि 'जेजे बराजु स्वै स्वै स्वाहा' भनेजस्तो गरी अन्दाधुन्दा अन्धविश्वास र अनभिज्ञतामा नै श्राद्ध गर्ने परम्परालाई चिर्दै धेरै हदसम्म रुचि र चासोका साथ बुझेर मात्र उक्त कार्य (श्राद्ध) गरून् भन्ने अभिप्रायले चलाउनुभएको यस किसिमको कलमले अझै गति लियोस् भन्ने कामना राख्दै प्रासङ्गिक कुराको सङ्क्षिप्तिलाई यहीं बिसाउन चाहन्छु ।

प्रा.डा. लीलानाथ पौडेल
कार्यकारी-निर्देशक
नेपाल संस्कृत विश्वविद्यालय
अनुसन्धान केन्द्र ।

विषय-सूची

क्र. सं.	शीर्षक	पृष्ठ नं.
१.	श्राद्ध के हो ?	१
२.	विशेष कुरा	९
३.	श्राद्धविषयक नियमहरू	१२
४.	श्राद्धमा आवश्यक सामग्रीहरू	१३
५.	गोदान सङ्कल्प	१४
६.	तर्पणविधि प्रारम्भ	१७
७.	एकोद्दिष्ट श्राद्ध विधि	४४
८.	पार्वण श्राद्ध विधि	७९
९.	एकपार्वण श्राद्ध विधि	१५९
१०.	तीर्थ श्राद्ध विधि	२१४
११.	श्री रामगीता	२२५

क.का ९४९

श्राद्ध के हो ?

श्राद्ध शब्दको सामान्य अर्थ हुन्छ श्रद्धापूर्वक गरिने कुनै पनि काम । मानिसले कसैप्रति श्रद्धा गरेर कुनै पनि काम गर्छ भने त्यसलाई श्राद्ध भन्दा फरक पर्दैन । तर हिन्दुधर्म अनुसार पितृहरूको संझनामा गरिने कामलाई श्राद्ध भन्ने चलन छ । आजभोलि श्राद्ध भन्ने बित्तिकै मरेका आफन्तहरूको लागि गरिने काम भन्ने बुझिन्छ । मृतआत्माको निमित्त गरिने काम हिन्दुहरूमा मात्र होइन कार्यान्तर रूपले हेर्दा विश्वका सबै समुदायमा देख्न सकिन्छ । पाश्चात्य जगतमा स्मृतिदिवस भनेर मरेका मानिसलाई प्रतिवर्ष श्रद्धा गर्ने उद्देश्यले कार्यक्रम गरिन्छ भने हिन्दु समाजमा चाहिँ श्राद्ध धर्मशास्त्रीय प्रणालीमा प्रचलित छ । तर शास्त्रीय विधिलाई अँगाले पनि आजभोलि समाजमा यो प्रथा केवल औपचारिकतामा सीमित हुन पुगेको छ । अन्तरमनदेखिकै श्रद्धाले गर्नु पर्ने श्राद्ध आजभोलि लोकलाजका कारण करले वा डरले गरिनु आफैमा एउटा विडम्बना बन्न पुगेको छ ।

एकातिर श्रद्धाविना गरिनु र अर्कोतिर शास्त्रीय विधिलाई पनि तोडमरोड गरेर केवल औपचारिकता पूरा गर्ने प्रवृत्तिले श्राद्धको महत्त्व दिनानुदिन ह्रास हुँदै गएको देखिन्छ । यसको मुख्य कारण हो श्राद्धमा हुनु पर्ने पात्र र योग्यताको अभाव । श्राद्धद्वारा पितृलाई तृप्त पार्ने उद्देश्यले गरिने यो कार्यमा के कस्ता व्यक्तिहरूलाई आमन्त्रित गर्नु पर्दछ र के कस्तालाई बोलाउनु हुदैन भन्ने कुरा शास्त्रमा लेखिएको भए पनि आजभोलि एकातिर त्यस्ता योग्य पात्रको (व्यक्तिको) निकै कमी देखिएको छ भने अर्कोतिर श्राद्ध गर्ने विधि पनि उल्टो ढंगले चलिरहेको देखिन्छ । कुनै उच्च ओहदा ग्रहण गर्दा जसरी व्यक्तिले सपथ ग्रहण गर्नु पर्दछ त्यस्तै गरी श्राद्धविधि (सङ्कल्प) प्रतिज्ञा र सपथै-सपथबाट संपन्न हुन्छ । तर यो कर्म संस्कृत भाषामा लेखिएको हुँदा सबै श्राद्धकर्ताले त्यो भाषा बुझ्न र बोल्न जान्दैनन् । त्यसैले श्राद्धकर्ताले बोल्नु पर्ने वचन बाहुनबाट बोल्न लगाइन्छ । यस्तो चलन कहिलेबाट सुरु भयो यो कुरा भन्न कठिन छ तर सत्य के हो भने श्राद्धमा बोल्नु पर्ने वचन श्राद्धकर्ता स्वयंले बोल्नु पर्दछ र जहाँ ब्राह्मणले उत्तर दिनु पर्ने वचन हो त्यो मात्र ब्राह्मणले बोल्नु पर्ने कुरा आजभोलि प्रचलित श्राद्धपद्धति पुस्तकमा स्पष्ट छ । अर्को

कमजोरी के छ भने अर्थ नबुझी भनिएको कुनै पनि कुराको महत्त्व हुदैन । श्राद्धमा वर्णित संकल्पहरूमा र मन्त्रहरूमा के भनिएको हो त्यसको अर्थ बुझेर मात्र श्राद्धकर्ताले बोल्नु पर्दछ भने अचेल अर्थ बुझ्नु त कता हो कता श्राद्धकर्ता आफूले भन्नु पर्ने कुरा पुरोहितलाई बोल्न लगाउँछन् । सबै पुरोहित अर्थका ज्ञाता हुन्छन् भन्न पनि कठिन छ । भाषाकै कुरा गर्दा श्राद्धपद्धतिमा केवल बाबुको श्राद्ध गर्ने विधि मात्र संस्कृत भाषामा लेखिदिएको हुन्छ । पुरोहितहरू त्यसैलाई घोकेर श्राद्ध गराउँछन् । बाबुबाहेक अरुको श्राद्ध गराउँदा हरेक पुरोहितले संस्कृतमा वचन शुद्ध बोल्छन् कि बोल्दैनन् त्यो पनि तोक्न अप्ठ्यारो छ । त्यसैले श्राद्धविधि आजभोलि केवल औपचारिकतामा सीमित बन्न पुगेको देखिन्छ । यसरी गरिएको श्राद्धले पितृको तृप्ति होला न होला कसरी विश्वास गर्ने ? अब कुरा गरौं वैदिक मन्त्र र संकल्पमा प्रयुक्त वचनको भाषा पक्षको । जतिबेला धर्मशास्त्र लगायत श्राद्धपद्धति जस्ता पुस्तकहरू निर्माण गरिए त्यतिवेला हाम्रो समाजमा संस्कृतभाषा नै बोलीचालीको भाषा थियो । लोकमा प्रचलित संस्कृतभाषामा कर्मकाण्ड संबन्धी पुस्तकहरूको निर्माण हुनु त्यतिवेलाको सन्दर्भमा उपयुक्त देखियो । तर समयको गतिसँगै भाषामा पनि परिवर्तन आयो । देश, काल र वातावरणले संस्कृतबाट प्राकृत हुँदै भाषिक परिवर्तन भएर नेपाली भाषाको जन्म भयो । अहिले प्रचलित नेपाली भाषामा ६०% शब्द संस्कृतकै छन् । यसको कारण पनि नेपाली भाषा संस्कृतबाटै विकसित भएको हुनु हो । त्यसैले आजको परिवेशमा नेपाली भाषामा श्राद्ध गर्नु पनि अनुचित चाहिँ नहोला । पितृलाई संबोधन गरेर गरिने श्राद्धकर्ममा नेपालीमा संकल्प पढ्दा नेपाली पितृले नबुझ्ने कुरा पनि त हुँदैन । बरु नेपालीहरूका पितृले संस्कृतभन्दा नेपाली भाषा चाहिं बढी बुझ्छन् होला । त्यसैले नेपाली भाषामा श्राद्ध गर्नु पनि वर्तमान सन्दर्भमा अत्यन्त उपयोगी ठान्दै मैले यो प्रयास गरेको हुँ । तर इच्छानुसार संस्कृतमै गरे पनि हुने गरी यस पुस्तकमा संस्कृत विधिलाई समेत जस्ताको तस्तै राखिएको पनि छ । संकृतमा गर्न सक्ने र चाहनेहरूले संस्कृतमै गर्न पनि सक्नुहुनेछ । यो श्राद्ध पद्धतिमा संकल्प मात्र नभएर वैदिकमन्त्रलाई पनि नेपालीमा अनुवाद गरिएको छ जसले गर्दा सर्वसाधारणलाई म के भन्दैछु भन्ने अर्थ बुझेर श्राद्धकर्म स्वयं गर्नका लागि अत्यन्त सजिलो हुनेछ ।

हतौडी बुझ्न सजिलो होस् भन्ने उद्देश्यले कुन वचन पढ्दा कुन मुद्रामा बस्ने आदि कार्यका लागि चित्रहरू राखिएका छन् । अर्को कुरा संस्कृतमूलमा बाबुको श्राद्धसँग संबद्ध वचनको प्रयोग गरिएको छ तर त्यसको सँगै कोठामा खाली ठाउँ राखिएको छ जसमा अरु कसैको श्राद्ध गर्दा वचन मिलाएर लेखी गर्न सकिन्छ । त्यसका लागि यसैको तल कसलाई कुन वचन कसरी प्रयोग गर्ने भन्ने बारे तालिकामा बाबुका लागि प्रयोग भएको शब्दको ठाउँमा अरु कसलाई के भन्ने भन्ने कुरा उल्लेख छ । (तर्पणमा प्रथमा र श्राद्धमा जम्मा चारथरी विभक्ति मात्र सम्बोधन, द्वितीया, चतुर्थी र षष्ठी प्रयोग हुने गर्छ । कृपया श्राद्धकर्ताले कसको श्राद्ध गर्ने हो सो तालिका अनुसार नै पुस्तकमा भएका खाली ठाउँ सिसाकलमले भरी श्राद्ध गर्नुहोला । श्राद्धमा सकेसम्म योग्य ब्राह्मणलाई निम्ता दिएर दान गर्नु पर्दछ। त्यसैले यस पुस्तकमा ब्राह्मणको स्थानमा ब्राह्मणकै चित्र राखेर देखाइएको छ । तापनि जुन ठाउँमा श्राद्धका लागि उपयुक्त ब्राह्मणको अभाव छ त्यस स्थानमा श्राद्ध गर्दा ब्राह्मण नपाइएमा ब्राह्मणको स्थानमा एकोद्दिष्ट, पार्वण र एकपार्वणमा क्रमशः तलको चित्रमा झैं कुशको ब्राह्मण राखेर पनि श्राद्ध गर्न सकिन्छः–

एकोद्दिष्ट

पार्वण



एकपार्वण

(कुशको ब्राह्मणलाई दान गर्दा यज्ञ-बराह गोत्राय, दर्भवटु शर्मणे ब्राह्मणाय) भनी सङ्कल्प गर्नुपर्दछ ।

(श्राद्धभोजी ब्राह्मणको विषयमा जान्न चाहनेहरूले महाभारत अनुशासन पर्वको दानधर्म पर्व अन्तर्गत अध्याय ९० हेर्नुहोला ।) यस विषयमा धर्मसिन्धुमा पनि वचन भएका ले ब्राह्मणको चित्र देखाइएको ठाउँमा कुशको ब्राह्मण बनाएर राख्न पनि सकिन्छ । प्रमाणका लागि हेर्नुहोलाः– (सर्वथा ब्राह्मणाऽलाभे कृत्वा दर्भमयान् वटून् । प्रेषानुप्रेषसंयुक्तं सर्वं श्राद्धं प्रकल्पयेत् ।।) (धर्मसिन्धु, तृतीय परिच्छेद, श्राद्धप्रकरण।)(मनुष्यप्रतिकृतिः

कुशसमूहो वटुः) । (धर्मसिन्धु टीका ।) कुशको ब्राह्मण बनाउँदा कतिवटा कुश प्रयोग गर्ने अनि कसरी र कस्तो बनाउने भन्ने कुराको प्रमाण यस्तो छः- (सप्तभि र्नवभि र्वाऽपि सार्धद्वितयवेष्टितम् । ॐ कारेणैव मन्त्रेण द्विजः कूर्यात् कुशद्विजम् ।।) (नवभि रित्यत्र पञ्चभिरिति कर्मोपदेशिन्यां पाठः ।) अर्थात् सातवटा वा नौवटा कुशको ब्राह्मण बनाउनु पर्दछ र सो ब्राह्मण ॐ यो मन्त्र पढ्दै ब्राह्मणद्वारा बनाइनु पर्दछ । कुशको ब्राह्मणको आकार कस्तो हुनु पर्दछ भन्ने सन्दर्भमा पनि शास्त्रमा यस्तो छः– (ऊर्ध्वकेशो भवेद् ब्रह्मा लम्बकेशस्तु विष्टरः । दक्षिणावर्तको ब्रह्मा वामावर्तस्तु विष्टरः ।।) (शब्द कल्पद्रुमः,दर्भशब्दः ।) प्रमाण चाहने विद्वानहरूले माथि उल्लेख भएका पुस्तकहरू हेर्नुहोला । यस अनुसारको ब्राह्मणको चित्र पनि यसै पुस्तकको प्रारम्भमा देखाइएको छ । त्यसैलाई हेरेर बनाउन सकिन्छ । यसरी कुशको ब्राह्मण राखेर श्राद्ध गर्दा कर्तालाई सहज पनि हुनेछ र श्राद्धमा दान दिएका सामानहरू श्राद्ध सकिएपछि आफ्ना पुरोहितकहाँ पुऱ्याइदिनु । त्यस्तो संभव नभए आफ्ना भान्जा वा ज्वाईं लगायत पूज्यजनलाई पनि दिन सकिन्छ ।

अर्को कुरा छ श्राद्धमा सव्य र अपसव्य हुने क्रम सबैभन्दा बढी हुने गर्छ ।सव्य भन्नाले बायाँ काँध र अपसव्य भन्नाले दाहिने काँध भन्ने बुझ्नु पर्दछ । यसमा जनै धारण गर्नेहरूका लागि चित्रमा देखाइएको नै छ । जनै नलगाउनेले भने काँधमा सेतो रुमाल राखेर श्राद्ध गर्नु पर्दछ । यसका लागि सव्य र अपसव्यको चित्र यस्तो छ :–

सव्य

अपसव्य

यस पुस्तकमा अमुकको ठाउँमा...........यस्तो खाली ठाउँ राखिएको छ जसमा श्राद्धकर्ताले आफ्ना पितृको गोत्र तथा नाम लेखी श्राद्ध गर्न सजिलो हुनेछ । अझ बाबु बाहेक अरु कसैको श्राद्ध गर्नु पर्दा स्टीकर टाँसेर संबन्धित पितृको विवरण भर्न सकिनेछ । बाबुका लागि प्रयोग भएको शब्दसँगै खाली ठाउँमा अरु कसलाई के भन्ने भन्ने कुरा यस तालिका अनुसार बुझेर लेख्नुहोला । पुस्तकमा शर्मा शब्द

प्रयोग भएका स्थानमा पनि अन्यले कुन विभक्तिमा के लेख्ने भन्ने कुरा पनि तलको तालिका अनुसार लेख्नुहोला ।

संबोधन	प्रथमा	चतुर्थी	षष्ठी
शर्मन्	शर्मा	शर्मणे	शर्मणः
वर्मन्	वर्मा	वर्मणे	वर्मण
गुप्त	गुप्तः	गुप्ताय	गुप्तस्य
दास	दासः	दासाय	दासस्य

	संबोधन	प्रथमा	चतुर्थी	षष्ठी
बाबु	१. पितः	१. पिता	१. पित्रे	१. पितुः
	२. शर्मन्	२. शर्मा	२. शर्मणे	२. शर्मणः
	३. सगोत्र	३. सगोत्रः	३. सगोत्राय	३. सगोत्रस्य
	४.वसुस्वरूप	४.वसुस्वरूपः	४.वसुस्वरूपाय ५. तस्मै	४. वसुस्वरूपस्य
बाजे	१. पितामह	१. पितामहः	१. पितामहाय	१. पितामहस्य
	२. शर्मन्	२. शर्मा	२. शर्मणे	२. शर्मणः
	३. सगोत्र	३. सगोत्रः	३. सगोत्राय	३. सगोत्रस्य
	४. रुद्रस्वरूप	४. रुद्रस्वरूपः	४. रुद्रस्वरूपाय ५. तस्मै	४. रुद्रस्वरूपस्य

बूढाबाजे	१. प्रपितामह	१. प्रपितामहः	१. प्रपितामहाय	१. प्रपितामहस्य
	२. शर्मन्	२. शर्मा	२. शर्मणे	२. शर्मणः
	३. सगोत्र	३. सगोत्रः	३. सगोत्राय	३. सगोत्रस्य
	४. आदित्यस्वरूप	४. आदित्यस्वरूपः	४. आदित्यस्वरूपाय ५. तस्मै	४. आदित्यस्वरूपस्य
आमाका बाबु	१.मातामह	१.मातामहः	१.मातामहाय	१.मातामहस्य
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.वसुस्वरूप	४.वसुस्वरूपः	४.वसुस्वरूपाय ५. तस्मै	४.वसुस्वरूपस्य

आमाका बाजे	१.प्रमातामह	१.प्रमातामहः	१.प्रमातामहाय	१.प्रमातामहस्य
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.रुद्रस्वरूप	४.रुद्रस्वरूपः	४.रुद्रस्वरूपाय ५.तस्मै	४. रुद्रस्वरूपस्य
आमाका बुढाबाजे	१.वृद्धप्रमातामह	१.वृद्धप्रमातामहः	१. वृद्धप्रमातामहाय	१.वृद्धप्रमातामहस्य
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.आदित्यस्वरूप	४.आदित्यस्वरूपः	४.आदित्यस्वरूपाय ५. तस्मै	४.आदित्यस्वरूपस्य
आमा	१. मातः	१.माता	१. मात्रे	१.मातुः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४ वसुस्वरूपायाः
बाबुकी आमा	१. पितामहि	१.पितामही	१. पितामह्यै	१. पितामह्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.रुद्रस्वरूपे	४.रुद्रस्वरूपा	४.रुद्रस्वरूपायै ५. तस्यै	४. रुद्रस्वरूपायाः
बाबुकी हजुरआमा	१. प्रपितामहि	१.प्रपितामही	१.प्रपितामह्यै	१.प्रपितामह्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.आदित्यस्वरूपे	४.आदित्यस्वरूपा	४.आदित्यस्वरूपायै ५. तस्यै	४.आदित्यस्वरूपाया :
आमाकी आमा	१. मातामहि	१.मातामही	१. मातामह्यै	१. मातामह्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४. वसुस्वरूपा	४. वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः

आमाकी हजुर आमा	१.प्रमातामहि	१. प्रमातामही	१. प्रमातामह्यै	१. प्रमातामह्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.रुद्रस्वरूपे	४. रुद्रस्वरूपा	४. रुद्रस्वरूपायै ५. तस्यै	४. रुद्रस्वरूपायाः
आमाकी बुढीहजुर आमा	१.वृद्धप्रमातामहि	१.वृद्धप्रमातामही	१.वृद्धप्रमातामह्यै	१.वृद्धप्रमातामह्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.आदित्यस्वरूपे	४.आदित्यस्वरूपा	४.आदित्यस्वरूपायै ५. तस्यै	४आदित्यस्वरूपायाः
सौतेनी आमा	१.सपत्नजननि	१.सपत्नजननी	१.सपत्नजनन्यै	१.सपत्नजनन्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः
बाबुका दाजुभाइ	१. पितृव्य	१.पितृव्यः	१. पितृव्याय	१.पितृव्यस्य
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.वसुस्वरूप	४.वसुस्वरूपः	४.वसुस्वरूपाय ५. तस्मै	४. वसुस्वरूपस्य
मामा	१. मातुल	१.मातुलः	१. मातुलाय	१.मातुलस्य
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.वसुस्वरूप	४.वसुस्वरूपः	४.वसुस्वरूपाय ५. तस्मै	४. वसुस्वरूपस्य
आफ्ना दाजुभाइ	१. भ्रातः	१.भ्राता	१. भ्रात्रे	१.भ्रातुः
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.वसुस्वरूप	४.वसुस्वरूपः	४.वसुस्वरूपाय ५. तस्मै	४. वसुस्वरूपस्य

फुपू	१.पितृष्वसः	१.पितृष्वसा	१.पितृष्वस्रे	१.पितृष्वसुः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः
आमाका दिदी बहिनी	१.मातृष्वसः	१. मातृष्वसा	१. मातृष्वस्रे	१. मातृष्वसुः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः
आफ्ना दिदी बहिनी	१.भगिनि	१.भगिनी	१.भगिन्यै	१.भगिन्याः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः
बाबुका भाउजू-बुहारी (काकी वा ठुली आमा)	१.पितृव्ये	१पितृव्या	१.पितृव्यायै	१.पितृव्यायाः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः

आफ्ना भाउजू वा भाइ बुहारी	१.भ्रातृबधुः	१.भ्रातृबधूः	१.भ्रातृबध्वे	१.भ्रातृबध्वाः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः

आफ्नी बुहारी	१.स्नुषे	१.स्नुषा	१.स्नुषायै	१.स्नुषायाः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः
पति	१.भर्तः	१.भर्ता	१.भर्त्रे	१.भर्तुः
	२. शर्मन्	२.शर्मा	२.शर्मणे	२.शर्मणः
	३.सगोत्र	३.सगोत्रः	३.सगोत्राय	३.सगोत्रस्य
	४.वसुस्वरूप	४.वसुस्वरूपः	४.वसुस्वरूपाय ५. तस्मै	४. वसुस्वरूपस्य
पत्नी	१.भार्ये	१.भार्या	१.भार्यायै	१.भार्यायाः
	२. देवि	२.देवी	२.देव्यै	२.देव्याः
	३.सगोत्रे	३.सगोत्रा	३.सगोत्रायै	३.सगोत्रायाः
	४.वसुस्वरूपे	४.वसुस्वरूपा	४.वसुस्वरूपायै ५. तस्यै	४. वसुस्वरूपायाः

विशेष कुराहरू

सर्वप्रथमतः श्राद्ध कस्तो स्थानमा गर्ने हो यो कुरा बुझ्नु जरुरी हुन्छ । तर आजभोलि घरभित्र पनि श्राद्ध गर्ने गराउने गरेको पाइएका ले यो प्रसङ्ग अघि सारिएको हो । श्राद्ध घरको बाहिर आँगनमा गर्नु पर्दछ, घरभित्र होइन किनभने श्राद्धको प्रारम्भमा नै भनिएको छ :- "प्राङ्गणे दीपं प्रज्वाल्य" यसको अर्थ हो आँगनमा बत्ती बालेर श्राद्ध सुरु गर्नु । यस्तै श्राद्धमा प्रयुक्त वैदिक मन्त्रहरूले पनि अतृप्त विभिन्न आत्माहरू पितृलाई दिएको भाग हडप्न आउँछन् र तिनलाई नजिक आउन नदिन विभिन्न विधि गरिन्छ । उदाहरणका लागि विकिर दिदा जुन विधि गरिन्छ त्यसमा अगति परेका प्रेत आत्माहरू पनि त्यहाँ आफ्नो भाग खान आउँछन् भन्ने स्पष्ट छ । घरभित्र श्राद्ध गर्दा ती प्रेतात्मा घरभित्र नै प्रवेश गर्नु पर्ने हुन्छ । त्यसैले श्राद्ध जहिले पनि बाहिर नै गर्नु उपयुक्त हुन्छ भन्ने कुरा बुझ्नु आवश्यक छ । प्रायशः श्राद्धसंबन्धी धेरैजसो पुस्तकहरूमा सुरुमा तर्पणविधि र त्यसपछि श्राद्धविधिको उल्लेख भएको छ । यस्तो हुनुमा तर्पण भनेको शास्त्रज्ञाता र धर्मनिष्ठ

व्यक्तिले नित्य गर्नु पर्ने विषय भएका ले नित्यतर्पणका लागि सुरुमा राखिएको भन्ने बुझिन्छ । तर श्राद्धका दिन भने पहिले श्राद्ध गरेर मात्र पछि तर्पण गर्नु पर्छ भन्ने शास्त्रको विधान छ । यस पुस्तकमा पनि तर्पणविधि सुरुमा राखिएको भए तापनि कृपया श्राद्धका दिन चाहिं श्राद्ध सकेपछि मात्र तर्पण गर्न गराउनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु किनभने श्राद्धका दिन श्राद्ध नसकी तर्पण गरेमा अनर्थ हुन्छ भन्ने कुरा शास्त्रमा यसरी उल्लेख भएको छ :–

"तर्पणं कुरुते यस्तु श्राद्धात्पूर्वं मृतेऽहनि । निराशाः पितरस्तस्य स च गच्छेदधोगतिम् ।।"

लघुआश्वलायनस्मृति अ.२४, श्लोक.३

(अर्थात् एकोद्दिष्ट श्राद्धका दिन जसले श्राद्ध गर्नुभन्दा पहिले तर्पण गर्दछ, त्यसका पितृहरू निराश भएर फर्किन्छन् र श्राद्धकर्ता पनि अधोगतिमा जान्छ । श्राद्ध विधि अनुसार वसन्तपूजा गरे पछि पिण्डलाई सेतो वस्त्रले ढाकिदिने अनि अरु काम बाँकी राखेर तर्पण सुरु गर्नु पर्दछ भन्ने धेरै विद्वानहरूको तर्क रहेका ले त्यसै गर्नु उपयुक्त देखिन्छ ।)

अर्को विषय विकिराशन संबन्धी छ । श्राद्धमा विकिर (छरेको वा खसालेको) दिँदा केही पुराना पुस्कहरूमा (विकिराशन हुनु पर्नेमा विकिरासन लेखिएको छ जसका कारण हतौडीमा अशनलाई आसन अर्थ लगाएर कुशमाथि मोटक राख्न लगाइएको छ र भुइँमा दिनु पर्ने अन्न चाहिं कुशमाथि खसाल्न लगाइएको छ । यो नितान्त गलत हुन जान्छ किनभने श्राद्धका दिन आफ्ना पितृहरू मात्र होइनन् अरु विभिन्न आत्माहरू पनि श्राद्धको अन्न खान भनेर आएका हुन्छन् जो आशा गरेर पर्खिरहेका हुन्छन् । ती मध्ये केही कुशमाथि दिएको खानेहरू छन् भने केही भुइँमा दिएको खानेहरू छन् । यस विषयलाई अध्ययन गरी मैले यस पुस्तकमा सुधार गरेर लेखेको छु । यदि कसैलाई शंका लाग्छ भने प्रस्तुत पुस्तक हेर्नुहोला:–

"अथ भाषा श्राद्धकारिका"

लेखक तथा प्रकाशक :– देवराज शर्मा रूपाखेती । प्रकाशन मिति:– २०३६। मार्गकृष्ण पञ्चमी ।

फेरि अर्को एउटा पिषय छ पिण्डपूजासम्बन्धी । यस विषयमा केही मानिसहरूले पितृलाई खान दिएको पिण्ड हो भने खानेकुरालाई पूजा धूपदीप गर्ने किन ? भन्ने प्रश्न गरेको पाइयो । सामान्य रूपमा यो प्रश्न उचित पनि छ तर पिण्डको अर्थ नबुझी यस्तो प्रश्न गरिएको हो । पिण्ड दिंदा बोलिने वचनमा नै भनिएको छ "एष:पिण्डो अमृतस्वरूप:" यसको अर्थ हुन्छ पिण्डदान स्वरूपदान पनि हो । जसरी

मृत्युकर्ममा पिण्डदानद्वारा मृतआत्मालाई स्वरूप प्राप्त हुन्छ त्यसै गरी पिण्डबाट पितृले स्वरूप पनि प्राप्त गर्दछन् । जहाँ पिण्ड दिइन्छ त्यहाँ पितृ आएर बस्दछन् । त्यसैले आफूले दिएको पिण्डमा पितृ आएर बसेको अनुभव गर्दै पिण्डको पूजा र धूपबत्ती गरिएको हो भन्ने बुझ्नु पर्दछ । यस्तै श्राद्धमा गोत्र, नाम, संबन्ध र स्वरूप संबन्धी उच्चारणक्रम कस्तो हुनु पर्छ भन्ने विषयमा चाहिं एक मत देखिएको छैन । त्यसैले यस पुस्तकमा पहिलेकै परम्परालाई अँगालिएको छ । मतभिन्नताको विषयमा भने यस्तो उल्लेख छ :–

सम्बन्धं प्रथमं ब्रूयाद् गोत्रं नाम तथैव च । पश्चाद्रूपं विजानीयात् क्रम एषः सनातनः ।।

(वृद्धयाज्ञवल्क्यः)

प्रथमं गोत्रमुच्चार्य संबन्धं तदनन्तरम् । (याज्ञवल्क्यस्मृति)

गोत्रसंबन्धनाम्ना च सिद्धेदुच्चारणक्रमः । वृहत्प्रचेतसा चैव क्रमोक्तिभिर्विभक्तिभिः ।।

(निर्णयसिन्धु, श्राद्धपरिभाषा)

श्राद्धसंबन्धी यस्ता धेरै प्रश्नहरू हुन सक्छन् तर श्राद्धको वास्तविक मर्म बुझ्न सकेमा मात्र यसको निराकरण हुन सक्छ भन्ने कुरा सबैले बुझ्नु पर्ने हुन्छ । मैले यहाँ जे जति कुरा लेखेको छु, त्यो संक्षेप मात्र हो ।

मलाई यो पुस्तक तयार पार्न सल्लाह, सुझाव र अन्य बौद्धिक तथा भौतिक सहयोग गर्नुहुने महानुभावहरूप्रति म अत्यन्त आभारी छु । यसै क्रममा प्राज्ञिकस्तरबाट सहयोग गर्ने सहप्रा. डा. श्रीराम अधिकारी, सह-प्रा.नारायणप्रसाद बराल, प्रा.डा.देवमणि भट्टराई हुनुहुन्छ । वहाँहरूलाई म विशेष धन्यवाद दिन्छु । यस्तै चित्र निर्माणका क्रममा कर्ताको भूमिका निर्वाह गरिदिने श्री विदुर न्यौपाने, ब्राह्मणको भूमिका निर्वाह गरिदिने आर्यन् न्यौपाने र क्यामेरा संचालक कपिलराज दुलाललाई हृदयदेखिकै धन्यवाद दिन चाहन्छु । यसैगरी भौतिक रूपमा केही मद्दत गरिदिने श्री वनवारीलाल मित्तल,प्रविधिमा सहयोग गर्ने मधु पौडेल र हौसला प्रदान गर्ने केशव अर्यालका साथै विभिन्न सरसल्लाह दिने अन्य महानुभावहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

- जनार्दन उपाध्याय

श्राद्धविषयक नियमहरू:

श्राद्धकर्ताले श्राद्धभन्दा एक दिन पहिले कपाल खौरिनु, लुगा धुनु, घर सर-सफाइ गर्नु, एक छाक चोखो खानु, ब्रह्मचर्य पालन गर्नु र राति भुईमा सुत्नु । श्राद्धको दिन स्नान गरी शुद्ध वस्त्र लगाउनु, नयाँ जनै लगाउनु (नयाँ जनै लगाउँदा भन्ने मन्त्र यस्तो छ –

अनि ब्राह्मणलाई निम्ता दिनु । पत्नीद्वारा वा शुद्ध भान्सेद्वारा खाना बनाउन लगाउनु, क्रोधलाई त्यागनु, आफ्ना बन्धुबान्धवलाई निम्ता दिएपछि नम्र भएर श्राद्ध गर्ने ठाउँमा गएर शुद्ध आसनमा बस्नु ।

श्राद्धमा आवश्यक सामग्रीहरू

१.	कुशको टुक्रा		८.	नैवेद्य	
२.	नौवटा कुशको ब्राह्मण		९.	फूल	
३.	मोटक		१०.	फलहरू	
४.	अगरबत्ती		११.	पानी राख्ने पात्र	
५.	आरतीको बत्ती		१२.	अन्नपात्र	
६.	जनै सुपारी		१३.	चन्दन आदि राखिएको पञ्चपाला	
७.	कुशको पवित्र		१४.	पिण्ड	
१५.	दुना		१६.	टपरी	
१७.	पिण्डवेदी		१८.	पञ्चपात्र	
१९.	आचमनी		२०.	कुशको औंठी	
२१.	अर्घौंतो				

कुनै पनि शुभ कर्म गर्नुभन्दा पहिले आफूबाट जान अनजानमा भएका कुकर्मको दोष नाश गर्नका लागि एउटा प्रयश्चित्त गोदान गर्ने गरिन्छ । आजको सन्दर्भमा हरेक कार्य गर्दा गाई दान गर्न सक्ने सबैको हैसियत हुँदैन । त्यसैले गाईको मूल्य कल्पना गरी केही पैसा राखेर प्रयश्चित्त गोदान गर्नु पर्दछ । यस क्रममा सर्वप्रथम शुद्ध आसनमा बसिसकेपछि तागाधारी भए नयाँ जनै धारण गर्नुपर्दछ । नयाँ जनै लगाउँदा पढ्ने मन्त्र यस्तो छः–

यज्ञोपवीतं परमं पवित्रम् प्रजापते र्यत् सहजं पुरस्तात् ।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ।।

यज्ञोपवीत जो ब्रम्हाको अगाडि ब्रम्हासँग उत्पन्न भएका र अत्यन्त पवित्र, सफा छ। यस्तो यज्ञोपवीतले छिट्टै लामो आयु, बल र तेज प्रदान गरोस् !

अनि नेपाली पात्रोमा लेखिएका निम्न विषयहरू उच्चारण गर्दै संकल्प गरेर प्रायश्चित्त गोदान गरी आफूलाई भित्री रूपबाट पनि शुद्ध बनाउनु पर्दछ ।
प्रायश्चित्त गोदान विधि यस्तो छः–

गोदान सङ्कल्प

एउटा दुनामा गाईको मूल्य संझेर पैसा राख्ने र चित्रमा देखाए झैं तलको मन्त्र पढेर सो पैसालाई पूजा गर्ने ।

ॐ नमो गोभ्यःश्रीमतीभ्यः सौरभेयिभ्य एव च । नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ।।

ओं ब्रह्माका छोरी भएका, लक्ष्मीका स्वरूप भएका, शुद्ध स्वरूप भएका, कामधेनु स्वरूप भएका गाईहरूलाई बारम्बार नमस्कार छ । (त्यसपछि तलको मन्त्र पढेर ब्राह्मणलाई टीका लगाइदिने)

ॐ नमो ब्रह्मण्य देवाय गोब्राह्मणहिताय च । जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ।।

ओं ब्राह्मणदेवलाई नमस्कार, गाई र ब्राह्मणको भलो गर्ने, संसारको हित गर्ने कृष्ण गोविन्दलाई नमस्कार छ ।

अब कुशका टुक्रा जौ, तिल र पानी चित्रमाझैं हातमा लिएर तलको संकल्प पढ्ने पढिसकेपछि कुशको टुक्रा ब्राह्मणलाई दिने ।



(हरि:ॐ तत् सत् ३ विष्णु: ३ श्रीमद् भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलवगत्सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्धे श्री श्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे युगे सत्यत्रेताद्वापरान्ते कलियुगे कलियुगस्य प्रथमचरणे जम्बूद्वीपे........ वर्षे ....खण्डे आर्यावर्तान्तर्गते.......... नामपुण्यक्षेत्रे षष्ठिसंवत्सराणां मध्ये .... नाम संवत्सरे ....अयने .... ऋतौ .... मासे .... पक्षे ....तिथौ .... वासरे .... राशिस्थिते श्रीसूर्ये .... राशिस्थिते चन्द्रमसि .... राशिस्थिते देवगुरौ अन्येषु ग्रहेषु यथा यथा राशिस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण-विशिष्टायां अद्येह .... गोत्रो .... शर्माऽहं मम कायिक वाचिक मानसिक तथा च भक्षाभक्ष लेह्यालेह्य चोष्याचोष्य पेयापेयकर्मजन्य सकलदोष परिहारपूर्वकश्राद्धाधिकारसिद्ध्यर्थं प्रायश्चित्तगोदानार्थम् इदं गोमूल्योपकल्पितं द्रव्यं रौप्यखण्डं चन्द्रदैवतं .... यथानाम गोत्राय .... यथानाम शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ।)

ओंकारले युक्त भएका हरि भगवान विष्णु नै सत्य हुन् (३ पटक भन्ने) श्रीमान् भगवान महापुरुष विष्णुको आज्ञाद्वारा प्रवृत्त भएका संपूर्ण संसारका सृष्टिकर्ता ब्रह्माको दोस्रो परार्धमा, सेतो वराहको कल्पमा वैवस्वत मनुको पालामा, सत्य, त्रेता, द्वापर युग बितेपछि हुने कलियुग मध्ये २८ औं कलियुगको पहिलो चरणमा, जम्बू द्वीपका नौ खण्ड मध्ये.......... खण्डमा, आर्यावर्तमध्येहिमालय पर्वतको/ ....देशमा ....नदीहरूको मध्य भागमा ....देव देवीको निवास भएको ....गाउँ वा सहरमा, साठी संवत्सर मध्ये..............नामक संवत्सरमा .... अयनमा .... ऋतुमा .... महिनामा .... पक्षमा .... तिथिमा .... /वारमा, सूर्य

.... राशिमा, चन्द्रमा .... राशिमा, वृहस्पति .... राशिमा र अरु ग्रहहरू पनि यथा राशिमा रहेको विशिष्ट अवस्थामा आज .... गोत्रमा उत्पन्न, ... नामक म शास्त्रले बताएको प्रायश्चित्तद्वारा शारीरिक, कर्मजन्य, अभक्ष भक्षण, अपेय पान आदि शारीरिक तथा भावजन्य नियम पालना गर्न नसकेका संपूर्ण दोषबाट निवृत्त हुनका लागि तत्काल शरीरशुद्धिद्वारा श्राद्ध गर्न योग्य बन्नका लागि गाईको अभाव भएका ले गाईको मूल्य कल्पना गरी राखिएको यो चन्द्र देवता भएको चाँदीको अथवा ...... को पैसा .... गोत्र ....नाम गरेका तपाई ब्राह्मणलाई प्रदान गर्दछु । (कुश ब्राह्मणलाई दिने र हात जोडेर पैसालाई गाई संझेर तलको मन्त्र पढ्दै पूजा गर्ने ।)

नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयिभ्य एव च । नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ।।

कामधेनुस्वरूप भएका श्रीमती गाईहरूलाई जो ब्रह्माकी छोरी र अत्यन्त पवित्र स्वरूप भएका तपाईहरूलाई बारम्बार नमस्कार छ ।

फेरि एउटा पैसा भुँईमा राखेर पूजा गर्ने र सो पैसा अनि कुश हातमा लिएर चित्रमा जस्तै गरी तलको संकल्प पढ्ने ।

यो गोदान प्रतिष्ठा स्वरूपको ....दैवत भएको द्रव्य म तपाई ....गोत्रका ....नामका ब्राह्मणलाई प्रदान गर्दछु । (ब्राह्मणलाई दिने)
अब तर्पणभन्दा पहिले कुन श्राद्ध गर्ने हो त्यो विधि शुरु गर्नुहोला । (श्राद्ध सकेपछि मात्र तर्पण गर्नुहोला । (अन्य महादेश वा अन्य देशमा भए त्यसै अनुसार मिलाएर संकल्प पढ्नु पर्छ ।)

तर्पणविधि प्रारम्भ

(श्राद्धका दिन चाहिँ श्राद्ध सकेपछि मात्र तर्पण गर्नुहोला)

प्रतिज्ञा सङ्कल्प

आचमन गरेर तर्पणका लागि तयार पारिएको कुश जौ तिल मिलाइएको जल राखिएको जलपात्र छोएर कुशको टुक्रा हातमा लिई चित्रमा जस्तै गर्ने र तलको संकल्प पढ्ने ।

(हरि:ॐ तत्सत् ३ ॐ विष्णु: ३ श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्धे श्री श्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंसतितमे युगे सत्यत्रेताद्वापरान्ते कलियुगे कलियुगस्य प्रथमचरणे ....वर्षे ....खण्डे जम्बूद्वीपे/............आर्यावर्तान्तर्गते............ नामपुण्यक्षेत्रे षष्ठि संवत्सराणां मध्ये ....नामसंवत्सरे........अयने.......ऋतौ......मासे......पक्षे......तिथौ......पक्षे......वासरे.... ..... राशिस्थिते श्रीसूर्ये..........राशिस्थिते चन्द्रमसि...........राशिस्थिते देवगुरौ अन्येषु ग्रहेषु यथा यथा राशिस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण विशिष्टायामद्येह.........गोत्रो.......शर्माहं मम नित्यकमाङ्गत्वेन/एकोदिष्ट श्राद्धाङ्गत्वेन/पार्वणश्राद्धाङ्गत्वेन/ एकपार्वणश्राद्धाङ्गत्वेन/ तीर्थश्राद्धाङ्ग्गत्वेन (**कुनै एक मात्र पढ्ने - एकोदिष्ट, पार्वण एक पार्वण र तीर्थमध्ये**) वा श्रीमत्परमेश्वरप्रीतये देवर्षीणां मुनष्याणां दिव्यपितृणां स्वपितृणां वा तर्पणं करिष्ये ।)

ओंकारले युक्त भएका हरि भगवान विष्णु नै सत्य हुन् (३ पटक भन्ने) श्रीमान् भगवान महापुरुष विष्णुको आज्ञाद्वारा प्रवृत्त भएका संपूर्ण संसारका सृष्टिकर्ता ब्रह्माको दोस्रो परार्धमा सेतो वराहको कल्पमा, वैवस्वत मनुको पालामा, सत्य, त्रेता, द्वापर युग बितेपछि हुने कलियुग मध्ये २८ औं कलियुगको पहिलो चरणमा, जम्बू द्वीपका नौ खण्ड मध्ये........खण्डमा, आर्यावर्तमध्ये हिमालय पर्वतको/........देशमा ....नदीहरूको मध्य भागमा ....देव देवीको निवास भएको ....गाउँ वा सहरमा, साठी संवत्सर मध्ये............नामक संवत्सरमा,

..............अयनमा...................   ऋतुमा............ महिनामा...............पक्षमा............तिथिमा.......वारमा, सूर्य..............राशिमा, चन्द्रमा...........राशिमा, वृहस्पति ....राशिमा र अरु ग्रहहरू पनि यथा राशिमा रहेको विशिष्ट अवस्थामा आज.................गोत्रमा उत्पन्न ,...................नामक म ....श्राद्धको अङ्ग स्वरूप श्री परमेश्वरलाई खुसी गराउनका निम्ति देवता, ऋषि, मनुष्य, दिव्यपितृ र आफ्ना पितृहरूलाई तर्पण गर्दछु ।

(कुशका टुक्रा त्यही छोडिदिने)

यस्तो प्रतिज्ञा गरिसकेपछि पूर्व फर्किएर अब वार्ता गर्ने

कर्ता : ॐ विश्वान् देवान् आवाहयिष्ये ।
ब्राह्मण: ॐ आवाहय ।)
ओं विश्वेदेवहरूलाई बोलाऊँ ?
ब्राह्मण: ओं बोलाऊ ?



(अनि कुश र पानी लिई चित्रमा देखाए झैं गरेर पढ्ने)

ॐ विश्वेदेवासऽआगत श्रृणु तामऽइम ६ हवम् । एवं वर्हिर्निषीदत ।



ओं हे विश्वेदेव देवताहरू हो, तपाईंहरू हाम्रो यज्ञप्रति आउनुहोस्, हाम्रो बोलावटलाई सुन्नुहोस् र यज्ञमा ओछ्याइएको कुशरूपी आशनमाथि बस्नुहोस् ।

ॐ विश्वेदेवा: श्रृणुतेम ६ हवम् मे येऽअन्तरिक्षेयऽउपद्यविष्ठ । येऽअग्निजिह्वाऽउतवायजत्रा आसद्यास्मिन् बर्हिषीमादयध्वम् । ॐ भूर्भुव: स्व: ब्रह्मा देवा इहागच्छन्तु इह तिष्ठन्तु गृह्णन्त्वेताञ्जलाञ्जलीन् ।

ओं हे विश्वेदेव देवताहरू हो अन्तरिक्षमा रहने द्युलोकमा रहने, अग्निजिह्वामा रहने अर्थात् पृथिवीलोकमा रही अग्निमुखले बाँच्ने हे समस्त देवताहरू हो हाम्रो बोलावटलाई सुन्नुहोस् र हाम्रो यज्ञमा राखिएको आसनमा बसेर प्रदान गरिएको हविबाट अघाउनुहोस् । ओं हे भूलोक, भुवर्लोक र स्वर्गलोकमा रहेका ब्रह्मा आदि गरिएका देवताहरू हो, यहाँ आउनुहोस्, बस्नुहोस् र जल ग्रहण गर्नुहोस् ।

(अब चित्रमा देखाए जस्तो हातमा अर्घौतो सामुन्ने फर्काएर लिई प्रत्येकलाई एक एक पटक जल दिने तर जहाँ २ लेखिएको छ । त्यहाँ दुई पटक र जहाँ ३ लेखिएको छ त्यहाँ तीन पटक पढेर तीनै पटक जल दिने ।)



ॐ ब्रह्मातृप्यताम् ॐ विष्णुतृ० ॐ रुद्रतृ० ॐ प्रजापतितृ० ॐ वेदास्तृप्यन्ताम् ॐ छन्दांसितृ० ॐ देवास्तृ० ॐ ऋषयस्तृ० ॐ पुराणाचार्या स्तृ० । ॐ गन्धर्वास्तृ० । ॐ इतराचार्यास्तृ० । ॐ संवत्सरः सावयवस्तृ० । ॐदेव्यस्तृ० । ॐ अप्सरसस्तृ० । ॐ देवानुगास्तृ० । ॐ नागास्तृ० । ॐ सागरास्तृ० । ॐ पर्वतास्तृ० । ॐ सरितस्तृ० । ॐ मनुष्यास्तृ० । ॐ यक्षास्तृ० । ॐ रक्षासिस्तृ० । ॐ पिशाचास्तृ० । ॐ सुपर्णास्तृ० । ॐ भूतानिस्तृ० । ॐ पशवस्तृ० । ॐ वनस्पतयस्तृ० । ॐ ओषधयस्तृ० । ॐ भूतग्रामचतुर्विधस्तृप्यताम् । ॐ मरीचिस्तृप्यताम् । ॐ अत्रिस्तृ० । ॐ अङ्गिरास्तृ० । ॐ पुलस्त्यस्तृ० । ॐ पुलहस्तृ० । ॐ क्रतुस्तृ० । ॐ प्रचेतास्तृ० । ॐवशिष्ठस्तृ० । ॐ भृगुस्तृ० । ॐ नारदस्तृ० ।

ओं ब्रह्मा अघाऊन् ओं विष्णु अघाऊन् ओं रुद्र अघाऊन् ओं प्रजापति अघाऊन् ओं देवताहरू अघाऊन् ओं छन्दहरू अघाऊन् ओं वेदहरू अघाऊन् ओं ऋषिहरू अघाऊन् ओं पुराणाचार्यहरू अघाऊन् ओं गन्धर्वहरू अघाऊन् ओं अन्य आचार्यहरू अघाऊन् ओं अवयवसहित संवत्सरहरू अघाऊन् ओं देवीहरू अघाऊन् ओं अप्सराहरू अघाऊन् ओंदेवानुगहरू अघाऊन् ओं नागहरू अघाऊन् ओं सागरहरू अघाऊन् ओं पर्वतहरू अघाऊन् ओं नदीहरू अघाऊन् ओं मनुष्यहरू अघाऊन् ओं यक्षहरू अघाऊन् ओं रक्षहरू अघाऊन् ओं पिशाचहरू अघाऊन् ओं पक्षीहरू अघाऊन् ओं भूतहरू अघाऊन् ओं पशुहरू अघाऊन् ओं

वनस्पतिहरू अघाऊन् ओं औषधिहरू अघाऊन् ओं चार प्रकारका भूतग्राम अघाऊन् ओं मरीचि अघाऊन् ओं अत्रि अघाऊन् ओं अङ्गिरा अघाऊन् ओं पुलस्त्य अघाऊन् ओं पुलह अघाऊन् ओं क्रतु अघाऊन् ओं प्रचेता अघाऊन् ओं वशिष्ठ अघाऊन् ओं भृगु अघाऊन् ओं नारद अघाऊन् ।

अब जनै माला झैं लगाउने र तलको मन्त्र पढ्दै चित्रमा देखाए झैं आवाहन गर्ने

ॐ भूर्भुवः स्वः सनकादयः सप्तमनुष्याः इहागच्छन्त्विह तिष्ठन्तु
गृह्णन्त्वेताञ्जलाञ्जलीन् ।

ओं भूः भुव र स्वर्ग हे सनक आदि गरिएका सात मनुष्यहरू हो यहाँ आउनुहोस्, बस्नुहोस् र अँजुलीको जल लिनुहोस् !

उत्तर फर्किने र अर्घौतोको टुप्पो कान्छी औंलाको फेद तर्फ फर्काएर दुई दुई पटक भन्दै जल छोड्दै जाने ।



(ॐ सनकस्तृप्यताम् २ । ॐ सनन्दनस्तृ०२। ॐ सनातनस्तृ०२। ॐ कपिलस्तृ०२। ॐ आसुरिस्तृ०२ । ॐ वोढुस्तृ०२ । ॐ पञ्चशिखस्तृ०२।)

ओं सनक अघाऊन्२ ओं सनन्दन अघाऊन्२ ओं सनातन अघाऊन्२ ओं कपिल अघाऊन्२ ओं आसुरी अघाऊन्२ ओं बोढु अघाऊन्२ । ओं पञ्चशिख अघाऊन्२

अब अपसव्य हुने, देब्रे घुँडो तेर्सो पारेर चित्रमा देखाए झैं दक्षिणतर्फ फर्किएर तलका मन्त्रहरू पढ्दै आवाहन गर्ने ।

ॐ उशन्तस्त्वा निधिमह्युशन्तः समिधीमहि । उशन्नुशतऽआवह पितृन् हविषेऽअत्तवे

ओं हे अग्नि कामना राख्ने भएका हामीहरू तपाईलाई अग्निकुण्डमा स्थापना गर्दछौं र प्रज्वलित गर्दछौं । तपाई पनि कामनाका साथ स्वधाको कामना गर्ने भएका पितृहरूलाई स्वधारूपी कव्य खान यज्ञमा ल्याउनुहोस् !

ॐ आयन्तुन: पितर: सोभ्यासोग्निष्वात्ता: पथिभिर्देवयानै: । अस्मिन् य्यज्ञे स्वधया मदन्तोधिब्रुवन्तु तेवन्त्वस्मान् । कव्यवाडनलादयो दिव्यपितर इहागच्छन्तु इह तिष्ठन्तु गृह्णन्त्वेताञ्जलाञ्जलीन् ।

ओं सोमपान गर्न लायक श्रौत स्मार्त अनुष्ठानद्वारा तृप्त हुने अग्निष्वात्तादि हाम्रा पितृहरू देवताहरूसँगै चल्ने बाटोबाट हाम्रो यज्ञमा आऊन्, स्वधाबाट तृप्त होऊन् र हामीलाई सन्तति तथा धनसंपत्ति प्रदान गर्दै पालन गरुन् ! हे कव्यवाडनल आदि गरिएका दिव्य पितृहरू हो यहाँ आउनुहोस्, बस्नुहोस् र यो जलको अञ्जली लिनुहोस् !

अब चित्रमा देखाए झैं हातमा अर्घौतो राख्ने, अर्घौतोको टुप्पो बूढी औंलाका फेदतर्फ फर्काउने अनि प्रत्येकलाई तीन-तीन पल्ट पढेर तीनैपल्ट जल दिने ।



ॐ कव्यवाडनलस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नम:३ । सोमस्तृ०३ । यमस्तृ०३ । अर्यमास्तृ०३ ।
ॐ अग्निष्वात्तास्तृप्यन्तामिदं तिलोदकं तेभ्य: स्वधा नम: ३ । ॐ सोमपास्तृ०३ । ॐ बर्हिषदस्तृ०३ ।

ओं कव्यवाडनल अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु (३ पटक)

ओं सोम अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु (३ पटक)

ओं यम अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ३। (३ पटक)

ओं अर्यमा अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ३ । (३ पटक)

ओं अग्निष्वात्ताहरू अघाऊन् म वहाँहरूलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ३ । (३ पटक)

ओं सोमपाहरू अघाऊन् म वहाँहरूलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ३ (३ पटक)

ओं वर्हिषदहरू अघाऊन् म वहाँहरूलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ३ (३ पटक)

(अब तीन तीन पटक पढेर तीन तीन पटक नै जल दिने)

(ॐ यमाय नमः ३ । ॐ धर्मराजाय नमः३ । ॐ मृत्यवे नमः३ । ॐ अन्तकाय नमः३ । ॐ वैवस्वताय नमः ३। ॐकालाय नमः ३। ॐ सर्वभूतक्षयाय नमः ३। ॐ औदुम्बराय नमः ३। ॐ दध्नाय नमः३ । ॐ नीलाय नमः३ । ॐ परमेष्ठिने नमः३ । ॐ वृकोदराय नमः३ । ॐ चित्राय नमः३ । ॐ चित्रगुप्ताय नमः३ ।)

ओं यमलाई नमस्कार ३ ओं धर्मराजलाई नमस्कार ३ ओं मृत्युलाई नमस्कार ३ ओं अन्तकलाई नमस्कार ३ ओ वैवस्वतलाई नमस्कार ३ ओं काललाई नमस्कार ३ ओं सर्वभूतक्षयलाई नमस्कार ३ ओं औदुम्बरलाई नमस्कार ३ ओं दध्नलाई नमस्कार ३ ओं नीललाई नमस्कार ३ ओं परमेष्ठिलाई नमस्कार ३ ओं वृकोदरलाई नमस्कार ३ ओं चित्रलाई नमस्कार ३ ओ चित्रगुप्तलाई नमस्कार ३

अब चित्रमा जस्तै गरी आफ्ना पितृहरूलाई बोलाउने ।

ॐ आगच्छन्तु मे पितर इमान्
गृह्णन्त्वापोञ्जलीन्
कर्ताः- हे मेरा पितृहरू ! आउनुहोस् र अँजुलीको जल ग्रहण गर्नुहोस् !



अब चित्रमा देखाए झैं हातमा अर्घौतो राख्ने, अर्घौतोको टुप्पो बूढी औंलाका फेदतर्फ फर्काउने अनि प्रत्येकलाई तीन तीन पल्ट मन्त्र पढेर तीनैपल्ट जल दिने ।

ॐ उदिरतामवर ऽउत्परासऽउन्मध्यमा पितरः सोभ्यासः । असुँय्यऽइयुरवृकाऽऋतज्ञास्तेनोवन्तु पितरो हवेषु ।

ॐ अद्येह.........सगात्रोऽस्मत्पिता...........शर्मा ....वसुस्वरूपः....तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं सोम सम्पादन गर्ने हाम्रा पितृहरू यस (भूलोक) निम्नलोकमा वास गर्ने पितृहरू त्यसभन्दा माथिल्लो लोकमा वास गरुन्, मध्यम लोकमा वास गर्ने पितृहरू उत्तम लोकमा वास गरुन् तथा जो उत्तम लोकमा वास गर्छन् तिनीहरू मुक्त होऊन् जो कौटिल्य रहित सयधर्म जानेका पितृहरूछन् ।

ओं आजका दिन.......... सगोत्रका मेरा पिता...... ....नामका जो वसुस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु (पहिलो पटक जल दिने ।)

ॐ अङ्गिरसो नः पितरो नवग्वाऽअथर्वाणो भृगवः सोभ्यासः तेषां व्वय ँ सुमतौ यज्ञियानामपि भद्रे सौमनसे स्याम ।

ॐ अद्येह........सगोत्रः......स्मत्पिता..........शर्मा .....वसुस्वरूपः....तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं सोम संपादन गर्ने अङ्गिरस, नवग्वा, अथर्वा तथा भृगु आदि नै हाम्रा पितृ हुन् । यस प्रकारका सुमति पितृहरूको बुद्धिमा हाम्रो स्थान रहोस् वा हामी रहूँ तथा उनीहरूको शुभ संकल्पमा पनि हामी रहूँ ।

ओं आजका दिन .... सगोत्रका मेरा पिता .... नामका जो वसुस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु (पितालाई दोस्रो पटक जल दिने)

ॐ आयन्तुनः पितरः सोभ्यासोऽग्ष्विात्ताः पथिभिर्देवयानैः । अस्मिन् यज्ञे स्वधया मदन्तोधिब्रुबन्तु तेवन्त्वस्मान् ।

ॐ अद्येह.......सगोत्रः.......अस्मत्पिता..........शर्मा......वसुस्वरूपः....तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं सोमपान गर्न लायक श्रौत स्मार्त अनुष्ठानद्वारा तृप्त हुने अग्निष्वात्तादि हाम्रा पितृहरू देवताहरूसँगै चल्ने बाटोबाट हाम्रो यज्ञमा आऊन्, स्वधाबाट तृप्त होऊन् र हामीलाई सन्तति तथा धनसंपत्ति प्रदान गर्दै पालन गरुन्ऽहे कव्यवाडनल आदि गरिएका दिव्य पितृहरू हो यहाँ आउनुहोस्, बस्नुहोस् र यो जलको अञ्जली लिनुहोस्ऽओं आजका दिन .... सगोत्रका मेरा पिता..........नामका जो वसुस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।

(पितालाई तेस्रो पटक जल दिने ।)

ॐ ऊर्ज्जं वहन्तीरमृतं घृतं पयः कीलालं परिश्रुतम् । स्वधास्थतर्पयतमे पितृन्

अद्येह.........सगोत्रोऽस्मत्पितामहः.........शर्मा ......रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं फूलका सारतत्व भरिएका, अन्नगत मिठास घिउ, दूध संबन्धी मिठास भएको, सर्वरोग विनाशक । अमृत, सबैखाले दूषितपन संबन्धित बाधालाई हटाउन सक्ने हे पानीहरू ! तपाईहरू पितृहरूको कव्यरूप हवि भैदिनुहोस् !

ओं आजका दिन ....सगोत्रका मेरा पितामह ....नामका जो रुद्रस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (पितामहलाई पहिलो पटक जल दिने ।)

ॐ पितृभ्यः स्वधायभ्यः स्वधानमः पितामहेभ्यः स्वधायिभ्यः स्वधानमः प्रपितामहेभ्यः स्वधायिभ्यः स्वधानमः । अक्षन्नपितरोऽमीमदन्त पितरोऽतीतृपन्तपितरः पितरः सुन्धध्वम् ।

अद्येह........सगोत्रः......अस्मत्पितामहः.........शर्मा........रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं स्वधारूपी अन्नका लागि लालायित पिता, पितामह र प्रपितामहहरूलाई स्वधारूपी अन्न प्रदान गरी नमस्कार गर्दछु, पितृहरूले सुरापान गरिसकेर उनीहरू मदमस्त भए तथा तृप्त भए पश्चात् हात धोएर शुद्ध बनून् ।

ओं आजका दिन ....सगोत्रका मेरा पितामह ....नामका जो रुद्रस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (पितामहलाई दोस्रो पटक जल दिने)

ॐ ये चेह पितरो येचनेह्याँश्चविद्मयाँऽउचन प्रविद्म त्वं व्वेत्थयतितेजातवेदः स्वधाभिर्यज्ञ ँ सुकृतञ्जुषस्व । अद्येह.........सगोत्रोऽस्मत्पितामहः...........शर्मा ....रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं यस पितृयज्ञमा जो उपस्थित छन् तथा जो यहाँ उपस्थित छैनन्, जसलाई हामी चिन्दछौं तथा जसलाई हामी चिन्दैनौं ती संपूर्ण जति छन्, हे जातवेदस् अग्नि ! तिनीहरूलाई तिमी राम्रोसित चिन्दछौ, बुझ्दछौ, तिनीहरूलाई स्वधाद्वारा तिमी आस्वादित तथा आनन्दित पार ! ओं आजका दिन ....सगोत्रका मेरा पितामह ....नामका जो रुद्रवरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (पितामहलाई तेस्रो पटक जल दिने)

ॐ मधुव्वाताऽऋतायते मधुक्षरन्ति सिन्धवः माध्वीर्नः सन्त्वोषधीः ।

अद्येह..........सगोत्रो ऽस्मप्रपितामहः...........शर्मा
.............आदित्यस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।)

ओं यज्ञ कर्मरत व्यक्ति वा सांसारिक व्यक्तिका लागि वायुले शीतलता प्रवाह गरुन्, नदीहरूले रसवान् जल सेचन गरुन्, औषधि वनस्पतिहरू मधुर रसवाला होऊन् ! ओं आजका दिन ....सगोत्रका मेरा प्रपितामह............नामका जो आदित्य स्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।(प्रपितामहलाई पहिलो पटक जल दिने)

ॐ मधुनक्त मुतोषसोमधुमत्पार्थिव ँ रजः। मधुद्यौरस्तुनः पिता

अद्येह.........सगोत्रोऽस्मत्प्रपितामहः.............शर्मा
...........आदित्यस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।)

हाम्रा लागि रात्रि र दिन मधुमान् होऊन् भने मातृस्थानीय पृथिवी लोक र पितृस्थानीय आकाशमण्डल मधुर रसवाला होऊन् !

ओं आजका दिन ....सगोत्रका मेरा प्रपितामह ....नामका जो ......स्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (प्रपितामहलाई दोसो पटक जल दिने ।)

ॐ मधुमान्नो व्वनस्पति र्मधुमाँऽअस्तु सूर्य्यः माध्वीर्गावोभवन्तुनः ।

अद्येह..........सगोत्रो ऽस्मत्प्रपितामहः...........शर्मा
...........आदित्यस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।)

ओं पिपल आदि वनस्पतिहरू रसवान् होऊन् ,सूर्य पोल्ने नभई मधुर रसवाला होऊन् र सूर्यका किरणहरू उपयोगी र फलदायक होऊन् !

ओं आजका दिन ....सगोत्रका मेरा प्रपितामह ....नामका जो आदित्य स्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (प्रपितामहलाई तेस्रो पटक जल दिने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात्।

ॐ अद्येह........सगोत्राऽस्मत्माता........देवी वसुस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन् , देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी आमा ....नामकी जो वसुस्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।(आमालाई पहिलो पटक जल दिने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात्।

ॐ अद्येह.......सगोत्राऽस्मत्माता.........देवी वसुस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी आमा ....नामकी जो वसुस्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमालाई दोस्रो पटक जल दिने ।)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात्।।

ॐ अद्येह........सगोत्राऽस्मत्माता........देवी वसुस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी आमा ....नामकी जो वसुस्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमालाई तेस्रो पटक जल निने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात् ।।

ॐ अद्येह..........सगोत्राऽस्मत्पितामही........देवी रुद्रस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी पितामही ....नामकी जो रुद्रस्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।। (पहिलो पटक पितामहीलाई जल दिने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात् ।

ॐ अद्येह.........सगोत्राऽस्मत्पितामही..........देवी रुद्रस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी पितामही ....नामकी जो रुद्रस्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।(दोस्रो पटक पितामहीलाई जल दिने ।)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात् ।

ॐ अद्येह.........सगोत्राऽस्मत्पितामही........देवी रुद्रस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी पितामही ....नामकी जो रुद्रस्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।(तेस्रो पटक पितामहीलाई जल दिने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात् ।

ॐ अद्येह.........सगोत्राऽस्मप्रपितामही...........देवी आदित्यस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी प्रपितामही ....नामकी जो आदित्य स्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।(पहिलो पटक प्रपितामहीलाई जल दिने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात् ।

ॐ अद्येह.........सगोत्राऽस्मप्रपितामही............देवी आदित्यस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी प्रपितामही ....नामकी जो आदित्य स्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (दोस्रो पटक प्रपितामहीलाई जल दिने)

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे । आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात् ।

ॐ अद्येह.........सगोत्राऽस्मप्रपितामही............देवी आदित्यस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा नमः ।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

ओं आजका दिन ....सगोत्रकी मेरी प्रपितामही ....नामकी जो आदित्य स्वरूपले रहेकी छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (तेस्रो पटक प्रपितामहीलाई जल दिने)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽ स्मन्मातामहः...........शर्मा ....वसुस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः)

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान

गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा मातामह ....नामका जो वसुस्वरूपले रहेका छन् उनी अघाऊन् जुन यो तिल मिसिएको स्वधारूपी जल म वहाँलाई दिन्छु । (आमाका बालाई पहिलो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽस्मन्मातामहः...........शर्मा...... वसुस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा मातामह ....नामका जो वसुस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमाका बालाई दोस्रो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽस्मन्मातामहः...........शर्मा ....वसुस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान

गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा मातामह ....नामका जो वसुस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।

(आमाका बालाई तेस्रो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽस्मत्प्रमातामहः..............शर्मा........ रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा प्रमातामह ....नामका जो रुद्रस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु ।
(आमाका हजुरबालाई पहिलो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽस्मत्प्रमातामहः...........शर्मा ....रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान

गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा प्रमातामह ....नामका जो रुद्रस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमाका हजुरबालाई दोस्रो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह .... सगोत्रोऽस्मत्प्रमातामहः ....शर्मा ....रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः ।

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा प्रमातामह ....नामका जो रुद्रस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमाका हजुरबालाई तेस्रो पटक जल दिने)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽस्मत्वृद्धप्रमातामहः.............शर्मा आदित्य रुद्रस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान

गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा वृद्धप्रमातामह ....नामका जो आदित्यस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमाका बुढाहजुरबालाई पहिलो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येह ....सगोत्रोऽस्मत्वृद्धप्रमातामहः.............शर्मा ....आदित्यस्वरूपस्तृप्यतामिदं तिलोदकं तस्मै स्वधा नमः

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् !

ओं आजका दिन....सगोत्रका मेरा वृद्धप्रमातामह ....नामका जो आदित्यस्वरूपले रहेका छन् उनी अघाऊन् म वहाँलाई यो तिल मिसिएको स्वधारूपी जल दिन्छु । (आमाका बुढाहजुरबालाई दोस्रो पटक जल दिने ।)

ॐ नमो वः पितरोरसाय नमोवः पितरः शोषाय नमोवः पितरो जीवाय नमोवः पितरः स्वधायै नमोवः पितरो घोराय नमोवः पितरो मन्यवे नमोवः पितरः पितरो नमोवो गृहान्नः पितरो दत्तसतोवः पितरोदेष्मैतद्वः पितरोवासः ।

ॐ अद्येत्यादि.......... सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां..............., ...,.............शर्मणां...........सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणामद्यकर्तव्य सांवत्सरिकैकपार्वणश्राद्धे श्राद्धसम्बन्धिनो विश्वेदेवाः पुरुरवो माद्रवोनामानः एषः पादार्घो वः स्वाहा ।

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामह ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेकाहरूको आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा श्राद्धसँग सम्बद्ध

भएका विश्वेदेवदेवताहरू मध्ये हे पुरुरव र माद्रव नाम भएका देवताहरू हो यो पाउमा दिने स्वाहारूपी अर्घ तपाईलाई अर्पण गर्दछु । (जल ब्राह्मणको पाउमा चढाउने ।)

अब चित्रमा जस्तै अपसव्य भएर दिइएको पद्य पढ्दै पितृब्राह्मणको पाउ धुने ।

ॐ नमोऽस्त्वनन्ताय सहस्रमूर्तये
सहस्रपादाक्षिशिरोरुवाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते
सहस्रकोटि युगधारिणे नमः ।।



ॐ यत्फलं कपिलादाने कार्तिक्यां जेष्ठपुष्करे । तत्फलं पाण्डवश्रेष्ठ विप्राणां पादशौचने ।।

ॐ विप्रपादोदकं पीत्वा यावत्तिष्ठति मेदिनी । तावत्पुष्करपात्रेषु पिवन्ति पितरो जलम् ।।

रूपै हजारौं- शिर-पाउ-आँखा-गोडा तथा हात र नाम भाका ।

जस्मा युगै अट्छ अनन्तकोटी नित्यै अनन्तैकन दिन्छु ढोगी ।।

जेठ कार्तिकमा कैली गाई दान गरेसरी, पखाल्दा विप्रको पाउ फल त्यो मिल्छ पाण्डव ।।

विप्रको पाउको पानी पृथ्वीमा जबसम्म छ, पिए ! पुष्करमा पानी पितृले तबसम्म त ।।

अब बायाँ हातमा दुनामा पानी अनि दायाँ हातमा मोटक लिएर यो मन्त्र र संकल्प पढ्ने ।

ॐ शन्नोदेवीरभिष्टय आपो
भवन्तु पीतये ।
संयोरभिस्रवन्तुनः ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् !

ॐ अद्य .... सगोत्राः अस्मत्पितृपितामहप्रपितामहाः ...., ..., ...शर्माणः............सपत्नीकाः वसुरुद्रादित्यस्वरूपाः अद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे एषः पादार्घस्त्रेधा विभज्य युष्मभ्यं स्वधा ।

ओं आजका दिन .... हे सगोत्र मेरा पिता, पितामह र प्रपितामह हो ! ...., ..., ...नाम भएका ! पत्नीसहित वसु, रुद्र र आदित्य स्वरूप भएकाहरू हो ! आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा यो स्वधारूपी

पाउमा दिने अर्घ तीन भागमा बाँडेर तपाईहरूलाई अर्पण गर्दछु ! (जल पितृ ब्राह्मणको पाउमा चढाउने ।)

सव्य भएर आचमन गर्ने र चित्रमा देखाएझैं विश्वेदेव ब्राह्मणलाई यो पढ्दै स्वागत गर्ने ।

कर्ता - ॐ आगता यूयम् ?
ब्राह्मण - ॐ सुस्वागता वयम् ।
कर्ता - ॐ इदमासनमास्यताम् ।
ब्राह्मण - ॐ आस्यते ।



कर्ता - ओं तपाईहरू आउनुभयो ?
ब्राह्मण - ओं हामी राम्ररी आयौं ।
कर्ता - ओं यो आसनमा बस्नुहोस् !
ब्राह्मण - ओं बस्यौं । (ओं भूलोक, भुवर्लोक र स्वर्गलोक भनी एकजना विश्वेदेव ब्राह्मणलाई पूर्व फर्काएर राख्ने ।)

अब अपसव्य हुने र चित्रमा जस्तै गरी पितृब्राह्मणलाई यो पढ्दै स्वागत गर्ने । स्वागत गर्ने ।

कर्ता - ॐ आगता यूयम् ?
ब्राह्मण - ॐ सुस्वागता वयम् ।
कर्ता - ॐ इदमासनमास्यताम् ।
ब्राह्मण - ॐ आस्यते ।



कर्ता - ओं तपाईहरू आउनुभयो ?
ब्राह्मण - ओं हामी राम्ररी आयौं ।
कर्ता - ओं यो आसनमा बस्नुहोस् !
ब्राह्मण - ओं बस्यौं । ओं भूलोक, भुवर्लोक र स्वर्गलोक भनी एकजना पितृ ब्राह्मणलाई उत्तर फर्काएर राख्ने ।)

सव्य हुने र चित्रमा देखाएझैं देव कर्मपात्रका लागि विश्वेदेव ब्रह्मणसित वार्ता गर्ने ।

कर्ता - ॐ कर्मपात्रमहं करिष्ये ।
ब्राह्मण - ॐ कुरुस्व।
कर्ता - ओं म कर्मपात्र बनाऊँ ?
ब्राह्मण - ओं बनाऊ ।



अब चित्रमा जस्तै तलको मन्त्र पढ्दै पवित्र, चन्दन आदि तोके अनुसार राख्दै कर्मपात्र बनाउने ।

ॐ यद्देवा देवहेडनन्देवा
सश्च्चकृमावयम् ।
अग्निर्म्मातस्मादेनसोविश्वा
न्म्मुञ्चत्वꣳहस: ।



ओं हे देदीप्यमान देवताहरू हो हामीले जुन देवता संबन्धी पाप(दोष) गरेका छौं अग्निले त्यस किसिमको दोष र सम्पूर्ण विघ्नहरूबाट छुट्कारा दिऊन् ।

ॐ यदि दिवा यदि नक्तमेनाꣳसिचकृमावयम्। वायुर्म्मातस्मादेनसोविश्वान्म्मुञ्चत्वꣳहस: ।

ओं यदि दिउसो या रात्रिमा होस् हामीले कुनै पाप गरेका छौं भने त्यसदोषबाट र अन्य सबै पापबाट वायुले हामीलाई मुक्त गरुन् ।

ॐ यदि जाग्रद्यदिस्वप्न एनाꣳसिचकृमावयम् । सूर्य्योमातस्मादेनसो विश्वान्म्मुञ्चत्वꣳ हस:

ओं यदि जागा अवस्थामा वा स्वप्न अवस्थामा भए पनि कुनै दोष गरेका भए हामीलाई त्यस किसिमको दोषबाट सूर्यले मुक्त गरुन् । अथवा मनुष्य चोलामा वा पितृ चोलामा कुनै किसिमको दोष गरेको भए सूर्यले हामीलाई छुटकारा दिऊन्।

ॐ पवित्रेस्थो व्वैष्णव्व्यौसवितुर्व: प्रसव उत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्य्यस्यरश्मिभि: ।

ओं तपाईं यज्ञसंबन्धी हौ, तपाईं सूर्यको प्रेरणाबाट सूर्यका किरणहरूद्वारा अछिद्र कपुररूपी पवित्रद्वारा जलसेचन गर्दछु । हे सेचन गरिने नित्य निम्नगामी अगाडि बढ्दै सफा गर्ने जलहरू हो तपाईंहरू चलिरहेको यज्ञलाई निर्विघ्नतापूर्वक समापन गराउनुहोस् । दक्षिणा आदि साधनद्वारा यज्ञको पुष्टि गर्ने यज्ञद्वारा देवताहरूलाई एकत्रित गरेर यज्ञका पालकलाई फलभोग गराउनुहोस् । (पवित्र राखिदिने ।)

ॐ शन्नोदेवीरभिष्टय आपो भवन्तु पीतये । संयोरभिस्रवन्तुन: ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् ! (जल राखिदिने)

ॐ यवोऽसि यवयास्मद्द्वेषो यवयाराती र्दिवेत्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा शुन्धन्तां लोका: पितृषदना पितृषदनमसि ।

ओं हे जौ तिमीले हामीसित द्वेष गर्ने शत्रु दुर्भाग्य, राग, द्वेष आदिलाई हामीबाट टाढा राख, त्यस्तै कन्जुस्याइँ र लोभ आदिलाई हामीबाट टाढा राख ,हे औदुम्बर द्युलोक अन्तरिक्ष र पृथिवीलोकको प्रीतिका लागि तिमीलाई पवित्र पार्दछु । जहाँ पितृहरू सुखपूर्वक निवास गर्दछन् त्यस्तो पितृसदन लोकको अभिमानी स्थान यो मन्त्रद्वारा जल सेचन गरेर शुद्ध होओस् ! (जौ राखिदिने)

ॐ श्रीश्चते लक्ष्मीश्चपत्न्यावहोरात्रे पाश्र्श्वेनक्षत्राणिरूपमश्शिवनौव्यात्तम् । इष्णन्निषाणामुम्मऽइषाणसर्वलोकम्मऽइषाण ।

ओं हे आदित्य, श्री (संपत्ति) र लक्ष्मी (सौन्दर्य) तपाईंका वशमा छन्, तपाईंबाट नै प्रकाश पाई चम्किएका ताराहरू अहोरात्र तपाईंका निकटमा छन्, द्युलोक र पृथिवीलोक तपाईंबाटै प्रकाशित छन् । तसर्थ इहलोक र परलोकमा सुख शान्ति प्राप्त गरी मोक्षरूपी फल प्राप्त गरुँ भनी सधैं तपाईंको प्रार्थना गर्दछु । (फूल राखिदिने)

ॐ गन्धद्वारान् दुराधर्षान्नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वयेश्रियम् ।।

बास्नाद्वारा थाहा पाइने , मुस्किलले मात्र मेटाउन सकिने, नित्य पुष्ट गराउने , सबै प्राणीका मालिक त्यस्ती लक्ष्मी स्वरूपा तिमीलाई यहाँ मेरो सम्पन्नताका लागि आवाहन गर्दछु । (चन्दन राखिदिने।)

अब अपसव्य भई पितृब्राह्मणतर्फ फर्किई सोध्ने र कर्मपात्र बनाउने ।

कर्ता - ॐ कर्मपात्रमहं रिष्ये ।
ब्राह्मण - ॐ कुरुस्व।
कर्ता - ओं म कर्मपात्र बनाऊँ ?
ब्राह्मण - ओं बनाऊ ।

अब तलको मन्त्र पढ्दै पवित्र, चन्दन आदि तोके अनुसार राख्दै पितृकर्मपात्र बनाउने ।

ॐ यद्देवा देवहेडनन्देवा
सश्च्चकृमावयम् ।
अगिनर्म्मातस्मादेनसोविश्वान्न्मुञ्च
त्वꣳहसः ।

ओं हे देदीप्यमान देवताहरू हो हामीले जुन देवता संबन्धी पाप(दोष) गरेका छौं अग्निले त्यस किसिमको दोष र सम्पूर्ण विघ्नहरूबाट छुटकारा दिऊन् ।

ॐ यदि दिवा यदि नक्तमेना ᳪसिचकृमावयम्। वायुर्म्मातस्मादेनसोविश्वान्मुञ्चत्वᳫहसः ।

ओं यदि दिउसो या रात्रिमा होस् हामीले कुनै पाप गरेका छौं भने त्यसदोषबाट र अन्य सबै पापबाट वायुले हामीलाई मुक्त गरुन् ।

ॐ यदि जाग्रद्यदिस्वप्न एना ᳪसिचकृमावयम् । सूर्य्योमातस्मादेनसो विश्वान्मुञ्चत्वᳫहसः ।

ओं यदि जागा अवस्थामा वा स्वप्न अवस्थामा भए पनि कुनै दोष गरेका भए हामीलाई त्यस किसिमको दोषबाट सूर्यले मुक्त गरुन् । अथवा मनुष्य चोलामा वा पितृ चोलामा कुनै किसिमको दोष गरेको भए सूर्यले हामीलाई छुट्कारा दिऊन्।

ॐ पवित्रेस्थो व्वैष्णव्यौसवितुर्वः प्रसव उत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्य्यस्यरश्मिभिः ।

ओं तपाईं यज्ञसंबन्धी हौ, तपाईं सूर्यको प्रेरणाबाट सूर्यका किरणहरूद्वारा अछिद्र कपुररूपी पवित्रद्वारा जलसेचन गर्दछु । हे सेचन गरिने नित्य निम्नगामी अगाडि बढ्दै सफा गर्ने जलहरू हो तपाईंहरू चलिरहेको यज्ञलाई निर्विघ्नतापूर्वक समापन गराउनुहोस् । दक्षिणा आदि साधनद्वारा यज्ञका पुष्टि गर्ने यज्ञद्वारा देवताहरूलाई एकत्रित गरेर यज्ञका पालकलाई फलभोग गराउनुहोस् । (पवित्र राखिदिने ।)

ॐ शन्नोदेवीरभिष्टय आपो भवन्तु पीतये । संयोरभिस्रवन्तुनः ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् ! (जल राखिदिने ।)

ॐ तिलोसि सोम दैवत्यो गोसवो देवनिर्मितः । प्रत्नमद्भिः पृक्तः स्वधयापितृलोकान्पृणाहि नः स्वाहा ।

ओं सोम नाम गरेका देवताले निर्मित तिमी तिल हौ, प्रकाश दिने प्राचील कालका हौ, पानीले सेचन गरिएका तिमी हाम्रा पितृहरूलाई तृप्त गराइदेऊ ! (तिल राखिदिने ।)

ॐ श्रीश्चते लक्ष्मीश्चपत्न्यावहोरात्रे पाश्र्वेनक्षत्राणिरूपमश्विनौव्व्यात्तम् । इष्णन्निषाणामुम्मऽइषाणसर्वलोकम्मऽइषाण ।

ओं हे आदित्य, श्री (संपत्ति) र लक्ष्मी (सौन्दर्य) तपाईंका वशमा छन्, तपाईंबाट नै प्रकाश पाई चम्किएका ताराहरू अहोरात्र तपाईंका निकटमा छन्, द्युलोक र

पृथिवीलोक तपाईंबाटै प्रकाशित छन् । तसर्थ इहलोक र परलोकमा सुख शान्ति प्राप्त गरी मोक्षरूपी फल प्राप्त गरुँ भनी सधैं तपाईंको प्रार्थना गर्दछु । (फूल राखिदिने ।)

ॐ गन्धद्वारान् दुराधर्षांन्नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वयेश्रियम् ।।

ओं बास्नाद्वारा थाहा पाइने, मुस्किलले मात्र मेटाउन सकिने, नित्य पुष्ट गराउने, सबै प्राणीका मालिक त्यस्ती लक्ष्मी स्वरूपा तिमीलाई यहाँ मेरो सम्पन्नताका लागि आवाहन गर्दछु । (चन्दन राखिदिने ।)

चित्रमा जस्तै सव्य भएर देवकर्मपात्रको तीन टुक्रा कुश लिएर प्रस्तुत मन्त्र पढ्दै जल सबैतिर र आफूलाई पनि छर्किने ।

ॐ अपवित्र पवित्रो वा सर्वावस्थां गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स वाह्याभ्यन्तरः शुचिः ।
ॐ पुण्डरीकाक्षः पुनातु ।



ओं शुद्ध होस् वा अशुद्धै होस् जस्तोसुकै भए पनि । भित्रबाहिर शुद्धिन्छ संझ्यो विष्णु भने पनि । ओं कमलजस्ता आँखा भएका विष्णुले पवित्र बनाऊन् !

अब सव्यमा नै कुशको टुक्रा लिएर संकल्प पढ्ने ।



हरिः ॐ तत्सत्३ ॐ विष्णु ३ ॐ अद्य..............सगोत्राणामस्म
त्पितृपितामहप्रपितामहानां..........,..........,..........शर्मणां.........सपत्नीकानांवसुरुद्रादि
त्यस्वरूपाणांपुरुरवोमाद्रवोनाम्नांविश्वेदेवपूर्वकानामद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धमेभिर्द्रव्यैरहं
करिष्ये ।)

ओं हरि भगवान नै सत्य हुन् ओं विष्णु (तीन पटक भन्ने) आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहका ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेकाहरूको श्राद्धसँग सम्बन्ध भएका विश्वेदेवदेवताहरू मध्ये पुरुरव र माद्रव नाम

भएका देवतासित संबद्ध आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्ध म यी वस्तुहरूद्वारा गर्नेछु ! (कुश भैंमा छोडिदिने ।)

अब हात जोडेर चित्रमा जस्तै निम्न पद्यहरू पढ्दै जाने ।

ॐ देवताभ्य : पितृभ्यश्च महायोगिभ्य एव च । नमः स्वाहायै स्वधायै नित्यमेव नमोनमः । त्रिः

देवता, पितृलाई औ महायोगीहरूकन, स्वाहा, स्वधा सबैलाई नित्य गर्छु प्रणाम म । (३ पटक)

(अझ पढ्दैजाने)

ॐ सप्तव्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ । चक्रवाकाः सरद्वीपे हंसाः सरसि मानसे ।।
तेऽपि जाताः कुरुक्षेत्रे ब्राह्मणा वेदपारगाः । प्रस्थिता दीर्घमध्वानं यूयं किमवसीदथ ?
ये विप्रमुख्याः कुरुजाङ्गलेषु जातास्तथा दासकुले मृगाश्च ।
कालञ्जरे सप्त च चक्रबाका ये मानसे ते वयमत्र सिद्धाः ।।
पञ्चक्रोशं गयाक्षेत्रं क्रोशमेकं गयाशिरः । यत्र यत्र स्मरेद् विद्वान् पितृणां दत्तमक्षयम् ।।
श्राद्धभूमौ गयां ध्यात्वा तथा देवं गदाधरम् । उभाभ्यां च नमस्कृत्य ततः श्राद्धं समारभेत् ।।
गयागजो गयादित्यो गायत्री च गदाधरः । गया गयासुरश्चैव षड्गया मोक्षदायकाः।।
ईशानविष्णुकमलासनकार्तिकेयवह्नित्रयार्करजनीशगणेश्वराणाम् ।
कौञ्चामरेन्द्र कलशोद्भवकश्यपानां पादान्नमामि सततं पितृमुक्तिहेतोः ।।
(ॐ गयायै नमः । ॐ गदाधराय नमः ।)

ओं सात व्याधा दशार्णैमा मृग कालञ्जरै बिसे, चखेबा सरद्वीपैमा हाँस मानस क्षेत्रमा ।
वेदपाठी भए विप्र ती सबै कुरुक्षेत्रमा, लामो बाटो हिड्यौं हामी तिमी के गर्दछौ यहाँ ?
विप्रै भएथ्यौं कुरुजाङ्गलैमा, दासै र कालञ्जरका मृगैमा ।
सातै चखेबा अनि मानसैमा, हामी भयौं सिद्ध यसै जुनीमा ।।
पाँचकोस गयाक्षेत्र टाउको एक कोसको, कव्यनाश नहोस् भन्दै संझोस् विद्वान् सबैतिर ।
श्राद्ध गर्दा गयाक्षेत्र संझिनु ती गदाधर, दुबैलाई नमन् गर्दै श्राद्ध गर्नु सुरु तब ।
गयाहात्ती गयासूर्य गायत्री र गदाधर, गयासुर गया जम्मा छ हुन् यी मुक्तिदायक ।
ब्रह्मा र विष्णु शिव स्कन्दकुमारमाहाँ, ती अग्नि तीन शशि सूर्य गणेश्वरैमा ।
कौञ्चाद्रि इन्द्र र अगस्ति र कश्यपैमा, हुन् पितृ मुक्त म त गर्छु नमन् सबैमा ।
ओं गयालाई नमस्कार ! ओं गदाधरलाई नमस्कार !

अपसव्य हुने र चित्रमा देखाए झैं हातमा तिल र मोटक लिई तलका मन्त्रले बताए अनुसार प्रत्येक दिशामा मन्त्र पढ्दै तिल मात्र खसाल्दै जाने ।

ॐ अग्निष्वात्ता: पितृगणा: प्राची रक्षन्तु मे दिशम् । अपहता असुरा रक्षा ॐ सिव्वेदिषद: ।



ओं अग्निष्वाता पितृहरूले मेरो पूर्वदिशाको रक्षा गरुन् ! यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून्, अन्यत्र जाऊन् ! (पूर्वमा तिल खसाल्ने)

ॐ बर्हिषद : पान्तु याम्यां ये पितर: स्थिता: । अपहता असुरा रक्षा ॐ सिव्वेदिषद: ।

ओं बर्हिषद पितृहरूले मेरो दक्षिणदिशा रक्षा गरुन् ! यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून्, अन्यत्र जाऊन् !(दक्षिणमा तिल खसाल्ने)

ॐ प्रतीचीमाज्यपारक्षेत् । अपहता असुरा रक्षा ॐ सिव्वेदिषद: ।

ओं आज्यपा पितृहरूले मेरो पश्चिमदिशा रक्षा गरुन् ! यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून्, अन्यत्र जाऊन् ! (पश्चिममा तिल खसाल्ने ।)

ॐ उदीचीमपि सोमपा: पान्तु । अपहता असुरा रक्षा ॐसिव्वेदिषद: ।

ओं सोमपा पितृहरूले मेरो उत्तरदिशा रक्षा गरुन् ! यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून्, अन्यत्र जाऊन् ! (उत्तरमा तिल खसाल्ने ।)

ॐ ऊर्ध्वतस्त्वर्यमा रक्षेत् कव्यवाडनलोऽप्यध:रक्षाभूतपिशाचेभ्यस्तथैवासुरदोषत: ।।
सर्वतश्चाधिपस्तषां यमो रक्षां करोतु मे ।।

ओं उँभो रक्षा गरुन् सूर्य, कव्यवाडाग्निले तल । रक्ष भूत पिशाचै र यस्तै असुरको भय,
सबैतर्फ गरुन् मेरो रक्षा श्री यमले अब ।

अब यो पद्य पढेर चित्रमाझैं मोटक आफ्नो कम्मरको बायाँ भागमा घुसार्ने ।

ॐ निहन्मि सर्वं यदमेध्यवद्भवेद्धताश्च सर्वेऽसुरदानवा मया ।
रक्षांसि यक्षाः सपिशाचगुह्यका हता मया यातुधानाश्च सर्वे ।।

ओं मार्छु सबै जो उपयुक्त छैनन्, मरे सबै दानव दैत्य जो छन् ।
पिशाच यक्षै अनि रक्ष गुह्यक, मबाट ती राक्षस मारिए सब ।।

अब चित्रमा देखाए जस्तै गरी तलको पद्य पढ्दै तिलसहित कुशको तीन टुका दक्षिणतिर फालिदिने ।

ॐ प्रयान्तु दूरतः सर्वे दैत्येया दानवास्तथा ।
सर्वविघ्नोपशान्त्यर्थं क्षिपामि च कुशाँस्तिलान् ।।



ओं टाढा होऊन् यहाँबाट सबै ती दैत्यदान, विघ्न होस् शान्त भन्दै म खसाल्छु कुश औ तिल ।

अब सव्य भएर विष्णुलाई संझिने र चित्रमा जस्तै हात जोडेर प्रस्तुत पद्य पढ्ने ।

ॐ नमो नमस्ते गोविन्द पुराणपुरुषोत्तम ।
इदं श्राद्धं हृषीकेश रक्षतां सर्वतो दिशः ।।

ओं हे गोविन्द ! नमस्कार पुराणपुररुषोत्तम, हृषिकेश सबैतर्फ श्राद्धरक्षा गरे अब !

अब कुशको टुका हातमा लिई चित्रमा देखाएझैं विश्वदेव ब्राह्मणतर्फ फर्किएर तलको संकल्प पढ्ने

ॐ अद्येत्यादि .... सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां............, ..., ... शर्मणां...........सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणां श्राद्धसम्बन्धिनां विश्वेषां देवानां पुरुरवोमाद्रवोनाम्नामद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे इदं कौशमासनं वः स्वाहा ।

ओं आजका दिन ....सगोत्रका मेरा पिता, पितामह र प्रपितामहका ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा श्राद्धसँग सम्बद्ध भएका विश्वेदेवदेवताहरू मध्ये पुरुरव र माद्रव नाम भएका देवताहरूका लागि यो स्वाहारूपी कुशको आसन प्रदान गर्दछु ! (कुश ब्राह्मणलाई राखिदिने)

दक्षिण फर्किएर अपसव्य भएर चित्रमा जस्तै गरी तीनवटा मोटक हातमा लिएर तलको संकल्प पढ्ने ।



ॐ अद्येत्यादि .... सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां.............

शर्मणां...........सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणामद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे इदं मोटकरूपमासनं त्रेधा विभज्य युष्मभ्यं स्वधा ।

ओं आजका दिन ....सगोत्रका मेरा पिता, पितामह र प्रपितामहका ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा यो स्वधारूपी मोटकको आसन तीनभागमा बाँडेर तपाईलाई प्रदान गर्दछु ! (ब्राह्मणलाई राखिदिने ।)

अब चित्रमा जस्तै पश्चिम फर्किने र सव्य भई जौ लिएर हात जोडी तलको संकल्प पढ्ने र तलको मन्त्रहरू पनि पढ्ने)

ॐ अद्येत्यादि .... सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां ...., ...,........... शर्मणां .... सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणां श्राद्धसम्बन्धिनो विश्वान् देवान् पुरुरवोमाद्रवोनाम्न: अद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे आवाहयिष्ये ।

कर्ता - ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहका ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को श्राद्धसँग सम्बद्ध भएका विश्वेदेवदेवताहरूमध्ये पुरुरव र माद्रव नाम भएका देवताहरूलाई आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा आवाहन गर्दछु !

ब्राह्मण - (ॐ आवाहय ।) बोलाऊ !

ॐ विश्वेदेवासऽआगत श्रृणु तामऽइमꣳहवम् । एवं वर्हिर्निषीदत ।

ओं हे विश्वेदेव देवताहरू हो, तपाईहरू हाम्रो यज्ञप्रति आउनुहोस्, हाम्रो बोलावटलाई सुन्नुहोस् र यज्ञमा ओछ्याइएको कुशरूपी आशनमाथि बस्नुहोस् ।

ॐ विश्वेदेवा: श्रृणुतेम ꣳ हवम् मे येऽअन्तरिक्षेयऽउपद्यविष्ठ । येऽअग्निजिह्वाऽउतवायजत्रा आसद्यास्मिन् बर्हिषीमादयध्वम्

हे विश्वेदेव देवताहरू हो अन्तरिक्षमा रहने द्युलोकमा रहने, अग्निजिह्वामा रहने अर्थात् पृथिवीलोकमा रही अग्निमुखले बाच्ने हे समस्त देवताहरू हो हाम्रो बोलावटलाई सुन्नुहोस् र हाम्रो यज्ञमा राखिएको आशनमा बसेर प्रदान गरिएको हविबाट अघाउनुहोस्, हे भूलोक, भुवर्लोक र स्वर्गलोकमा रहेका ब्रह्मा आदि गरिएका देवताहरू हो, यहाँ आउनुहोस् ,बस्नुहोस् र जल ग्रहण गर्नुहोस् ।

ॐ आगच्छन्तु महाभागा विश्वेदेवा महाबला: । ये अत्र विहिता: श्राद्धे सावधाना भवन्तु ते ।।

ओं विश्वेदेव सबै आऊन् श्राद्धभागी सशक्त ती, श्राद्धमा जो भएका छन् सतर्क रहनू तिनी ।

अब अपसव्य भई तिल लिई हात जोडेर तलको संकल्प पढेर पितृलाई आवाहन गर्ने ।

ॐ अद्य .... सगोत्रान्अस्मत्पितृपितामहप्रपितामहान्............, ...,............. शर्मा............ सपत्नीकान्वसुरुद्रादित्यस्वरूपानद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे आवाहयिष्ये ।)

कर्ता : ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामह ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेकालाई आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा आवाहन गर्दछु !

ब्राह्मण : (ॐआवाहय ।) बोलाऊ !

अब अपसव्यमा नै चित्रमा जस्तै तलको मन्त्र पढेर पितृब्राह्मणलाई आवाहन गर्ने ।

कर्ता: ॐ उशन्तस्त्वा निधिमह्युशन्त: समिधीमहि । उशन्नुशत ऽआवह पितृन् हविषे ऽअत्तवे ।



ओं हे अग्नि ! कामना राख्ने भएका हामीहरू तपाईलाई अग्निकुण्डमा स्थापना गर्दछौं र प्रज्वलित गर्दछौं । तपाई पनि कामनाका साथ स्वधाको कामना गर्ने भएका पितृहरूलाई स्वधारूपी कव्य खान यज्ञमा ल्याउनुहोस् !

अब तलको मन्त्र पढेर सबैतिर तिल छर्ने

कर्ता : ॐ अपहता असुरा रक्षा ᳪ सिव्वेदिषद: ।

ओं यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून् , अन्यत्र जाऊन् !

अब चित्रमा जस्तै हात जोडेर प्रस्तुत मन्त्र पढ्ने ।

ॐ आयन्तुन: पितर: सोभ्यसोग्निष्वात्ता: पथिभिर्देवयानै: । अस्मिन् यज्ञे स्वधया मदन्तोधिब्रुवन्तु तेवन्त्वस्मान् ।

ओं सोमपान गर्न लायक श्रौत स्मार्त अनुष्ठानद्वारा तृप्त हुने अग्निष्वतादि हाम्रा पितृहरू देवताहरूसँगै चल्ने बाटोबाट हाम्रो यज्ञमा आऊन् ,स्वधाबाट तृप्त होऊन् र हामीलाई सन्तति तथा धनसंपत्ति प्रदान गर्दै पालन गरुन् !

अब पश्चिम फर्किएर सव्य भई विश्वेदेव ब्राह्मणलाई सोध्ने ।

कर्ता - ॐ हस्तार्घपात्रमहं करिष्ये ?
ब्राह्मण - ॐ कुरुष्व ।
कर्ता - ओं हस्तर्घपात्र बनाऊँ ?
ब्राह्मण - ओं बनाऊ !

अब ब्राह्मणको अगाडि एउटा दुनो वा पात्र राख्ने र तलका मन्त्र पढ्दै भने अनुसार राख्दै जाने ।

ॐ पवित्रेस्थो व्वैष्णव्व्यौसवितुर्व: प्रसव उत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्य्यस्य रश्मिभि: ।



ओं तपाईं यज्ञसंबन्धी हौ, तपाईं सूर्यको प्रेरणाबाट सूर्यका किरणहरूद्वारा अछिद्र कपुररूपी पवित्रद्वारा जलसेचन गर्दछु । हे सेचन गरिने नित्य निम्नगामी अगाडि बढ्दै सफा गर्ने जलहरू हो तपाईंहरू चलिरहेको यज्ञलाई निर्विघ्नतापूर्वक समापन गराउनुहोस् । दक्षिणा आदि साधनद्वारा यज्ञका पुष्टि गर्ने यज्ञद्वारा देवताहरूलाई एकत्रित गरेर यज्ञका पालकलाई फलभोग गराउनुहोस् । (पवित्र राखिदिने)

ॐ शन्नो देवीरभिष्टय आपो भवन्तु पीतये । संयोरभिस्रवन्तुन: ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् ! (जल राखिदिने) .

ॐ यवोऽसि यवयास्मद्देषा यवयाराती र्दिवेत्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा शुन्धन्तां लोका: पितृषदना पितृषदनमसि ।

ओं हे जौ तिमीले हामीसित द्वेष गर्ने शत्रु दुर्भाग्य, राग, द्वेष आदिलाई हामीबाट टाढा राख, त्यस्तै कन्जुस्याइँ र लोभ आदिलाई हामीबाट टाढा राख, हे औदुम्बर द्युलोक अन्तरिक्ष र पृथिवीलोकको प्रीतिका लागि तिमीलाई पवित्र पार्दछु । जहाँ पितृहरू सुखपूर्वक निवास गर्दछन् त्यस्तो पितृसदन लोकको अभिमानी स्थान यो मन्त्रद्वारा जल सेचन गरेर शुद्ध होओस् ! (जौ राखिदिने)

ॐ श्रीश्चते लक्ष्मीश्चपत्न्यावहोरात्रे पाश्श्र्वेनक्षत्राणिरूपमश्श्विनौव्यात्तम् ।
इष्णन्निषाणामुम्मऽइषाणसर्वलोकम्मऽइषाण ।

ओं हे आदित्य, श्री (संपत्ति) र लक्ष्मी (सौन्दर्य) तपाईंका वशमा छन्, तपाईंबाट नै प्रकाश पाई चम्किएका ताराहरू अहोरात्र तपाईंका निकटमा छन्, द्युलोक र पृथिवीलोक तपाईंबाटै प्रकाशित छ । तसर्थ इहलोक र परलोकमा सुख शान्ति प्राप्त गरी मोक्षरूपी फल प्राप्त गरुँ भनी सधैं तपाईंको प्रार्थना गर्दछु । (फूल राखिदिने)

ॐ गन्धद्वारान् दुराधर्षांन्नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वयेश्रियम् ।।

बास्नाद्वारा थाहा पाइने, मुस्किलले मात्र मेटाउन सकिने, नित्य पुष्ट गराउने, सबै प्राणीका मालिक त्यस्ती लक्ष्मी स्वरूपा तिमीलाई यहाँ मेरो सम्पन्नताका लागि आवाहन गर्दछु । (चन्दन राखिदिने)

अब चित्रमा जस्तै गरी विश्वेदेव ब्राह्मणसँग वार्ता गर्ने

कर्ता - ॐ हस्तार्घपात्रं सम्पन्नम् ?
ब्राह्मण - ॐ सुसम्पन्नम् ।
कर्ता- ॐ हस्तर्घपात्रमुत्थापयामि ?
ब्राह्मण - ॐ उत्थापयस्व !



कर्ता - ओं हस्तार्घपात्र बन्यो ? ब्राह्मण - ओं बन्यो ।

कर्ता -ओं हस्तर्घपात्र उठाऊँ ? ब्राह्मण- ओं उठाऊ !

अब (ॐ नमो नारायणाय ।) ओं नारायणलाई नमस्कार भन्दै पात्रको फूल पवित्र झिकी घुमाएर ब्राह्मणको हातमा राखिदिने र चित्रमा देखाए झैं बायाँ हातमा हस्तार्घपात्र लिएर दाहिने हात घोप्टो पारेर त्यस पात्र माथि राखी तलको मन्त्र पढ्नू ।

ॐ या दिव्याऽआपः पयसासम्बभूवुर्याऽअन्तरिक्षाऽउत पार्थवीर्याः । हिरण्यवर्णा यज्ञियास्तानऽआपः शिवाः शꣳ स्योनासुहवा भवन्तु ।

ओं जो दीव्य पानीहरू दूधका साथ उत्पन्न भएका, जो अन्तरिक्षमा पनि छन्, पृथिवीमा पनि छन्, सुनौलो वर्ण भएका सुवर्ण प्राप्त गराइदिने, सबै संसारमा संमान गरिने त्यस्ता पानी हामीलाई औषधिका रूपमा प्राप्त होऊन् !

अब चित्रमा जस्तै बायाँ हातमा दुनामा पानी र दायाँ हातमा कुश लिएर तलको संकल्प पढ्ने



ॐअद्येह..............सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां..........,..........,............शर्मणां ....सपत्नीकानां वसुरुद्रादित्यस्वरूपाणां श्राद्धसम्बन्धिनां विश्वेदेवा: पुरुरवो माद्रवो नामान: अद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे एष हस्तार्घो व: स्वाहा ।

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहका ...., ..., ...नाम भएका पत्नीसहितका वसु , रुद्र र आदित्य स्वरूपले रहेका को श्राद्धसँग सम्बद्ध भएका विश्वेदेवदेवताहरू मध्ये हे पुरुरव र माद्रव नाम भएका देवताहरू हो ! आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा स्वाहारूपी यो हातमा दिने अर्घ तपाईलाई प्रदान गर्दछु ! (अलिकति जल ब्राह्मणको हातमा राखिदिने ।)

अब त्यो दुनो भुइँमा राखेर दुनाको पानी साइली र बूढी औंलाले तलको मन्त्र पढ्दै आँखामा लगाउने ।

ॐ तच्चक्षुर्देवहितंपुरस्ताच्छुक्रमुच्चरत् । पश्येमशरद:शतं जीवेम शरद: शत ६ श्रृणुयाम शरद: शतं प्रब्रवाम शद: शतमदीना: स्यामशरद: शतं भूयश्च शरद: शतात् ।

ओं संपूर्ण जगतका आँखारूप भएका, देवताहरुद्धारा स्थापित, सबैको कल्याण गर्ने सूर्य पूर्वबाट उदाउँछन् । उनका आशीर्वादले सयवर्षसम्म देख्न सकौं, सयवर्षसम्म बाँचौं, सयवर्षसम्म सुन्न सकौं, सयवर्षसम्म बोल्न सकौं, सयवर्षसम्म सम्पन्न बनौं ! त्यस्तै अरु अगाडि पनि धेरै समयसम्म यस्तै भइरहूँ !

अब ब्राह्मणको हातको फूलपवित्र झिकेर त्यही दुनामा राख्ने र दुनालाई फूल पवित्र सहित (यो स्थान विश्वेदेवहरूको हो ।) यो वचन पढ्दै चित्रमा देखाएझैं विश्वेदेव ब्राह्मणको दायाँतर्फ उत्तानो पारेर राखिदिने)



चित्रमा जस्तै अपसव्य भएर हात जोडी पितृब्राह्मणलाई सोध्ने

कर्ता - ॐ हस्तार्घपात्रमहं करिष्ये ।
ब्राह्मण - ॐ कुरुष्व ।
कर्ता - ओं हस्तर्घपात्र बनाऊँ ?
ब्राह्मण - ओं बनाऊ !

अब चित्रमा देखाएझैं तीनवटा दुनाहरू राख्ने र सबैमा अलग-अलग तलका मन्त्र पढ्दै (३-३ पटक) बताएको चिज राख्दै जाने ।

ॐ पवित्रेस्थो व्वैष्णव्व्यौसवितुर्व: प्रसव उत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्य्यस यरश्मिभि: ।



ओं तपाईं यज्ञसंबन्धी हौ, तपाईं सूर्यको प्रेरणाबाट सूर्यका किरणहरूद्वारा अछिद्र कपुररूपी पवित्रद्वारा जलसेचन गर्दछु । हे सेचन गरिने नित्य निम्नगामी अगाडि बढ्दै सफा गर्ने जलहरू हो तपाईंहरू चलिरहेको यज्ञलाई निर्विघ्नतापूर्वक समापन गराउनुहोस् । दक्षिणा आदि साधनद्वारा यज्ञका पुष्टि गर्ने यज्ञद्वारा देवताहरूलाई एकत्रित गरेर यज्ञका पालक यजमानलाई फलभोग गराउनुहोस् । (पवित्र राखिदिने ।)

ॐ शन्नोदेवीरभिष्टय आपो भवन्तु पीतये । संयोरभिस्रवन्तुन: ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् ! (जल राखिदिने ।)

ॐ तिलोसि सोम दैवत्यो गोसवो देवनिर्मितः । प्रत्नमद्भिः पृक्तः स्वधयापितृलोकान्पृणाहि नः स्वाहा ।

ओं सोम नाम गरेका देवताले निर्मित तिमी तिल हौ, प्रकाश दिने प्राचील कालका हौ, पानीले सेचन गरिएका तिमी हाम्रा पितृहरूलाई तृप्त गराइदेऊ ! (तिल राखिदिने)

ॐ श्रीश्चते लक्ष्मीश्चपत्न्यावहोरात्रे पाश्र्श्वेनक्षत्राणिरूपमश्शिवनौव्यात्तम् ।
इष्णन्निषाणामुम्मऽइषाणसर्वलोकम्मऽइषाण ।

ओं हे आदित्य, श्री (संपत्ति)र लक्ष्मी (सौन्दर्य) तपाईंका वशमा छन्, तपाईंबाट नै प्रकाश पाई चम्किएका ताराहरू अहोरात्र तपाईंका निकटमा छन्, द्युलोक र पृथिवीलोक तपाईंबाटै प्रकाशित छ । तसर्थ इहलोक र परलोकमा सुख शान्ति प्राप्त गरी मोक्षरूपी फल प्राप्त गरुँ भनी सधैं तपाईंको प्रार्थना गर्दछु । (फूल राखिदिने ।)

ॐ गन्धद्वारान् दुराधर्षान्नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वयेश्रियम् ।।

बास्नाद्वारा थाहा पाइने, मुस्किलले मात्र मेटाउन सकिने , नित्य पुष्ट गराउने , सबै प्राणीका मालिक त्यस्ती लक्ष्मी स्वरूपा तिमीलाई यहाँ मेरो सम्पन्नताका लागि आवाहन गर्दछु । (चन्दन राखिदिने)

अब अपसव्यमा नै चित्रमा जस्तै गरी हात जोडेर पितृब्राह्मणसित वार्ता गर्ने ।)

कर्ता - ॐ हस्तार्घपात्राणि सम्पन्नानि ?
ब्राह्मण - ॐ सम्पन्नानि ।
कर्ता - ॐ हस्ताघर्घपात्रमुत्थापयामि ।
ब्राह्मण - ॐ उत्थापयस्व

कर्ता - ओं हस्तार्घपात्रहरू बने ?
ब्राह्मण - ओं बने ।
कर्ता - ओं हस्तार्घपात्र उठाऊँ ?
ब्राह्मण - ओं उठाऊ !

अब चित्रमा देखाएझैं गरेर १ नं को दुनो बायाँ हातमा लिने र (ओं नारायणलाई नमस्कार) भनी फूल पवित्र ब्राह्मणलाई राखिदिने र दायाँ हात उत्तानो पारेर दुनाको पानी ढाकी तलको मन्त्र पढ्ने ।)



ॐ या दिव्याऽआप: पयसासम्बभूवुर्याऽअन्तरिक्षाऽउत पार्थवीर्या: ।
हिरण्यवर्णां यज्ञियास्तानऽआप: शिवा: श ६ स्योनासुहवा भवन्तु ।

ओं जो दीव्य पानीहरू दूधका साथ उत्पन्न भएका, जो अन्तरिक्षमा पनि छन्, पृथिवीमा पनि छन्, सुनौलो वर्ण भएका सुवर्ण प्राप्त गराइदिने, सबै संसारमा संमान गरिने त्यस्ता पानी हामीलाई औषधिका रूपमा प्राप्त होऊन् !

अब तिल, जल र मोटक हातमा लिएर पढ्ने ।

ॐ अद्येह ....
सगोत्रास्मत्पित:..........शर्मन्
सपत्नीकवसुस्वरूपाद्यकर्तव्यसांवत
सरिकैकपार्वणश्राद्धे एष हस्तार्घस्ते
स्वधा ।



ओं आजका दिन हे...........सगोत्र , मेरा पिता ! ....नाम पत्नीसहित वसुस्वरूप आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा यो हातमा दिइने स्वधारूपी अर्घ तपाईंलाई प्रदान गर्दछु ! (मोटक ब्राह्मणलाई दिने र अलिकति जल पनि हातमा राखिदिने)

अब त्यो दुनो भुइँमा राखी २ नं को दुनो बायाँ हातमा लिने र (ॐ नमो नारायणाय) (ओं नारायणलाई नमस्कार) भनी फूल पवित्र ब्राह्मणलाई राखिदिने र दायाँ हात घोप्टो पारेर दुनाको पानी ढाकी तलको मन्त्र पढ्ने ।

ॐ या दिव्याऽआप: पयसासम्बभूवुर्याऽअन्तरिक्षाऽउत पार्थवीर्या: ।
हिरण्यवर्णा यज्ञियास्तानऽआप: शिवा: श ६ स्योनासुहवा भवन्तु ।।

ओं जो दीव्य पानीहरू दूधका साथ उत्पन्न भएका, जो अन्तरिक्षमा पनि छन्, पृथिवीमा पनि छन्, सुनौलो वर्ण भएका सुवर्ण प्राप्त गराइदिने, सबै संसारमा संमान गरिने त्यस्ता पानी हामीलाई औषधिका रूपमा प्राप्त होऊन् !

अब तिल, जल र मोटक हातमा लिएर पढ्ने ।

ॐ अद्येह ...... सगोत्रास्मत्पितामह ....शर्मन्........सपत्नीकरुद्रस्वरूपा द्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे एष हस्तार्घस्ते स्वधा ।

ओं आजका दिन हे............सगोत्र, मेरा पितामह !............नाम पत्नीसहित रुद्रस्वरूप ! आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा यो हातमा दिइने स्वधारूपी अर्घ तपाईंलाई प्रदान गर्दछु ! (मोटक ब्राह्मणलाई दिने र अलिकति जल पनि हातमा राखिदिने ।

अब त्यो दुनो भुइँमा राखी ३ नं को दुनो बायाँ हातमा लिने र (ॐ नमो नारायणाय) (ओं नारायणलाई नमस्कार) भनी फूल पवित्र ब्राह्मणलाई राखिदिने र दायाँ हात घोप्टो पारेर दुनाको पानी ढाकी तलको मन्त्र पढ्ने

ॐ या दिव्याऽआप: पयसासम्बभूवुर्याऽअन्तरिक्षाऽउत पार्थवीर्या: ।
हिरण्यवर्णा यज्ञियास्तानऽआप: शिवा: श ६ स्योनासुहवा भवन्तु ।।

ओं जो दीव्य पानीहरू दूधका साथ उत्पन्न भएका, जो अन्तरिक्षमा पनि छन्, पृथिवीमा पनि छन्, सुनौलो वर्ण भएका सुवर्ण प्राप्त गराइदिने, सबै संसारमा संमान गरिने त्यस्ता पानी हामीलाई औषधिका रूपमा प्राप्त होऊन् !

अब तिल, जल र मोटक हातमा लिएर पढ्ने ।

ॐअद्येह.................................
सगोत्रास्मत्प्रपितामह.........................
.... शर्मन्
.... सपत्नीक
आदित्यस्वरूपाद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे एष हस्तार्घस्ते स्वधा ।)



ओं आजका दिन हे............सगोत्र, मेरा प्रपितामह ! ....नाम पत्नीसहित आदित्यस्वरूप ! आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा यो हातमा दिइने स्वधारूपी अर्घ तपाईंलाई प्रदान गर्दछु ! (मोटक ब्राह्मणलाई दिने र अलिकति जल पनि हातमा राखिदिने)

(अब दुनो नं ३ को पानी दुनो नं २ मा र फेरि त्यो सबै दुनो नं १मा राख्ने अनि नं ३ दुनो तल राख्ने त्यसमाथि नं २ राख्ने र सबैभन्दा माथि नं १ दुनो राख्ने । सव्य हुने र चित्रमा देखाएझैं तलको मन्त्र पढेर दुनाको पानी साइली र बूढी औंलाले आँखामा लगाउने ।)



ॐ तच्चक्षुर्देवहितंपुरस्ताच्छुक्रमुच्चरत् । पश्येमशरदःशतं जीवेम शरदः शत ६ श्रृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्यामशरदः शतं भूयश्च शरदः शतात् ।

ओं संपूर्ण जगतका आँखारूप भएका, देवताहरूद्वारा स्थापित, सबैको कल्याण गर्ने सूर्य पूर्वबाट उदाउँछन् । उनका आशीर्वादले सयवर्षसम्म देख्न सकौं, सयवर्षसम्म बाँचौं, सयवर्षसम्म सुन्न सकौं, सयवर्षसम्म बोल्न सकौं, सयवर्षसम्म सम्पन्न बनौं ! त्यस्तै अरु अगाडि पनि धेरै समयसम्म यस्तै भइरहूँ !

अब अपसव्य हुने र चित्रमा देखाए झैं ब्राह्मणलाई चढाएको फूलपवित्र आदि ब्राह्मणको अगाडि रहेका दुनामा नै राखिदिने र तीनवटा दुनाको समूहलाई ब्राह्मणको बायाँतर्फ (ॐ पितृभ्यः स्थानमसि ।) ओं यो पितृहरूको स्थान हो भनी



घोप्ट्याइदिने र दोस्रो चित्रमा जस्तै त्यसमाथि तीनवटा कुशका टुका राखिदिने ।



सव्य हुने र विश्वेदेव ब्राह्मणलाई सोध्ने ।

कर्ता - ॐ अर्चयिष्ये ।
ब्राह्मण - ॐ अर्चय ।
कर्ता - पूजा गरौं ?
ब्राह्मण - गर ।

अब चन्दन, फूल अक्षताले ब्राह्मणलाई पूजा गरेर जनै, पान, कपडा र दक्षिणा दिने अनि बत्ती बाल्ने र धूप पनि सुँघाइदिने ।



अब कुशका टुका हातमा लिएर तलको संकल्प पढ्ने ।

ॐ अद्य .... सगोत्राणां अस्मत्पितृपितामहप्रपितामहानां..............., ..., ..., शर्मणां.............. सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणां श्राद्धसम्बन्धिनो विश्वेदेवाः पुरुरवोआर्द्रवो संज्ञकाः एतान्यर्चनानि अत्र गन्धपुष्पाक्षतधूपदीपनैवेद्य ताम्बूलयज्ञोपवीतवासांसि वः स्वाहा ।

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहका............, ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को श्राद्धसँग सम्बद्ध भएका हे पुरुरव र माद्रव नाम भएका देवताहरू हो ! यस पूजा अन्तर्गतका स्वाहारूपी चन्दन, फूल, अक्षता, पान, जनै, वस्त्र, धूप, दीप र दक्षिणा द्रव्य तपाईंलाई अर्पण गर्दछु । (कुश छोडिदिने)

अब अपसव्य भएर पितृब्राह्मणलाई सोध्ने ।

कर्ता - ॐ अर्चयिष्ये ।
ब्राह्मण - ॐ अर्चय ।
कर्ता - पूजा गरौं ?
ब्राह्मण- गर ।



अब चन्दन, फूल अक्षताले पितृब्राह्मणलाई पूजा गरेर जनै, पान, कपडा र दक्षिणा दिने अनि बत्ती बाल्ने र धूप पनि सुँघाइदिने ।



चित्रमा देखाएझैं तीनवटा मोटक लिएर तलको संकल्प पढ्ने ।

ॐ अद्य..........सगोत्राः अस्मत्पितृपितामहप्रपितामहाः..........., ..., ...
शर्माणः................सपत्नीकाः वसुरुद्रादित्य स्वरूपाः, एतान्यर्चनानि अत्र गन्धपुष्पाक्षत धूपदीपनैवेद्यताम्बूल यज्ञोपवीतवासांसि त्रेधा विभज्य युष्मभ्यं स्वधा ।

(ओं आजका दिन हे........... सगोत्र हे मेरा पिता, पितामह र प्रपितामहरू हे ...., ..., ...नाम भएकाहरू ! पत्नीसहित वसु, रुद्र र

घोप्ट्याइदिने र दोस्रो चित्रमा जस्तै त्यसमाथि तीनवटा कुशका टुक्रा राखिदिने ।



सव्य हुने र विश्वेदेव ब्राह्मणलाई सोध्ने ।

कर्ता - ॐ अर्चयिष्ये ।
ब्राह्मण - ॐ अर्चय ।
कर्ता - पूजा गरौं ?
ब्राह्मण - गर ।

अब चन्दन, फूल अक्षताले ब्राह्मणलाई पूजा गरेर जनै, पान, कपडा र दक्षिणा दिने अनि बत्ती बाल्ने र धूप पनि सुँघाइदिने ।

अब कुशका टुक्रा हातमा लिएर तलको संकल्प पढ्ने ।

ॐ अद्य .... सगोत्राणां अस्मत्पितृपितामहप्रपितामहानां..............., ..., ..., शर्मणां............. सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणां श्राद्धसम्बन्धिनो विश्वेदेवाः पुरुरवोमाद्रवो नामानः एतान्यर्चनानि अत्र गन्धपुष्पाक्षतधूपदीपनैवेद्य तामम्बूलयज्ञोपवीतवासांसि वः स्वाहा ।

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहका..........., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को श्राद्धसँग सम्बद्ध भएका हे पुरुरव र माद्रव नाम भएका देवताहरू हो ! यस पूजा अन्तर्गतका स्वाहारूपी चन्दन, फूल, अक्षता, पान, जनै, वस्त्र, धूप, दीप र दक्षिणा द्रव्य तपाईंलाई अर्पण गर्दछु । (कुश छोडिदिने)

अब अपसव्य भएर पितृब्राह्मणलाई सोध्ने ।

कर्ता - ॐ अर्चयिष्ये ।
ब्राह्मण - ॐ अर्चय ।
कर्ता - पूजा गरौं ?
ब्राह्मण- गर ।



अब चन्दन, फूल अक्षताले पितृब्राह्मणलाई पूजा गरेर जनै, पान, कपडा र दक्षिणा दिने अनि बत्ती बाल्ने र धूप पनि सुँघाइदिने ।



चित्रमा देखाएझैं तीनवटा मोटक लिएर तलको संकल्प पढ्ने ।

ॐ अद्य..........सगोत्राः अस्मत्पितृपितामहप्रपितामहाः..........., ..., ... शर्माणः................सपत्नीकाः वसुरुद्रादित्य स्वरूपाः, एतान्यर्चनानि अत्र गन्धपुष्पाक्षत धूपदीपनैवेद्यताम्बूल यज्ञोपवीतवासांसि त्रेधा विभज्य युष्मभ्यं स्वधा ।

(ओं आजका दिन हे........... सगोत्र हे मेरा पिता, पितामह र प्रपितामहरू हे ...., ..., ...नाम भएकाहरू ! पत्नीसहित वसु, रुद्र र

आदित्य स्वरूप भएकाहरू हो ! यस पूजा अन्तर्गतका स्वधारूपी चन्दन, फूल, अक्षता, पान, जनै, वस्त्र, धूप, दीप र दक्षिणा द्रव्यहरू तीन भागमा बाँडेर तपाईहरूलाई अर्पण गर्दछु । (मोटक राखिदिने)

सव्य भएर चित्रमा जस्तै विश्वेदेव ब्राह्मणतर्फ फर्किएर ।

कर्ता - ॐ अर्चनविधेः सर्वं परिपूर्णमस्तु ।

ब्राह्मण - ॐ अस्तु ।

कर्ता - पूजाको सबै विधि पूर्ण होओस् ! (ब्राह्मणको हातमा जल राखिदिने ।)

ब्राह्मण - होओस् !

अब चित्रमा देखाएभैं सव्य भएर विश्वेदेव ब्राह्मणको अगाडि तलको मन्त्र पढ्दै जलको वा खरानीको चारकुना भएको घेरा पार्दै भोजन राख्ने स्थान बनाउने ।



ॐ यथाचक्रायुधो विष्णुस्त्रैलोक्यं परिरक्षति । एवं मण्डलभष्मैतत्सर्वभूतानि रक्षतु ।

जस्तै संसारको रक्षा चक्री ती विष्णु गर्दछन्, त्यस्तै यो स्थानको रक्षा भष्मले नै गरोस् अब ।।

अब अपसव्य भएर पितृब्राह्मणतर्फ फर्किएर वार्ता गर्ने ।

कर्ता - ॐ अर्चनविधेः सर्वं परिपूर्णमस्तु ।

ब्राह्मण - ॐ अस्तु ।

कर्ता - पूजाको सबै विधि पूर्ण होओस् ! (ब्राह्मणको हातमा जल राखिदिने ।)

ब्राह्मण - होओस् !

पितृब्राह्मणको अगाडि पनि तलको मन्त्र पढ्दै जलको वा खरानीको चारकुना भएको घेरा पार्दै भोजन राख्ने स्थान बनाउने ।

ॐ यथा चक्रायुधो
विष्णुस्त्रैलोक्यं परिरक्षति ।
एवं मण्डलभष्मैतत्सर्वभूतानि
रक्षतु ।



जस्तै संसारको रक्षा चक्री ती विष्णु गर्दछन् ,त्यस्तै यो स्थानको रक्षा भष्मले नै गरोस् अब ।

अब ब्राह्मणको अगाडि एउटा दुनामा घिउमा मुछेको चामल तयार पार्ने र दक्षिण फर्किएर चित्रमा जस्तै बायाँ घुँडो तेर्स्याएर पितृब्राह्मणलाई सोध्ने ।

कर्ता - ॐ अग्नौकरणमहं करिष्ये
ब्राह्मण - ॐ कुरुस्व
कर्ता - ओं अग्निमा होम गरौं ?
ब्राह्मण - गर !



अब सो घिउमा मुछेको चामल पितृब्राह्मणको हातमा वा जलमा तलको मन्त्र पढ्दै दुई पटक हवन गर्ने ।

ॐ अग्नये कव्यवाहनाय
स्वाहा इदं अग्नये
कव्यवाहनाय ।
ॐ सोमाय पितृमते स्वाहा
इदं सोमाय पितृमते ।



ओं कव्यवाहन अग्निलाई स्वाहाकार छ ! ओं पितृमान् सोमलाई स्वाहाकार छ !

अब होम गरेर बाँकी रहेको अन्न चित्रमा भैं सव्य भई विश्वेदेव ब्राह्मणको भाँडोमा राखिदिने र अपसव्य भई पितृब्राह्मणको भाँडोमा राखिदिने ।

अपसव्यमा नै ब्राह्मण भोजनको लागि तिल, घिउ, महसहितको एक भाग अन्न चित्रमा देखाएझैं राखी हातमा जल र मोटक लिएर तलको संकल्प पढी अर्पण गरिदिने ।



ॐ इदमन्नं सजलमेतद्भूस्वामिपितृभ्यो नमः ।

ओं यो जलसहितको अन्न यस जमिनका मालिकका पितृलाई अर्पण गर्दछु । (मोटक छोडिदिने त्यो अन्न अलि पर सारिदिने ।)

सव्य हुने र विश्वेदेव ब्राह्मणतर्फ फर्किएर भोजनका लागि जौ र जलले युक्त संपूर्ण खाने कुरा राखिदिने र दुबै हातले अन्नपात्रलाई चित्रमा देखाएझैं ढाकेर तलको मन्त्र पढ्ने ।

ॐ पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्यमुखेऽ अमृतेऽअमृतं जुहोमि स्वाहा ।

ओं हे ब्राह्मण पृथिवी तपाईंको स्थान हो, द्युलोक तपाईंको आवरण हो । ब्राह्मणको अमृतमय मुखमा स्वहास्वरूप अन्नरूपी अमृत हवन गर्दछु ।

ॐ इदं व्विष्णुर्विचक्रमेत्रेधानिदधेपदम् । समूढमस्यपा ᳪ सुरे स्वाहा । ॐ विष्णवे नमः । कृष्ण कव्यमिदं रक्ष मदीयम् ।

ओं त्रिविक्रम अवतार लिएका विष्णु भगवानले पृथ्वी, अन्तरिक्ष र द्युलोकलाई आफ्ना तीन पाइलाले नापेर अग्नि, वायु र सूर्यरूपले तीनै लोकमा पाइला राख्नुभयो र ती तीनै लोक विष्णुभगवानका पाइलामा समेटिए । ॐ विष्णुलाई नमस्कार छ । हे कृष्ण यो मेरो पितृको लागि दिइएको कव्यको रक्षा गर्नुहोस् !

अब चित्रमा झैं विश्वेदेव ब्राह्मणको दाहिने हातको बूढी औंलो समाएर प्रत्येक खाने कुरा देखाउदै भन्दै जाने

कर्ता - ॐ इदमन्नम्, ॐ इमा आम:, ॐ इदमाज्यम्, ॐ इदं हवि: । इत्यादि ।

कर्ता :– ओं यो अन्न हो । ओं यो पानी हो । ओं यो आज्य हो ।

कर्ता :– ओं यो हवि हो । ओं यो घिउ हो । ओं यो दही हो । यो दूध हो । (अरु पनि जे जे दिइएको छ ती सबै क्रमैसित देखाउदै जाने)

अब तलको मन्त्र पढ्दै अन्नको वरिपरि जौ छर्ने ।

ॐ यवोसि यवयास्मद्द्वेषो यवयाराती र्दिवेत्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा शुन्धन्तां लोका: पितृषदना पितृषदनमसि ।।

ओं हे जौ तिमीले हामीसित द्वेष गर्ने शत्रु दुर्भाग्य, राग, द्वेष आदिलाई हामीबाट टाढा राख, त्यस्तै कन्जुस्याइँ र लोभ आदिलाई हामीबाट टाढा राख, हे औदुम्बर द्युलोक अन्तरिक्ष र पृथिवीलोकको प्रीतिका लागि तिमीलाई पवित्र पार्दछु । जहाँ पितृहरू सुखपूर्वक निवास गर्दछन् त्यस्तो पितृसदन लोकको अभिमानी स्थान यो मन्त्रद्वारा जल सेचन गरेर शुद्ध होओस् ! (छरिदिने)

अब अन्नपात्रको अगाडि दुनामा पानी राख्ने, बायाँ हातका औंलाले दुनाको पानीमा र बूढी औंलाले अन्नमा छुने र दायाँ हातमा कुश, जौ र पानी लिने अनि तलको संकल्प पढ्ने ।



ॐअद्य..............सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां...........,.............,........ शर्मणां..........सपत्नीकानां वसुरुद्रादित्यस्वरूपाणां श्राद्धसम्बन्धिभ्यो विश्वेभ्यो देवेभ्य: पुरुरवोमाद्रवो नामभ्य: अद्यकर्तव्यसांवत्सरिकैकपार्वणश्राद्धे इदमन्नं सजलं सोपस्करं परिविष्टं परिवेक्ष्माणमक्षयतृप्तिहेतोर्व: स्वाहा ।)

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहको ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को श्राद्धसँग सम्बद्ध भएका विश्वेदेवदेवताहरू मध्ये पुरुरव र माद्रव नाम भएका देवताहरूलाई आज गर्नु पर्ने वार्षिक एकपार्वण श्राद्धमा राम्ररी निरीक्षण गरी केलाएर स्वादिलो पारेर बनाइएको, जल र अन्य व्यञ्जनले युक्त भएको स्वाहारूपी यो अन्न तपाईं सधैंभरि अघाइरहनुहोस् भन्ने उद्देश्यले तपाईंको लागि अर्पण गर्दछु ! (कुश ब्राह्मणको हातमा राखिदिने)

अब अपसव्य भई चित्रमा देखाएझैं पितृब्राह्मणको अगाडि भोजनको पात्र राखी तिल, जल र महसमेत राखेर अन्नपात्रलाई आफ्नो दुबै हात घोप्टो पारेर ढाक्दै तलको मन्त्र पढ्ने ।

ॐ पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्यमुखेऽअमृतेऽअमृतं जुहोमि स्वाहा ।

ओं हे ब्राह्मण पृथिवी तपाईंको स्थान हो, द्युलोक तपाईंको आवरण हो । ब्राह्मणको अमृतमय मुखमा स्वहास्वरूप अन्नरूपी अमृत हवन गर्दछु ।

फेरि ब्राह्मणको दाहिने हातको बूढी औंला समाएर प्रत्येक खाने कुरा देखाउदै भन्दै जाने ।

कर्ता - ॐ इदमन्नम्, ॐ इमा आमः, ॐ इदमाज्यम्, ॐ इदं हविः । इत्यादि ।



कर्ता - ओं यो अन्न हो । ओं यो पानी हो । ओं यो आज्य हो । ओं यो हवि हो । (अरु पनि जे जे दिइएको छ ती सबै क्रमैसित देखाउदै जाने)

अब तलको मन्त्र पढेर बायाँतर्फबाट अन्नपात्रको वरिपरि तिल छर्ने ।

ॐ अपहता असुरारक्षा ं सिव्वेदिषदः ।

ओं यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून्, अन्यत्र जाऊन् !

अब अन्नपात्रको अगाडि दुनामा पानी राख्ने, बायाँ हातका औंलाले दुनाको पानीमा र बूढी औंलाले अन्नमा छुने र दायाँ हातमा मोटक लिई तलको संकल्प पढ्ने ।



ॐ अद्येह.............सगोत्रेभ्योऽस्मत्पितृपितामहप्रपितामहेभ्यः.........., ..., ...शर्मभ्यः..........सपत्नी केभ्यो वसुरुद्रादित्यस्वरूपेभ्यः, इदमन्नं सजलं सोपस्करं पिरविष्टं परिवेक्षमाणं चाक्षयतृप्तिहेतोस्त्रेधा विभज्य युष्मभ्यं स्वधा ।

ओं आजका दिन ....सगोत्रका मेरा पिता , पितामह र प्रपितामह .... ,.............नाम भएका पत्नी सहितका वसु रुद्र र आदित्यस्वरूपभएका लाई राम्ररी निरीक्षण गरी केलाएर स्वादिलो पारेर बनाइएको, जल र अन्य व्यञ्जनले युक्त भएको स्वधारूपी यो अन्न तपाईंहरू सधैंभरि अघाइरहनुहोस् भन्ने उद्देश्यले तीन भागमा बाँडेर तपाईंहरूलाई अर्पण गर्दछु ! (मोटक भुइँमा खसालिदिने ।)

सव्य भएर विश्वेदेव ब्राह्मणको हातमा पानी राख्दै भन्ने (भवान् प्राशयतु ।) (तपाईं खानुहोस् ।)



फेरि अपसव्य भएर पितृब्राह्मणको हातमा पानी राख्दै भन्ने (भवान् प्राशयतु ।) (तपाईं खानुहोस् ।

फेरि सव्य भई कुशको आसनमा बसेर तलका मन्त्रहरू पढ्दै जाने ।

ॐ मधुव्वाताऽऋतायतेमधु क्षरन्ति सिन्धवः । माध्वीर्नः सन्त्वोषधीः ।।



ओं यज्ञ कर्मरत व्यक्ति वा सांसारिक व्यक्तिका लागि वायुले शीतलता प्रवाह गरुन्, नदीहरूले रसवान् जल सेचन गरुन्, औषधि वनस्पतिहरू मधुर रसवाला होऊन् !

ॐ मधुनक्त मुताषसोमधुमत्पार्थिवꣳरजः । मधुद्यौरस्तुनः पिता ।

ओं हाम्रा लागि रात्रि र दिन मधुमान् होऊन् भने मातृस्थानीय पृथिवी लोक र पितृस्थानीय आकाशमण्डल मधुर रसवाला होऊन् !

ॐ मधुमान्नो व्वनस्पतिर्म्मधुमाँ अस्तु सूर्य्यः । माध्वीर्गावो भवन्तुनः ॐमधुः ॐमधुः ॐमधुः ।

ओं पिपल आदि वनस्पतिहरू रसवान् होऊन् ,सूर्य पोल्ने नभई मधुर रसवाला होऊन् र सूर्यका किरणहरू उपयोगी र फलदायक होऊन् ! ओं मधु ,ओं मधु , ओं मधु ।

ॐ अन्नहीनं क्रियाहीनं विधिहीनं च यद्भवेत् । तत् सर्वमच्छिद्रमस्तु भाष्करस्य प्रसादतः ।।
ॐ नमस्तुभ्यं विरूपाक्ष नमस्ते नेकचक्षुषे । नमः पिनाकहस्ताय वज्रहस्ताय वै नमः ।।
ओं अन्न, कर्म, विधानैमा कमी केही भए पनि, सूर्यको अनुकंपाले पूर्ण होस् त्यो सबै अब ।
ओं अनेकाक्षी विरूपाक्ष दुवैलाई प्रणाम छ, शिव औ इन्द्रलाई ता धेरै धेरै प्रणाम छ ।।

अब ब्राह्मणहरूलाई (ॐ यथासुखं जुषध्वम् ।) सुखपूर्वक खानुहोस् भन्नु र गायत्री जप गर्नु अनि प्रस्तुत मन्त्र पढ्नु ।

ॐ मधुव्वाताऽऋतायते
मधुक्षरन्ति सिन्धवः ।
माध्वीर्नः सन्त्वोषधीः ।।

ओं यज्ञ कर्मरत व्यक्ति वा सांसारिक व्यक्तिका लागि वायुले शीतलता प्रवाह गरुन् , नदीहरूले रसवान् जल सेचन गरुन्, औषधि वनस्पतिहरू मधुर रसवाला होऊन् !

ॐ मधुनक्त मुताषसोमधुमत्पार्थिवꣳरजः । मधुद्यौरस्तुनः पिता ।

ओं हाम्रा लागि रात्रि र दिन मधुमान् होऊन् भने मातृस्थानीय पृथिवी लोक र पितृस्थानीय आकाशमण्डल मधुर रसवाला होऊन् ।

ॐ मधुमान्नो व्वनस्पतिर्म्मधुमाँ अस्तु सूर्य्यः । माध्वीर्गावो भवन्तुनः ॐ मधुः ॐ मधुः ॐ मधुः ।

ओं पिपल आदि वनस्पतिहरू रसवान् होऊन्, सूर्य पोल्ने नभई मधुर रसवाला होऊन् र सूर्यका किरणहरू उपयोगी र फलदायक होऊन् ! ओं मधु, ओं मधु, ओं मधु । (अब ब्राह्मणलाई पितृसूक्त पढ्न तगाउने पितृसूक्त पढ्ने ब्राह्मण तपाए रामगीता पढ्ने जुन यस पुस्तकको अन्त्यमा छ र अन्य ब्राह्मणहरूलाई पनि केही चमेना खान दिने)

अब सव्यमा नै तीन टुक्रा कुश चित्रमा देखाएझैं नैऋत्य दिशामा लगी राख्ने ।)



अब फेरि अपसव्य भई मोटक हातमा लिएर मह, तिल र घिउ मिसाएको अन्न र पानी लिई चित्रमा जस्तै गरी तलको पद्य पढेर त्यही कुशमाथि खसालिदिने ।

असंस्कृतप्रमीतानां त्यागिनां कुलयोषिताम् । उच्छिष्टभागधेयानांदर्भेषु विकिराशनम् ।।

संस्कारै नभई मर्ने वा वंशभ्रष्ट हुन् जुन, पुरा खानेहरूलाई कुशैमा विकिराशन ।

बाँकी रहेको सो अन्न पनि चित्रमा जस्तै गरी प्रस्तुत पद्य पढ्दै खाली भुईंमा खसालिदिने ।

अग्निदग्धाश्च ये जीवा:
येप्यदग्धा: कुले मम ।
भूमौ दत्तेन तृप्यन्तु तृप्ता
यान्तु परां गतिम् ।।



जली मरेका जो जीव वा मेरै कुलका जले,भैंमा दिएको खाएर अघाई मुक्त हून् सबै

अब औंठी फाल्ने, हात गोडा धुने र चित्रमा जस्तै गरी सव्य हुने छ पटक आचमन गर्ने र ओंकारसहित गायत्री जप गर्ने अनि तलको मन्त्र पढ्ने ।



ॐ मधुव्वाताऽऋतायतेमधुक्षरन्ति सिन्धव: । माध्वीर्न: सन्त्वोषधी: ।।

ओं यज्ञ कर्मरत व्यक्ति वा सांसारिक व्यक्तिका लागि वायुले शीतलता प्रवाह गरुन्, नदीहरूले रसवान् जल सेचन गरुन्, औषधि वनस्पतिहरू मधुर रसवाला होऊन् !

ॐ मधुनक्त मुताषसोमधुमत्पार्थिव ँरज: । मधुद्यौरस्तुन: पिता ।

ओं हाम्रा लागि रात्रि र दिन मधुमान् होऊन् भने मातृस्थानीय पृथिवी लोक र पितृस्थानीय आकाशमण्डल मधुर रसवाला होऊन् !

ॐ मधुमान्नो व्वनस्पतिर्म्मधुमाँ अस्तु सूर्य्यः । माध्वीर्गावो भवन्तुनः ॐ मधुः ॐ मधुः ॐ मधुः ।

ओं पिपल आदि वनस्पतिहरू रसवान् होऊन् ,सूर्य पोल्ने नभई मधुर रसवाला होऊन् र सूर्यका किरणहरू उपयोगी र फलदायक होऊन् ! ओं मधु, ओं मधु, ओं मधु ।

अब विश्वेदेव ब्राह्मणलाई अघाए होलान् भन्ने संझेर (ॐ जलगण्डूषमिदं ते ।) यो पानी तपाईहरूको हात धुनको निम्ति भनेर जल छर्किदिने र चित्रमा झैं हात जोडी वार्ता गर्ने)

कर्ता	- ॐ तृप्तास्थ ?	कर्ता	- ओं अघाउनुभयो ?
ब्राह्मण	- ॐ तृप्तास्म ।	ब्राह्मण	- ओं अघायौं ।
कर्ता	- ॐ शेषमन्नं किं क्रियताम् ?	कर्ता	- ओं बँचेको अन्न के गरौं ?
ब्राह्मण	- ॐ इष्टैःसह भुज्यताम् ।	ब्राह्मण	- ओं आफ्ना इष्टमित्रसँग मिलेर खानुहोस् ।
कर्ता	- ॐ पिण्डदानमहं करिष्ये ?	कर्ता	- ओं म पिण्डदान गरौं ?
ब्राह्मण	- ॐ कुरुष्व ।	ब्राह्मण	- ओं गर्नुहोस् ।

फेरि अपसव्य भएर पितृब्राह्मणलाई (ॐ जलगण्डूषमिदं ते ।) यो पानी तपाईहरूको हात धुनको निम्ति भनेर जल छर्किदिने र चित्रमा झैं हात जोडी वार्ता गर्ने ।



कर्ता	- ॐ तृप्तास्थ ?	कर्ता	- ओं अघाउनुभयो ?
ब्राह्मण	- ॐ तृप्तास्म ।	ब्राह्मण	- ओं अघायौं ।
कर्ता	- ॐ शेषमन्नं किं क्रियताम् ?	कर्ता	- ओं बँचेको अन्न के गरौं ?
ब्राह्मण	- ॐ इष्टैःसह भुज्यताम् ।	ब्राह्मण	- ओं आफ्ना इष्टमित्रसँग मिलेर खानुहोस् ।
कर्ता	- ॐ पिण्डदानमहं करिष्ये ?	कर्ता	- ओं म पिण्डदान गरौं ?
ब्राह्मण	- ॐ कुरुष्व ।	ब्राह्मण	- ओं गर्नुहोस् ।

(अब पिण्डदान गर्नका लागि दुई चित्रमा देखाए जस्तै चार अंगुल उँचाइ भएको दक्षिणतर्फ पानीढलो भएको पिण्डवेदी बालुवाबाट तयार पार्नु र तीन छेउ भएको कुश बायाँ हातले लिने र दायाँ हात बायाँभन्दा माथि राखेर तलको मन्त्र पढेर दक्षिणबाट वेदीमा दुईवटा रेखा कोर्दै सो कुश उत्तरतर्फ तेर्स्याइदिने ।



ॐ अपहता असुरा रक्षाꣳसि वेदिषदः ।

ओं यज्ञवेदीमा बसेका जो असुर वा राक्षसादि छन् तिनीहरू यहाँबाट भागून्, अन्यत्र जाऊन् !

अब प्रस्तुत मन्त्र पढ्दै आगाका कोइला वेदीको उत्तरतर्फबाट लडाउँदै लगेर दक्षिणतर्फ खसालिदिने ।

ॐ ये रूपाणि प्रतिमुञ्चमानाऽअसुराः सन्तः स्वधया चरन्ति । परापुरोनिपुरो ये भरन्त्यग्निष्टाँल्लोकान्प्रणुदात्य स्मात् ।



ओं जो असुरहरू विविध रूप धारण गरेर पितृलाई दिएको स्वधारूपी अन्न खाने गर्छन्, जो असुर स्थूल सूक्ष्म विविध रूप धारण गर्छन् ती सबै असुरहरूलाई अग्नि देवताले यस यज्ञस्थानबाट भगाऊन् !

अब प्रस्तुत मन्त्र पढेर जल छर्किने र चित्रमा जस्तै गरी जरा नभएको कुश पिण्डिकामा ओछ्याउने ।

ॐ शन्नोदेवीरभिष्टय आपो भवन्तु पीतये । संयोरभिस्रवन्तुन: ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् !

चित्रमा जस्तै सव्य भएर हात जोडेर प्रस्तुत पद्य पढ्ने ।

ॐ देवताभ्य : पितृभ्यश्च महायोगिभ्य एव च । नम: स्वाहायै स्वधायै नित्यमेव नमोनम: । त्रि:



ओं देवता, पितृलाई औ महायोगीहरूकन, स्वाहा, स्वधा सबैलाई नित्य गर्छु प्रणाम म । (३ पटक)

अपसव्य हुने र बायाँ हातमा दुनामा पानी लिने र दायाँ हातमा मोटक लिई संकल्प पढ्ने ।

ॐ अद्य .... सगोत्रास्मत्पित:........... शर्मन्...........सपत्नीक वसुस्वरूप अद्य एकपार्वणश्राद्धे पिण्डस्थानेऽत्रावनेजनं निक्ष्व ते स्वधा ।



ओं आजका दिन हे...........सगोत्र मेरा पिता ! ....नाम र पत्नीसहित वसुस्वरूपका ! आज एकपार्वण श्राद्धमा यो पिण्ड दिने ठाउँमा तपाईंका लागि स्वधारूपी मोटकरूपको अवनेजन प्रदान गदर्छु । (कुश ओछ्याएको ठाउँमा मोटक राखिदिने ।)

अब फेरि बायाँ हातमा दुनामा पानी लिने र दायाँ हातमा मोटक लिई संकल्प पढ्ने ।)

ॐ अद्य............ सगोत्रास्मत्पितामह ....शर्मन्........ सपत्नीकरुद्रस्वरूपाद्य, एकपार्वणश्राद्धे पिण्डस्थानेऽत्रावनेजनं निक्ष्व ते स्वधा ।



ओं आजका दिन हे ....सगोत्र मेरा पितामह ! ....नाम भएका ! हे पत्नीसहितका रुद्रस्वरूप ! आज एकपार्वण श्राद्धमा यो पिण्ड दिने ठाउँमा तपाईंका लागि स्वधारूपी मोटकरूपको अवनेजन प्रदान गर्दछु । (कुश ओछ्याएको ठाउँमा मोटक राखिदिने ।

अब फेरि बायाँ हातमा दुनामा पानी लिने र दायाँ हातमा मोटक लिई संकल्प पढ्ने ।

ॐ अद्य..........सगोत्र अस्मत्प्रपितामह.........शर्मन्..... .....सपत्नीकादित्यस्व रूपाद्य, एकपार्वणश्राद्धे पिण्डस्थानेऽत्रावनेजनं निक्ष्व ते स्वधा



ओं आजका दिन हे .... सगोत्र मेरा प्रपितामह !.............नाम भएका ! पत्नीसहित आदित्यस्वरूपका ! आज एकपार्वण श्राद्धमा यो पिण्ड दिने ठाउँमा तपाईंका लागि स्वधारूपी मोटकरूपको अवनेजन प्रदान गर्दछु । (कुश ओछ्याएको ठाउँमा मोटक राखिदिने ।)

अब पिण्ड बाट्ने अनि बायाँ हातमा दुनामा पानी र दायाँ हातमा मोटक र पहिलो पिण्ड लिई प्रस्तुत संकल्प पढ्ने ।

ॐ अद्य.........
सगोत्रास्मत्पितः ....
शर्मन्...........
सपत्नीकवसुस्वरूपाद्यएक
पार्वणश्राद्धे एषः
पिण्डोऽमृतस्वरूपोऽक्षयतृप्तिहेतो
स्ते स्वधा ।

(ओं आजका दिन हे............ सगोत्र मेरा पिता ! ....नाम भएका ! पत्नीसहितका वसुस्वरूपका ! आज एकपार्वण श्राद्धमा स्वधारूपी यो पिण्ड अमृत बनोस् र सधैंका लागि तृप्त गराओस् भनी तपाईंलाई प्रदान गर्दछु । (पहिलो पिण्ड पहिलो अवनेजन मोटकमाथि खसालिदिने।)

अब फेरि अर्को दुनामा पानी राखेर बायाँ हातमा लिने र दायाँ हातमा मोटक र दोस्रो पिण्ड लिने अनि प्रस्तुत संकल्प पढ्ने ।

ॐ अद्य ....
सगोत्रास्मत्पितामह.............
शर्मन्
..........सपत्नीकरुद्रस्वरूपाद्य,
एकपार्वणश्राद्धे एषः
पिण्डोऽमृतस्वरूपोऽक्षयतृप्तिहेतोस
ते स्वधा ।



ओं आजका दिन हे .... सगोत्र हे मेरा पितामह ! ....नाम भएका ! पत्नीसहित रुद्रस्वरूपका ! आज एकपार्वण श्राद्धमा स्वधारूपी यो पिण्ड अमृत बनोस् र सधैंका लागि तृप्त गराओस् भनी तपाईंलाई प्रदान गर्दछु । (दोस्रो पिण्ड दोस्रो अवनेजन मोटकमाथि खसालिदिने ।)

अब फेरि अर्को दुनामा पानी राखेर बायाँ हातमा लिने र दायाँ हातमा मोटक र पिण्ड लिने अनि प्रस्तुत संकल्प पढ्ने ।

ॐ अद्य...........
सगोत्रास्मत्प्रपितामह
.... शर्मन्...........
सपत्नीकादित्यस्वरूपाद्य,
एकपार्वणश्राद्धे एषः
पिण्डोऽमृतस्वरूपोऽक्षयतृप्तिहेतो
स्ते स्वधा ।

(ओं आजका दिन हे........... सगोत्र हे मेरा प्रपितामह ! ....नाम भएका ! पत्नीसहित आदित्यस्वरूप ! आज एकपार्वण श्राद्धमा स्वधारूपी यो पिण्ड अमृत बनोस् र सधैंका लागि तृप्त गराओस् भनी तपाईंलाई प्रदान गर्दछु । (तेस्रो पिण्ड तेस्रो अवनेजन मोटकमाथि खसालिदिने ।)

अब (ॐ लेपभागभुजस्तृप्यन्तु ।) पुछेर फालेको खानेहरू अघाऊन् भन्दै चित्रमा झैं कुशले हात पुछ्ने ।



प्रस्तुत चित्रहरूमा जस्तै सव्य हुने, छ पटक आचमन गर्ने हरिलाई संझिने अनि चन्दन, फूल, अक्षता लिएर उठ्ने ।

तलको मन्त्र पढ्दै दायाँ तर्फबाट घुमेर उत्तरतर्फ फर्किएको अवस्थामा सास रोकेर आफ्ना पितृहरूलाई संझिने ।

ॐ अत्र पितरो मादयध्वं यथा भागमावृषायध्वम् ।

हे पितृहरू हो तपाईंहरू श्राद्धभूमिमा ओछ्याइएको कुशमा सुखपूर्वक बस्नुहोस् र जसरी गोरुले आफ्नो भाग खानका लागि चारैतिर चर्छ र तृप्त हुन्छ , त्यसैगरी तोकिएको आ-आफ्नो भाग खाई तृप्त हुनुहोस् ।

अब अपसव्य भई सास फेर्ने र घुम्दै दक्षिणतर्फ मुख भएपछि यो मन्त्र पढ्ने-
(ॐ अमिदन्तपितरो यथा भागमावृषायिषत ।)

जुन पितृहरूप्रति तृप्त हुनुहोस् भनिएको थियो ती पितृहरूले प्रसन्न भएर आ-आफ्नो भाग स्वीकार गरी तृप्त हुनुभयो ।) पढ्ने । (चन्दन, फूल आदि पिण्डमा चढाइदिने ।

अब बायाँ हातमा दुनामा जल लिने र मोटक त्यसैमा चोपेर दाहिने हातले लिने र पढ्ने ।

ॐ अद्य.........सगोत्रास्मत्पितः
.............शर्मन्
......सपत्नीकवसुस्वरूपाद्य,
एकपार्वणश्राद्धे इदं पिण्डप्रत्यवनेजनं ते स्वधा ।



ओं आजका दिन हे.........सगोत्रका हे मेरा पिता ....नामका वसुस्वरूपले रहेका आज एकपार्वण श्राद्धमा स्वधारूपी यो पिण्डप्रत्यवनेजन तपाईंलाई अर्पण गर्दछु । (मोटक पितालाई दिएको पिण्डमाथि राखिदिने)

अब फेरि बायाँ हातमा दुनामा जल लिने र मोटक त्यसैमा चोपेर दाहिने हातले लिने र प्रस्तुत संकल्प पढ्ने

ॐ अद्य ....
सगोत्रास्मत्पितामह...........शर्म
न्...........सपत्नीकरुद्रस्वरूपाद्य,
एकपार्वणश्राद्धे इदं
पिण्डप्रत्यवनेजनं ते स्वधा ।



ओं आजका दिन हे..........सगोत्र मेरा पितामह ....नामका द्रस्वरूपले रहेका ! आज एकपार्वण श्राद्धमा स्वधारूपी यो पिण्डप्रत्यवनेजन तपाईंलाई अर्पण गर्दछु । (मोटक पितामहलाई दिएको पिण्डमाथि राखिदिने)

अब फेरि बायाँ हातमा दुनामा जल लिने र मोटक त्यसैमा चोपेर दाहिने हातले लिने र पढ्ने ।

ॐ अद्य...........सगोत्रास्म त्प्रपितामह..........शर्मन्.... .....सपत्नीकादित्यस्वरूपाद्य, एकपार्वणश्राद्धे इदं पिण्डप्रत्यवनेजनं ते स्वधा ।

ओं आजका दिन हे..........सगोत्र मेरा प्रपितामह..........नामका आदित्यस्वरूपले रहेका ! आज एकपार्वण श्राद्धमा स्वधारूपी यो पिण्डप्रत्यवनेजन तपाईंलाई अर्पण गर्दछु । (मोटक प्रपितामहलाई दिएको पिण्डमाथि राखिदिने)

अब पहिलो चित्रमाझैं कटीमा घुसारेको मोटक फालिदिने, दोस्रो चित्रमाझैं सव्य हुने आचमन गर्ने, हरिलाई संझिने ।



फेरि अपसव्य हुने र चित्रमा जस्तै बायाँ हातले लिएको धागो दायाँहातले पनि समात्ने र तलको मन्त्र पढ्ने (अलग अलग तीनै पटक मन्त्र पढेर धागाहरू सबै पिण्डमा पालैसित चढाउने ।

ॐ नमो व: पितरोरसाय नमोव: पितर: शोषाय नमोव: पितरो जीवाय नमोव: पितर: स्वधायै नमोव: पितरो घोराय नमोव: पितरो मन्यवे नमोव: पितर: पितरो नमोवो गृहान्न: पितरो दत्तसतोव: पितरोदेष्मैतद्व: पितरोवास: ।

ओं पितृका स्वरूप भएका ६ वटै ऋतुहरूलाई नमस्कार छ । कस्ता ऋतुहरू भने माधुर्यादि रसयुक्त वसन्त, औषधि वनस्पतिहरूलाई सुकाउने ग्रीष्म, जल वर्षा गरी जीवन प्रदान गर्ने वर्षा, स्वधारूप अन्न प्रदान गर्ने शरद, शीतादि विसमता प्रदान गर्ने हेमन्त र वनस्पतिहरूलाई डढाउने भएको क्रोधरूपी शिशिरलाई नमस्कार छ । हे पितृहरू पुत्रपौत्रादि सम्पन्न घर, धनसंपत्ति प्रदान गर्नुहोस् ! (अलग अलग मन्त्र पढेर धागाहरू सबै पिण्डमा पालैसित चढाइदिने ।)

अब पहिलो चित्रमा झैं पिण्डको पूजा गरी धूप दीप समेत गर्ने र दोस्रो चित्रमा जस्तै गरी मोटक हातमा लिएर तलको संकल्प पढ्ने ।





ॐअद्य.........सगोत्रा:अस्पत्पितृपितामहप्रपितामहा:.........,.........,.........शर्माण:सपत्नीका:वसुरुद्रादित्यस्वरूपा:अद्य एकपार्वणश्राद्धे एतानि पिण्डार्चनानि अत्र सूत्रगन्धपुष्पाक्षतधूपदीपैक्षवादिनैवेद्यानि त्रेधा विभज्य युष्मभ्यं स्वधा ।)

ओं आजका दिन हे........... सगोत्र मेरा पिता, पितामह र प्रपितामहहरू हो !........., ..., ...नाम भएकाहरू ! पत्नीसहित वसु, रुद्र र आदित्य स्वरूप भएकाहरू हो ! आज एकपार्वण श्राद्धमा पिण्डपूजामा प्रयोग भएका स्वधारूपी पैसा, धागो, चन्दन, फूल, अक्षता, धूप, दीप, नैवेद्य, पान र जनै आदि तीन भागमा बाँडेर तपाईंलाई अर्पण गर्दछु । (मोटक छोडिदिने)

सव्य हुने र विश्वेदेव ब्राह्मणलाई मन्त्र पढ्दै बताए अनुसार गर्दै जाने ।

कर्ता - ॐ शिवा आप: सन्तु ।
कर्ता - ॐ सौमनस्यमस्तु ।
कर्ता - ॐ अक्षतं चारिष्टमस्तु ।

कर्ता - (ओं जल कल्याणकारी बनोस् ! जल छर्किने ।
कर्ता - ओं फूल सुवास दिने बनोस् ! (फूल चढाउने)
कर्ता - ओं अक्षता अरिष्टनाशक बनोस् ! (अक्षता चढाउने)

अपसव्य हुने र पितृब्राह्मणतर्फ मन्त्र पढ्दै बताए अनुसार गर्दै जाने ।

कर्ता - ॐ शिवा आप: सन्तु ।
कर्ता - ॐ सौमनस्यमस्तु ।
कर्ता - ॐ अक्षतं चारिष्टमस्तु ।



कर्ता - ओं जल कल्याणकारी बनोस् ! (जल छर्किने ।)
कर्ता - ओं फूल सुवास दिने बनोस् ! (फूल चढाउने ।)
कर्ता - ओं अक्षता अरिष्टनाशक बनोस् ! (अक्षता चढाउने ।)

सव्य भई पूर्व फर्किएर हात जोड्ने र तलको पद्यहरू पढ्दै जाने ।

ॐ अपां मध्ये स्थिता देवा:
सर्वमप्सु प्रतिष्तिम् ।
ब्राह्मणस्य करे न्यस्ता:
शिवा आपो भवन्तु मे ।।

लक्ष्मीर्वसति पुष्पेषु लक्ष्मीर्वसति पुष्करे । लक्ष्मीर्वसति गोष्ठेषु सौमनस्यं ददातु मे ।।
अक्षतं चास्तु मे पुण्यं शान्ति: पुष्टिर्धृतिस्तथा । यद्यच्छ्रेयस्करं लोके तत्तदस्तु सदा मम ।।

पानीमा देवता बस्छन् पानीमा छन् सबै स्थित, विप्रको हातको पानी सधैं मेरो गरोस् हित ।

लक्ष्मी छिन् पोखरीमा र फूलमा अनि गोठमा, ती लक्ष्मीले कृपा गर्दै सौमनस्य छरुन् ममा ।
अक्षताले मिलोस् पुण्य शान्तिपुष्टिधृति तथा, जति छन् लोकमा राम्रा सबै आऊन् मतर्फ ता ।

अब चित्रमा देखाएझैं गरी कर्मपात्रको जल मन्त्रैपिच्छे आफ्नो शिरमा छर्किंदै जाने तर भुईंमा भनेको ठाउँमा भुईंमा छर्किने ।

ॐ अस्मत्कुले दीर्घमायुरस्तु । ॐ शान्तिरस्तु । ॐ पुष्टिरस्तु । ॐ वृद्धिरस्तु । ॐ यच्छ्रेयस्तदस्तु । ॐ यत्पापं तत्प्रतिहतमस्तु । (भूमौ) ॐ द्विपदेभ्य श्चतुष्पदेभ्यः शान्तिर्भवतु ।

ओं हाम्रो कुलमा दीर्घायु होस् ! ओं शान्ति होस् ! ओं पुष्टि होस् ! ओं ऋद्धि होस् ! र जे जति कल्याणकारी छन् ती सबै होऊन् ! ओं जो पाप छ त्यो मरेर जमीनमा बिलाओस् ! (भुईंतिर छर्किने) ओं दोपाया तथा चौपायाहरूलाई शान्ति होस् !

अब अपसव्य हुने र पिण्ड बाटेर बाँकी रहेको अन्न पिण्डको नजीकै लगेर खसालिदिने अनि बायाँ हातमा दुनामा गङ्गाजल लिने र दायाँ हातले मोटक समाएर तलको संकल्प पढ्ने ।

ॐ अद्य.........सगोत्रस्य अस्मत्पितुः.........शर्मणः............सपत्नीकस्य वसुस्वरूपस्याऽद्य एकपार्वणश्राद्धे दत्तैतदन्नपानादिकमक्षयमस्तु ।

ओं आजका दिन..........सगोत्रका मेरा पिता ....नामका पत्नीसहितका वसुस्वरूपले रहेका को आज एकपार्वण श्राद्धमा दिइएका अन्न पानी र संपूर्ण भोज्यपदार्थहरू अविनाशी बनून् ! (पिताको पिण्डमा पानी चढाइदिने ।)

फेरि बायाँ हातमा दुनामा पानी लिने र दायाँ हातले मोटक समाएर तलको संकल्प पढ्ने ।

ॐ अद्य...........सगोत्रस्य अस्मत्पितामह.............शर्मणः... ....सपत्नीकस्य रुद्रस्वरूपस्याऽद्य एकपार्वणश्राद्धे दत्तैतदन्नपानादिकमक्षयमस्तु ।



ओं आजका दिन ....सगोत्रका मेरा पितामह ....नामका पत्नीसहितका रुद्रस्वरूपले रहेका को आज एकपार्वण श्राद्धमा दिइएका अन्न पानी र संपूर्ण भोज्यपदार्थहरू अविनाशी बनून् ! (पितामहको पिण्डमा पानी चढाइदिने)

फेरि बायाँ हातमा दुनामा पानी लिने र दायाँ हातले मोटक समाएर तलको संकल्प पढ्ने ।

ॐ अद्य .... सगोत्रस्य अस्मत्प्रपितामह............ शर्मणः........सपत्नीकस्यआदित्यस्वरूपस्याऽद्य एकपार्वणश्राद्धे दत्तैतदन्नपानादिकमक्षयमस्तु ।

ओं आजका दिन ....सगोत्रका मेरा प्रपितामह ....नामका पत्नीसहितका आदित्यस्वरूपले रहेका को आज एकपार्वण श्राद्धमा दिइएका अन्न पानी र संपूर्ण भोज्यपदार्थहरू अविनाशी बनून् ! (प्रपितामहको पिण्डमा पानी चढाइदिने)

सव्य हुने र चित्र अनुसार तलको मन्त्र पढ्दै पूर्व फर्काएर पिण्डमा जलधारा लगाउने ।

ॐ अघोराः पितरः सन्तु
ओं पितृहरू शान्त होऊन् !



अब पूर्व फर्किएर हात जोड्दै आशीष माग्दै भन्दै जाने ।

ॐ गोत्रन्नो वर्धताम्, ॐ वर्धताम् । ॐ दातारो नोऽभिवर्धन्ताम्, ॐ वर्धन्ताम् । ॐवेदाः वर्धन्ताम्,

ॐ वर्धन्ताम् । ॐसन्ततिर्वर्धताम्, ॐ वर्धताम् । ॐश्रद्धा च नो माव्यगमत्, ॐ मागात् । ॐ बहुदेयं चनोऽस्तु, ॐ अस्तु । ॐ अन्नं च नो बहु भवेत्, ॐ भवतु । ॐ अतिथींश्च लभेमहि, ॐ लभध्वम् । ॐ याचितारश्च नः सन्तु, ॐसन्तु । ॐ मा याचिष्म कंचन, ॐ मा याचेथा । ॐ एताः सत्या आशिषः सन्तु, ॐ सन्तु ।)

कर्ता - ओं हाम्रो गोत्र बढोस् !

ब्राह्मण - ओं बढोस् !

कर्ता - ओं दाताहरू बढून् !

ब्राह्मण - ओं बढून् !

कर्ता - ओं वेदहरू बढून् !

ब्राह्मण - ओं बढून् !

कर्ता - ओं सन्तान बढोस् !

ब्राह्मण - ओं बढोस् !

कर्ता - ओं श्रद्धा पनि रहिरहोस् !

ब्राह्मण - ओं रहिरहोस् !

कर्ता - ओं हामीसँग दिने वस्तु धेरै होऊन् !

ब्राह्मण - ओं होऊन् !

कर्ता - ओं अन्न धेरै होओस् !

ब्राह्मण - ओं होओस् !

कर्ता - ओं अतिथिहरू पाइयून् !

ब्राह्मण - ओं पाइयून् !

कर्ता - ओं याचकहरू पनि पाइयून् !

ब्राह्मण - ओं पाइयून् !

कर्ता - ओं मैले कसैसँग पनि माग्न नपरोस् !

ब्राह्मण - ओं नपरोस् !

कर्ता - ओं यी आशीषहरू सत्य होऊन् !

ब्राह्मण - ओं होऊन् !

अब चित्रमा देखाएझैं ब्राह्मणले तलको मन्त्र पढेर कर्तालाई टीका लगाइदिने ।

ॐ यं कामं कामयते सोऽस्मै काम: समृध्यताम् ।
ओं जो इच्छा यिनले गर्छन् पूर्ण होऊन् तिनी सबै ।

अब अपसव्य हुने र पितृब्राह्मणको बायाँतर्फ घोप्ट्याइएको दुनाहरूको फूल पवित्र झिकी पिण्डमा चढाइदिने । र वार्ता गर्ने

कर्ता - ॐ स्वधां वाचयिष्ये ?

ब्राह्मण - ॐ वाच्यताम् ।

कर्ता - ओं स्वधावाचन गरौं?

ब्राह्मण - ओं वाचन गर्नुहोस् !

अब खाली हात जोडेर प्रस्तुत संकल्प पढ्ने ।

कर्ता - ॐ अद्य..........सगोत्रेभ्य:
अस्मत्पितृपितामहप्रपितामहेभ्य:...........,
..........., ...शर्मभ्य:
सपत्नीकेभ्यो वसुरुद्रादित्यस्वरूपेभ्य:
अत्र एकपार्वणश्राद्धे ॐ स्वधोच्यताम् ।



ओं आजका दिन .... सगोत्र मेरा पिता, पितामह र प्रपितामहहरू ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूप भएकाहरूलाई आज एकपार्वण श्राद्धमा स्वधा वाचन गर्नुहोस् !

ब्राह्मण - ॐ अस्तु स्वधा । स्वधा होओस् !

अब चित्रमा जस्तै अपसव्यमा नै एउटा पात्रमा बायाँ हातमा दूध लिने र दक्षिण फर्काई पिण्डमा अगाडिको मन्त्र पढेर धारा लगाउने ।

ॐ ऊर्ज्जं वहन्तीरमृतं घृतं
पय: कीलालं परिश्रुतम् ।
स्वधास्थतर्पयत मे पितृन् ।



ओं फूलका सारतत्व भरिएका, अन्नगत मिठास घिउ, दूध संबन्धी मिठास भएको, सर्वरोग विनाशक अमृत, सबैखाले दूषितपन संबन्धित बाधालाई हटाउन सक्ने हे दूधहरू ! तपाईहरू पितृहरूको कव्यरूप हवि भैदिनुहोस् !

अब ब्राह्मणसित वार्ता गर्ने ।

कर्ता - ॐ पिण्डा: सम्पन्ना: ।
ब्राह्मण - ॐ सुसम्पन्ना: ।
कर्ता - ॐ पिण्डानुत्थापयामि ।
ब्राह्मण - ॐ उत्थापयस्व ।

कर्ता - ओं पिण्डहरू संपन्न भए ?
ब्राह्मण - ओं संपन्न भए ।
कर्ता - ओं पिण्डहरू उठाऊँ ?
ब्राह्मण - ओं उठाऊ ।

सव्यभई निहुरिएर पिण्ड सुँघ्ने र अपसव्य भएर टपरीमा पिण्ड उठाउने । अनि ओछ्याइएका कुशहरू आगामा हालिदिने र सव्य भएर पिण्डवेदीमा शंख चक्र लेख्ने तथा निम्न मन्त्रले पूजा गर्ने ।





(ॐ शंखाय नमः ।) (ॐ चक्राय नमः ।)

ओं शंखलाई नमस्कार । ओं चक्रलाई नमस्कार (अक्षता नचढाउनु जौ चढाउनु)

अपसव्य भई पिण्ड लिएर उठ्ने र प्रस्तुत श्लोक पढ्ने ।

ॐ गयायां पितृरूपेण
स्वयमेव जनार्दनः ।
तं दृष्ट्वा पुण्डरीकाक्षं
मुच्यते च ऋणत्रयात् ।।

ओं गयामा पितृको रूपले बस्छन् ती जनार्दन, देख्यो भने तिनीलाई नाशिन्छन् तीन्वटै ऋण ।

वसन्तपूजा (पिण्डपूजा)

अब चित्रमा जस्तै पिण्डको टपरी पिण्डिकामाथि राख्ने अनि सव्य भएर वसन्त पूजा गर्ने कपुर बालेर आरती पनि गर्ने ।

वसन्ताय नमस्तुभ्यं ग्रीष्माय च नमो नमः । वर्षाभ्यश्च शरत्संज्ञा ऋतवे च नमो नमः ।।

हेमन्ताय नमस्तुभ्यं नमस्ते शिशिराय च । माससंवत्सरेभ्यश्च दिवसेभ्यो नमो नमः ।।

नमस्कार वसन्तैमा ग्रीष्मलाई प्रणाम छ, वर्षा र शरदै जस्ता ऋतुलाई प्रणाम छ ।
नमन् हेमन्तलाई र नमन् शिशिरमा नि छ, महिना वर्ष औ वार सबैलाई प्रणाम छ ।।

सव्यमा नै रहेर विश्वेदेवब्राह्मणको दायाँतर्फ राखिएको दुनोलाई चलाउने ।

फेरि अपसव्य भएर चित्रमाझैं पितृब्राह्मणको बायाँतर्फको दुनोलाई उत्तानो बनाइदिने ।



(अब पिण्डलाई सेतो कपडाले छोपिदिने र यस पुस्तकको सुरुमा भएको तर्पणविधि गर्ने ।)

तर्पण गरिसकेपछि फेरि सव्य हुने र चित्रमा जस्तै पश्चिम फर्किई विश्वेदेव तर्फ जौ, कुश, पानी र पैसा हातमा लिएर तलको संकल्प पढ्ने ।



ॐ अद्य......... सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां............, ...,
..............शर्मणां.............सपत्नीकानां वसुरुद्रादित्यस्वरूपाणां
पुरुरवोमाद्रवोनाम्नामद्यकृतैतत् एकापार्वणश्राद्धे श्राद्धसंबन्धिवैश्वदेविकश्राद्धप्रतिष्ठासिद्ध्यर्थ दक्षिणा हिरण्यमग्निदैवतं तन्मूल्योपकल्पितं द्रव्यं............गोत्राय...........शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ।

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहको ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को पुरुरव र माद्रव नाम भएका देवताहरूको आज गरिएको एकपार्वण श्राद्धमा श्राद्ध संबन्धी वैश्वदेविक श्राद्धको प्रतिष्ठा सिद्धिका लागि यो अग्निदेवता भएको स्वर्ण-मुद्रा अथवा त्यसको अभावमा त्यसैको मूल्य कल्पना गरिएको यो द्रव्य ....गोत्र ....नाम भएका तपाईं ब्राह्मणलाई म प्रदान गर्दछु । (ब्राह्मणको हातमा राखिदिने ।)

फेरि पितृब्राह्मणतर्फ फर्किएर सव्यमा नै कुश, तिल, जल र पैसा लिएर तलको संकल्प पढ्ने ।



ॐ अद्य............. सगोत्राणामस्मत्पितृपितामहप्रपितामहानां..........., ..., ...
शर्मणां.........सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणामद्यकृतैतत्
सांवत्सरिकैपार्वणश्राद्धप्रतिष्ठासिद्ध्यर्थं दक्षिणां रजतंचन्द्रदैवतं तन्मूल्योपकल्पितं
द्रव्यं........गोत्राय, ... शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ।

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहको ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को आज गरिएको पितृपक्ष अन्तर्गत वार्षिक एकपार्वण श्राद्धसंबन्धी प्रतिष्ठा सिद्धिका लागि यो चन्द्र देवता भएको चाँदीको-मुद्रा अथवा त्यसको अभावमा त्यसैको मूल्य कल्पना गरिएको यो द्रव्य ....गोत्र ....नाम भएका तपाईं ब्राह्मणलाई म प्रदान गर्दछु । ब्राह्मणको हातमा राखिदिने)

भूयसी दक्षिणा

एउटा दुनामा भूयसीदक्षिणाको पैसा राख्ने र चित्रमाझैं पानी, तिल र कुश लिई संकल्प पढ्ने ।

ॐ अद्य .... सगोत्राणामस्मत्पितृपितामह प्रपितामहानां............शर्मणां..........सपत्नीकानांवसुरुद्रादित्यस्वरूपाणां विश्वेदेवपूर्वकाणामद्यकृतैसांवत्सरिकैकपार्वणश्राद्धे न्यूनातिरिक्त परिपूर्णार्थ यद्देयमन्नपानादिकं यथाद्रव्यं यथायथानाम दैवतं नानानामगोत्रेभ्यो नानानामशर्मभ्यो ब्राह्मणेभ्यः कन्याकुमारेभ्यश्च यथाभागं विभज्य यथाकालेन दातुमहमुत्सृजे ।)

ओं आजका दिन जसका अगाडि विश्वेदेवहरू छन् ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामह ...., ..., ...नाम भएका पत्नीसहितका वसु, रुद्र र आदित्य स्वरूपले रहेका को विश्वेदेव पूर्वक आज गरिएको एकपार्वण श्राद्धको प्रतिष्ठा सिद्धि र दिनु पर्ने अन्न पानी आदिमा हुन गएको कमीलाई पूर्ण गराउनका निम्ति यो दक्षिणा द्रव्य विभिन्न गोत्र, विभिन्न नाम भएका ब्राह्मणहरूलाई र कन्या तथा कुमारहरूलाई बाँडेर विभिन्न समयमा दिन चाहन्छु । (कुश कर्मपात्रमा छाडिदिने)

अपसव्य भएर तलको मन्त्र पढ्दै जलको धारालो परिक्रमा गर्दै पितृब्राह्मणलाई बिदा गर्ने ।

ॐ व्वाजे
वाजेवतव्वाजिनोधनेषुव्विप्राऽअमृता ऽऋतज्ञाः । अस्यमध्वः
पिवतमादयध्वं
तृप्तायातपथिभिर्द्देवयानैः ।



ओं हे ब्राह्मण ! अन्न प्राप्ति र धन प्राप्तिका निमित्त अमरणधर्मा (दीर्घजीवी) तथा सत्यवेत्ता हौ । हे अश्व ! सबै प्रकारका धन र अन्नले हामीलाई पूर्ण गर्दै हामीहरूको रक्षा गर ! तिमी यो स्वादिलो हवि खाऊ र अघाऊ ! तृप्त भएर देवमार्गबाट जाऊ !

ॐ आमावाजस्य प्रसवो जगम्यादेमेद्यावापृथिवीविश्वरूपे ।
आमागन्तांपितरामातरा चामासोमोऽअमृतत्वेनगम्यात्।

ओं अन्न उत्पत्तिको सर्वोच्च स्थान सर्वरूपात्मक यी द्यावापृथिवी मेरातर्फ आऊन्, मेरा आमा बाबु मप्रति आऊन्, देवत्व आधान गराउने सोम मप्रति आऊन् !

सव्य हुने र विश्वेदेव ब्राह्मणलाई यो मन्त्र पढ्दै बिदा गर्ने (ॐ पुरुरवोमाद्रवो नामानो विश्वेदेवाः प्रीयन्ताम् ।) ओं हे पुरुरव माद्रव नाम भएका विश्वेदेव देवता ! खुसी हुनुहोस् !



यसपछि अपसव्य भएर बत्तीलाई ढाकिदिने र दोस्रो चित्रमाझैं सव्य भई हात गोडा धोएर आचमन गरी तल लेखिएको पढ्ने ।

ॐ यत्कृतं तत् सुकृतमस्तु यन्नकृतं तद्विष्णोः प्रसादात् ब्राह्मणवचनात् सर्वं परिपूर्णमस्तु ।

ओं जे गरियो त्यो शुभकर्म बनोस्, जे छुट्यो त्यो विष्णुको कृपा र ब्राह्मणको वचनले पूर्ण होस् !

ॐ देवताभ्य : पितृभ्यश्च महायोगिभ्य एव च । नमः स्वाहायै स्वधायै नित्यमेव नमोनमः (त्रिः)

देवता, पितृलाई औ महायोगीहरूकन, स्वाहा, स्वधा सबैलाई नित्य गर्छु प्रणाम म । (३ पटक)

ॐ प्रमादात् कुर्वतांकर्म प्रच्यवेताध्वरेषु च । स्मरणादेवतद्विष्णोः संपूर्णः स्यादिति श्रुतिः ।।
आयुः प्रजां धनं विद्यां स्वर्गं मोक्षं सुखानि च । प्रयच्छन्तु तथा राज्यं पितरः श्राद्धतर्पिताः ।।

ओं यज्ञमा गर्वले कर्म गर्दा त्रुटि भयो भने, संझ्यो विष्णु भने पूर्ण हुन्छ त्यो वेद भन्छ रे ।

धन विद्या प्रजा मोक्ष आयु स्वर्ग तथा सुख, श्राद्धमा तृप्त भै पितृ दिन्छन् राज्यै समेत त ।

अब कर्मपात्रका कुशहरू हातमा लिएर तलको श्लोक पढ्ने ।

ॐ कायेन वाचा मनसेन्द्रियैर्वा
बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत्सकलं परस्मै ।
नारायणायेति समर्पये तत् ।

ओं शरीर बोली मन बुद्धि बानी, आत्मा र ती इन्द्रियले नजानी,
जानेर वा कर्म भए सबै ती, नारायणैमा म त दिन्छु अर्पी । (भैंमा राख्ने)

अब चित्रमा जस्तै हात जोडेर प्रस्तुत पद्यहरू पढ्दै जाने ।

ॐ यस्य स्मृत्या च नामोक्त्या तप: श्राद्धक्रियादिषु । न्यूनं संपूर्णतां याति सद्यो वन्दे तमच्युतम् ।
चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पञ्चभिरेव च । हूयते च पुन द्वाभ्यां स मे विष्णु: प्रसीदतु ।।
ॐ अच्युताय नम: ॐ अच्युताय नम: ॐ अच्युताय नम: ।

ओं नाम जस्को लिई संझ्यो तप वा श्राद्धकर्ममा, कमीमा पूर्णता मिल्छ ढोग्छु अच्युतमा म ता ।
चार चार तथा पाँच र दुईको समूहले, यज्ञमा यजिने विष्णु मेरो लागि खुसी बने !
ओं अच्युतलाई नमस्कार ! ओं अच्युतलाई नमस्कार ! ओं अच्युतलाई नमस्कार !

अब निम्तामा आएका ब्राह्मण, कन्या, कुमार र अन्यलाई पनि टीका लगाइदिने र पिण्ड लगेर नदी वा पवित्र स्थानमासेलाइदिने । त्यसपछि ब्राह्मण लगायतलाई भोजन गराउने र आफू पनि खाने ।

तीर्थश्राद्ध विधि

यस विधिमा पिण्ड शब्द नपुंसक लिङ्गमा प्रयोग भएको छ, तर यो गलत हुँदैन किन भने अमरकोशले पिण्ड शब्द नपुंसक लिङ्गमा पनि प्रयोग हुन्छ भन्ने कुरा यसरी देखाएको छ-

लोहोऽस्त्रीशस्त्रकं तीक्ष्णं पिण्डंकालायसायसी ।

(अमरकोष, काण्ड २, वर्ग ९, श्लोक ९८।)

तीर्थ श्राद्धमा सबैभन्दा पहिले हातगोडा धुने र कर्मपात्र बनाउने ।

ॐ यद्देवा
देवहेडनन्देवासश्च्चकृमावयम् ।
अग्निर्म्मातस्मादेनसो
विश्वान्मुञ्चत्वꣳ हसः ।



तलको मन्त्र पढ्दै बताएका वस्तुहरू राख्दै जाने ।

ओं हे देदीप्यमान देवताहरू हो हामीले जुन देवता संबन्धी पाप (दोष) गरेका छौं अग्निले त्यस किसिमको दोष र सम्पूर्ण विघ्नहरूबाट छुटकारा दिऊन् ।

ॐ यदि दिवा यदि नक्तमेनाꣳसिचकृमावयम् । वायुर्म्मातस्मादेनसोविश्वान्मुञ्चत्वꣳहसः ।

ओं यदि दिउसो या रात्रिमा होस् हामीले कुनै पाप गरेका छौं भने त्यसदोषबाट र अन्य सबै पापबाट वायुले हामीलाई मुक्त गरुन् ।

ॐ यदि जाग्रद्यदिस्वप्न एनाꣳसिचकृमावयम् । सूर्य्योमातस्मादेनसो विश्वान्मुञ्चत्वꣳहसः ।।

ओं यदि जागा अवस्थामा वा स्वप्न अवस्थामा भए पनि कुनै दोष गरेका भए हामीलाई त्यस किसिमको दोषबाट सूर्यले मुक्त गरुन् । अथवा मनुष्य चोलामा वा पितृ चोलामा कुनै किसिमको दोष गरेको भए सूर्यले हामीलाई छुट्कारा दिऊन् ।

ॐ पवित्रेस्थो व्वैष्णव्व्यौसवितुर्वः प्रसव उत्पुनाम्यच्छिद्रेणपवित्रेणसूर्य्यस्यरश्मिभिः ।

ओं तपाईं यज्ञसंबन्धी हौ, तपाईंलाई सूर्यको प्रेरणाबाट सूर्यका किरणहरूद्वारा अछिद्र कपुररूपी पवित्रद्वारा जलसेचन गर्दछु । हे सेचन गरिने नित्य निम्नगामी अगाडि

बढ्दै सफा गर्ने जलहरू हो तपाईंहरू चलिरहेको यज्ञलाई निर्विघ्नतापूर्वक समापन गराउनुहोस् । दक्षिणा आदि साधनद्वारा यज्ञका पुष्टि गर्ने यज्ञद्वारा देवताहरूलाई एकत्रित गरेर यज्ञका पालकलाई फलभोग गराउनुहोस् । (पवित्र राखिदिने)

ॐ शन्नोदेवीरभिष्टय आपो भवन्तु पीतये । संयोरभिस्रवन्तुनः ।

ओं दीप्यमान सुन्दर पानी हाम्रो स्नान र पानका लागि सुखकारी हुनुहोस् अनि भयनाशक र रोगनाशक हुनुहोस् ! (जल राखिदिने)

ॐ तिलोसि सोम दैवत्यो गोसवो देवनिर्मितः । प्रत्नमद्भिः पृक्तः स्वधयापितृलोकान्पृणाहि नः स्वाहा ।

ओं सोम नाम गरेका देवताले निर्मित तिमी तिल हौ, प्रकाश दिने प्राचील कालका हौ, पानीले सेचन गरिएका तिमी हाम्रा पितृहरूलाई तृप्त गराइदेऊ ! (तिल राखिदिने ।)

ॐ गन्धद्वारान् दुराधर्षांन्नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वयेश्रियम् ।।

ओं बास्नाद्वारा थाहा पाइने , मुस्किलले मात्र मेटाउन सकिने , नित्य पुष्ट गराउने , सबै प्राणीका मालिक त्यस्ती लक्ष्मी स्वरूपा तिमीलाई यहाँ मेरो सम्पन्नताका लागि आवाहन गर्दछु । (चन्दन राखिदिने)

ॐ अक्षन्नमीमदन्तमह्यवप्प्रिया अधूषत । अस्तोषत स्वभानवोव्विप्रानविष्ठयामतीयो जान्विन्द्रतेहरी ।

ओं पितृयज्ञमा आएका पितृहरूले तृप्त भई स्वकृति स्वरूप शिर कम्पन गरेका ले कव्य भक्षण गरे । प्राप्त संकेत छिट्टै बुझ्न सक्ने मेधावी पितृहरूले अहो स्वादिष्ट अन्न धेरै दिनुभयो भनी प्रशंसा गरे । त्यसैले हे इन्द्र ! तपाईको अभीष्ट पितृहरू निरत भएका ले पितृहरूसँगै पितृयज्ञमा आउनका लागि आफ्नो रथमा हरिया दुई घोडा लगाउनुहोस् । (अक्षता राखिदिने)

ॐ यवोऽसि यवयास्मद्द्वेषो यवयाराती दिर्वेत्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा शुन्धन्तां लोकाः पितृषदना पितृषदनमसि ।

ओं हे जौ तिमीले हामीसित द्वेष गर्ने शत्रु दुर्भाग्य, राग, द्वेष आदिलाई हामीबाट टाढा राख, त्यस्तै कञ्जुस्याइँ र लोभ आदिलाई हामीबाट टाढा राख ,हे औदुम्बर द्युलोक अन्तरिक्ष र पृथिवीलोकको प्रीतिका लागि तिमीलाई पवित्र पार्दछु । जहाँ

पितृहरू सुखपूर्वक निवास गर्दछन् त्यस्तो पितृसदन लोकको अभिमानी स्थान यो मन्त्रद्वारा जल सेचन गरेर शुद्ध होओस् ! (जौ राखिदिने)

ॐ श्रीश्चते लक्ष्मीश्चपत्न्यावहोरात्रे पाश्श्र्वेनक्षत्राणिरूपमश्श्विनौव्यात्तम् । इष्णन्निषाणामुम्मऽइषाणसर्वलोकम्मऽइषाण ।

ओं हे आदित्य, श्री (संपत्ति) र लक्ष्मी (सौन्दर्य) तपाईंका वशमा छन्, तपाईंबाट नै प्रकाश पाई चम्किएका ताराहरू अहोरात्र तपाईंका निकटमा छन्, द्युलोक र पृथिवीलोक तपाईंबाटै प्रकाशित छन् । तसर्थ इहलोक र परलोकमा सुख शान्ति प्राप्त गरी मोक्षरूपी फल प्राप्त गरुँ भनी सधैं तपाईंको प्रार्थना गर्दछु । (फूल राखिदिने) (अब कर्मपात्रको तीन टुक्रा कुश लिएर तलको मन्त्र पढ्दै सबैतिर, सबै सामान र आफूलाई पनि छर्किने ।)

ॐ अपवित्र पवित्रो वा सर्वावस्थां गतोऽपि वा । यः स्मरेत् पुण्डरीकाक्षं स वाह्याभ्यन्तरः शुचिः । ॐ पुण्डरीकाक्षः पुनातु ।

ओं शुद्ध होस् वा अशुद्धै होस् जस्तोसुकै भए पनि, भित्रबाहिर शुद्धिन्छ संझ्यो विष्णु भने पनि । ओं कमलजस्ता आँखा भएका विष्णुले पवित्र बनाऊन् ! (अब हात जोडेर पूर्व फर्किई तलको पद्य पढ्ने ।)

ॐ नमो नमस्ते गोविन्द पुराणपुरुषोत्तम । इदं श्राद्धं हृषीकेश रक्षतां सर्वतो दिशः ।।

ओं हे गोविन्द ! नमस्कार पुराणपुररुषोत्तम, हृषिकेश सबैतर्फ श्राद्धरक्षा गरे अब ! (अब कुश हातमा लिएर तलको संकल्प पढ्ने)

हरिःॐ तत्सत् ३ ॐ विष्णुः ३ श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगजत्सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्धे श्री श्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंसतितमे युगे सत्यत्रेताद्वापरान्ते कलियुगे कलियुगस्य प्रथमचरणे भरतखण्डे जम्बूद्वीपे आर्यावर्तान्तर्गते...........नाम पुण्यक्षेत्रे षष्ठिसंवत्सराणां मध्ये ....नामसंवत्सरे..........अयने........ऋतौ.......मासे.......पक्षे........तिथौ........ वासरे.........राशिस्थिते श्रीसूर्ये.........राशिस्थिते चन्द्रमसि.........राशिस्थिते देवगुरौ अन्येषु ग्रहेषु यथा यथा राशिस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण विशिष्टायामद्येह...........

सगोत्रः......... शर्माहं मम आत्मनः समस्तपितृणां समुद्धारणार्थं मातृपितृगुरुस्वसृणामक्षयतृप्तिहेतवे समस्ततीर्थजन्यफलप्राप्त्यर्थं समस्तपितृणामक्षयतृप्त्यर्थं......... तीर्थे तीर्थश्राद्धं पिण्डदानं चाहं करिष्ये ।)

ओंकारले युक्त भएका हरि भगवान विष्णु नै सत्य हुन् (३ पटक भन्ने) श्रीमान् भगवान महापुरुष विष्णुको आज्ञाद्वारा प्रवृत्त भएका संपूर्ण संसारका सृष्टिकर्ता ब्रह्माको दोस्रो परार्धमा, सेतो वराहको कल्पमा वैवस्वत मनुको पालामा, सत्य, त्रेता, द्वापर युग बितेपछि हुने कलियुग मध्ये २८ औं कलियुगको पहिलो चरणमा, साठी संवत्सर मध्ये ....नामक संवत्सरमा, ...अयनमा ....ऋतुमा............महिनामा..............पक्षमा...........तिथिमा.. .....वारमा, सूर्य.............राशिमा, चन्द्रमा..........राशिमा, वृहस्पति ....राशिमा र अरु ग्रहहरू पनि यथा राशिमा रहेको विशिष्ट अवस्थामा आज ....गोत्रमा उत्पन्न, ...नामक म..............तीर्थमा मेरा आफ्ना सम्पूर्ण पितृहरूको उद्धारका लागि मेरा आमा बाबु गुरु आदि समस्त पितृहरू सधैंका लागि अघाऊन् भन्ने उद्देश्यले तीर्थश्राद्ध र पिण्डदान गर्दछु । (कुश भुईंमा छोडिदिने ।)

(अब अपसव्य भएर दक्षिणतर्फ फर्किने र बायाँ घुँडो पसार्ने अनि दक्षिणपट्टि केही होचो भएको पिण्ड दिने वेदी निर्माण गर्ने, पञ्चगव्यले सेचन गर्ने र तलको पद्य पढ्दै वेदीको वरिपरि तिल, फूल, चन्दन आदि छर्ने ।) (पञ्चगव्य- गाईको दूध, दही, घ्यू, गहुँत र गोबर ।)

ॐ रक्षोभूतपिशाचेभ्यस्तथैवासुरदोषतः । सर्वतश्चाधिपस्तेषां यमो रक्षां करोतु मे ।।

ओं रक्ष भूत पिशाचै र यस्तै असुरको भय, सबैतर्फ गरुन् मेरो रक्षा श्री यमले अब ।

(अब दोब्बर गरिएका तीनतीनवटा कुशहरू तलको मन्त्र पढ्दै बाह्र ठाउँमा वेदी माथि ओछ्याउने ।)

अयोध्या मथुरा माया काशी काञ्ची अवन्तिका । पुरीद्वारावती चैव सप्तेता मोक्षदायिका ।।

ॐ कव्यवाडनलः सोमयमश्चैवार्यमा तथा । अग्निष्वात्ता वर्हिषदः सोमपाः पितरस्तथा ।।

अयोध्या मथुरा माया काशी काञ्ची अवन्तिका, द्वारका यति सातौटा पुरी हुन् मोक्षदायिका ।

(कव्यवाडनल सोम अर्यमा यम सोमप, अग्निष्वाता वर्हिषद यी पितृवर्ग हुन् सब ।।

अब एउटा भाँडामा पानी अनि एउटा भाँडामा फूल, चन्दन तिल आदि लिने र दायाँ हातमा कुशको टुक्रा कर्ममात्रको जलमा चोपेर लिई तलको संकल्प पढेर पिण्डिकामा लगेर राखिदिने ।)

ॐ अद्य.........सगोत्राणां मम पितृपितामहप्रपितामहानाम्........., ..., ... शर्मणां .... सपत्नीकानां तथा.........सगोत्राणां मातामहप्रमातामहवृद्धप्रमातामहानाम्.........., ...,...........शर्मणां सपत्नीकानामासनोपरि अवनेजनमहं सम्प्रददे । तथा यथा गोत्राणामन्येषां च पितृणां आसनोपरि अवनेजनमहं संप्रददे ।)

(भाँडाको जल पनि आधा सेचन गरिदिने ।)

ओं आजका दिन ....सगोत्र भएका मेरा पिता, पितामह र प्रपितामहको, ..., ..., ...नाम भएका पत्नीसहितका को आसनमाथि अवनेजन प्रदान गर्दछु तथा सगोत्र भएका मेरा मातामह, प्रमातामह र वृद्धप्रमातामहको ...., ..., ...नाम भएका पत्नीसहितका को र अरु पितृहरूको आशनमाथि अवनेजन प्रदान गर्दछु । (अब एउटा पिण्ड हातमा लिएर तलको संकल्प पढी सो पिण्ड पिण्डवेदीमा राखिदिने)

ॐ अद्य.........सगोत्र.........अस्मत्पितः.........शर्मन्............तस्य अक्षयतृप्त्यर्थं इदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्मै स्वधा ।)

(ओं आजका दिन हे ....गोत्रका हे .... नाम भएका ! हे मेरा पिता ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको यो अमृतस्वरूप भएको स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (पहिलो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र पढ्ने)

ॐ अद्य.........सगोत्रास्मत्प्रपितामह .... शर्मन्......तस्याक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्मै स्वधा ।

(ओं आजका दिन हे .... गोत्रका हे .... नाम भएका ! हे मेरा पितामह ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो पिण्ड स्वधाको नाम लिई वहाँलाई प्रदान गर्दछु । (दोस्रो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य.........सगोत्राऽस्मप्रपितामह......शर्मन् ....तस्याक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्मै स्वधा ।

ओं आजका दिन हे ....गोत्रका हे............. नाम भएका ! हे मेरा प्रपितामह ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो पिण्डस्वधाको नाम लिई वहाँलाई प्रदान गर्दछु । (तेस्रो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य........सगोत्रे मम मातः...........देवि तस्या अक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्यै स्वधा ।

ओं आजका दिन हे ....गोत्रकी हे ....नाम भएकी ! हे मेरी माता ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (त्यो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने ।)

ॐ अद्य..........सगोत्रे मम पितामहि...........देवि तस्या अक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्यै स्वधा ।)

(ओं आजका दिन हे ....गोत्रकी हे ....नाम भएकी ! हे मेरी पितामही ! जसको को अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (त्यो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य...........सगोत्रे मम प्रपितामहि..........देवि तस्या अक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्यै स्वधा ।

ओं आजका दिन हे .... गोत्रकी हे .... नाम भएकी ! हे मेरी प्रपितामही ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (त्यो पिण्ड पिण्डिकामाथि खसालिदिने ।)

ॐ अद्य..........सगोत्राऽस्मन्मातामह.............नामन् तस्याक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्मै स्वधा ।

ओं आजका दिन हे .... गोत्रका हे .... नाम भएका ! हे मेरा मातामह ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (दोस्रो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य.........सगोत्राऽस्मत्प्रमातामह.............नामन् तस्याक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्मै स्वधा ।

ओं आजका दिन हे .... गोत्रका. हे .... नाम भएका ! हे मेरा प्रमातामह ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (दोस्रो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य..........सगोत्राऽस्मत् वृद्धप्रमातामह...........नामन् तस्याक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्मै स्वधा ।

(ओं आजका दिन हे .... गोत्रका. हे .... नाम भएका ! हे मेरा वृद्धप्रमातामह ! जसको अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (दोस्रो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य...........सगोत्रे मम मातामहि..........देवि तस्या अक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्यै स्वधा ।

ओं आजका दिन हे...........गोत्रकी हे ....नाम भएकी ! हे मेरी मातामही ! जसको को अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (त्यो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य..........सगोत्रे मम प्रमातामहि.........देवि तस्या अक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्यै स्वधा ।

ओं आजका दिन हे ....गोत्रकी हे ....नाम भएकी ! हे मेरी प्रमातामही ! जसको को अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (त्यो पिण्ड पिण्डिकामाथि खसालिदिने ।) (यसै गरी अर्को पिण्ड लिने र)

ॐ अद्य..........सगोत्रे मम वृद्धप्रमातामहि...........देवि तस्या अक्षयतृप्त्यर्थमिदं हविष्यान्नमयममृतरूपं मधुतिलजलादिप्रोक्षितं पिण्डं तस्यै स्वधा ।

(ओं आजका दिन हे ....गोत्रकी हे ....नाम भएकी ! हे मेरी वृद्धप्रमातामही ! जसको को अखण्ड तृप्तिका लागि हविष्यान्नले, बनेको मह, तिल र जलले युक्त भएको अमृतस्वरूप यो स्वधारूपी पिण्ड वहाँलाई प्रदान गर्दछु । (त्यो पिण्ड पिण्डिकामाथि खसालिदिने ।)

अब आफ्ना कुलमा मरेका सौतेनीआमा, पत्नी, पुत्र, कन्या, काका वा ठुलाबा, मामा, दाजुभाइ, काकाका मामा लगायत जति पनि आफन्तहरू छन् सबैलाई पिण्ड दिनु पर्दछ । तीर्थश्राद्धमा कुनै पितृ पनि छुट्नु हुँदैन । सबैलाई पिण्ड दिनु पर्दछ । यसरी पिण्ड दिदा पुरुष भए (सपत्नीक र पत्नीसहित) र स्त्रीलाई दिँदा (सभर्तृके सापत्यके पतिपुत्रसहिते) भनेर दिनु पर्दछ ।) कसलाई के भनेर दिने भन्ने विषय यस पुस्तकको सुरुमा बनाइएको तालिका हेरेर मिलाउनु पर्छ ।

ॐ आब्रह्मणो ये पितृवंशजाता मातुस्तथा वंशभवा मदीयाः ।

वंशद्वये ये मम दासभूता भृत्यास्तथा वाश्रितसेवकाश्च ।।
मित्राणिशिष्या:पशवश्च वृक्षा दृष्टाश्च स्पृष्टाश्च कृतोपकारा:।
जन्मान्तरे ये मम संगताश्च तेभ्य:स्वधापिण्डमहं ददामि ।।
ये केचित् प्रेतरूपेण वर्तन्ते पितरो मम । ते सर्वे तृप्तिमायान्तु पिण्डदानेन शाश्वतीम् ।।
ये वान्धवाऽवान्धवा ये अ न्यजन्मनि वान्धवा: । तेभ्य:पिण्डं मया दत्तमक्षयमुपतिष्ठतु ।।
पितृवंशे मृता ये च मातृवंशे तथैव च । गुरुश्वशुरवन्धूनां ये चान्ये वान्धवा मृता: ।।
ये मे कुले लुप्तपिण्डा: पुत्रदारविवर्जिता: । तेभ्य: पिण्डं मया दत्तमक्षयमुपतिष्ठतु ।।

ब्रह्मा हुँदै जो अबसम्म भाका, माता-पिताका कुलमा भएका ।
मेरा दुबै वंशमहाँ भएका, हुन् दास वा आश्रित सेवकै वा ।।
जो मित्र शिष्यै पशु वृक्ष नै वा, देखे भएका उपकारकर्ता ।
जन्मान्तरैका पनि मित्र मेरा, दिन्छु स्वधापिण्ड म ती सबैमा ।।
जो कोही प्रेतरूपैमा छन् मेरा पितृरूपका । अघाऊन् ती सबै मैले दिएको पिण्डबाट ता ।।
बन्धु अबन्धु जो जे हुन् बन्धु वा अरुजन्मका, अघाऊन् ती सबै मैले दिएको पिण्डबाट ता ।।
पिताको वंशमा मर्ने माताको वंशका सब, ससुरा-गुरुका यस्तै बन्धुका बन्धुवान्धव ।।
जो मेरा कुलमा पुत्र-स्त्रीहीन लुप्तपिण्ड छन्, म दिन्छु पिण्ड तिनलाई अघाएर तृप्त हून् ।।
अब सबैलाई पिण्ड दिइसकेपछि तलको संकल्प पढ्ने र पहिले पिण्डिकामा खन्याएर बाँकी राखेको आधा जल तलको संकल्प पढेर पिण्डहरूमा खन्याइदिने ।

ॐ अद्य..........सगोत्राणां मम पितृपितामहप्रपितामहानाम्........, ...,
...........शर्मणां..........तथा मातृपितामहीप्रपितामहीनाम्........, ...,
.............देवीनां तथा च मातामहप्रमातामहवृद्धप्रमातामहानां.............,
............,............ शर्मणां सपत्नीकानां ....गोत्राणामन्येषां पितृणाञ्च पिण्डोपरि प्रत्यवनेजनं संप्रददे ।)

(बाँकी जल खन्याइदिने ।) (अब पिण्ड पूजा गर्ने र धूप दीप नैवेद्य पान सुपारी जनै समेत चढाइदिने ।त्यसपछि तर्पणको विधि अनुसार पिण्डमाथि तर्पण दिने ।)

(अब सव्य भई आचमन गर्ने र तलको पद्य पढ्ने)

ॐ प्रमादात् कुर्वतांकर्म प्रच्यवेताध्वरेषु च । स्मरणादेवतद्विष्णो: संपूर्ण: स्यादिति श्रुति: ।।

ओं यज्ञमा गर्वले कर्म गर्दा त्रुटि भयो भने, संझ्यो विष्णु भने पूर्ण हुन्छ त्यो वेद भन्छ रे । (तलको मन्त्र पढ्दै चित्रमा देखाए जस्तै गरी सूर्यलाई अर्घ दिने ।)

ॐ एहि सूर्यसहस्रांशो तजोराशे जगत्पते । अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ।

ओं हजारौं किरण भएका, तेजका भण्डार, संसारका मालिक, हे दिवाकर सूर्य ! यहाँ आउनुहोस्, भक्तिपूर्वक दिएको अर्घ लिनुहोस् र मलाई दया गर्नुहोस् !

(अब नमस्कार गरी यथाशक्ति ब्राह्मणभोजन र दक्षिणा गर्ने ।) दक्षिणा गर्ने संकल्प यस्तो छ -

हरिः ॐ अद्यकृतैतत्तीर्थश्राद्धसाङ्गतासिद्ध्यर्थं मम समस्त पितृणामक्षयतृप्त्यर्थमात्मनासह सर्वेषामुद्धारणाय न्यूनातिरिक्तदोषपरिहारार्थमिदं रजतं चन्द्रदैवतं यथा नाम गोत्राय ब्राह्मणाय दक्षिणात्वेन तुभ्यमहं संप्रददे ।

हरि ओं आज गरिएको यो तीर्थश्राद्धको अङ्गसहित सिद्धिका लागि मेरा सम्पूर्ण पितृहरू सधैंभरि अघाइरहून् भन्ने उद्देश्यले आफू र आफ्ना सबै पितृको उद्धारका लागि र कर्म गर्दा हुन गएको घटबढ सम्बन्धी दोष निवारणका लागि समेत यो चन्द्र देवता भएको चाँदीको मुद्रा ....गोत्र भएका ....नामका तपाईं ब्राह्मणलाई दक्षिणास्वरूप प्रदान गर्दछु ।

(अब ब्राह्मणले (ॐ स्वस्तिः) ओं कल्याण होस् । भन्ने अनि कर्ताले ॐ नमो वः ततोऽभिरभ्यताम् ।) तपाईहरू खुसी रहनुहोस् भन्ने ।) अब पिण्डहरू सुँघ्ने र सो पिण्ड जलमा सेलाई दिने वा गाईलाई खान दिने र त्यहाँ भएका कुशहरू जलमा सेलाइदिने । यसपछि निम्नानुसार कार्यहरू गर्ने मन्त्र तल दिइए अनुसार गर्दै जाने ।)

गाईलाई भोजन दिने-

गोग्रास :-

सुरभिर्वैष्णवी माता नित्यं विष्णुपदे स्थिता । गोग्रासं च मया दत्तं त्वं गृहाणानुकम्पया ।।

सुरभि वैष्णवी माता विष्णुका पाउकी तिमी ।म दिन्छु गाँस यो खान खाऊ यो कृपया तिमी ।

श्वानवलि :–

द्वौ श्वानौ श्यामसवलौ वैवस्वतकुलौद्भवौ । ताभ्यामन्नं प्रयच्छामि स्यातामेतावहिंसकौ ।।

काला-काला बलीया र ती वैवस्वतवंशका । अन्न दिन्छु दुबैलाई अहिंसक बनून् सदा ।।

काकवलि :–

काकोऽसि यमदूतोऽसि वायसोऽसि महाबल । तुभ्यं वलिं प्रदास्यामि गृहाण यमकिंकर ।।

काक हौ यमका दूत तिमीमा छ महाबल । वलि दिन्छु तिमीलाई खाऊ लौ यमनोकर ।

ब्राह्मणको दायाँ गोडा पखाल्दा भन्ने :-

यत्फलं कपिलादाने कार्तिक्यां जेष्ठपुष्करे । तत्फलं पाण्डवश्रेष्ठ विप्राणां पादशौचने ।।

जेठ कार्तिकमा कैली गाई दान गरेसरी, पखाल्दा विप्रको पाउ फल त्यो मिल्छ पाण्डव ।

ब्राह्मणको बायाँ गोडा पखाल्दा भन्ने :-

ॐ विप्रपादोदकं पीत्वा यावत्तिष्ठति मेदिनी । तावत्पुष्करपात्रेषु पिवन्ति पितरो जलम् ।।

विप्रको पाउको पानी पृथ्वीमा जबसम्म छ, पिए ! पुष्करमा पानी पितृले तबसम्म त ।

चन्दन लगाउँदा भन्ने :-

चन्दनं वन्चते नित्यं पवित्रं पापनाशनम् । आपदो हरते नित्यं लक्ष्मीर्वसतु सर्वदा ।।

हो चन्दन सदा वन्द्य शुद्ध औ पापनाशक । सधैं आपत्ति जो हर्छ लक्ष्मीको बास होस् सदा ।।

श्री रामगीता

ततो जगन्मङ्गल-मङ्गलात्मना, विधाय रामायणकीर्तिमुत्तमम् ।

चचार पूर्वाचरितं रघूत्तमो, राजर्षिवर्यैरभिसेवितं यथा ।।१।।

संसारको मंगल गर्नमा सधैं चरित्र रामायणको फिंजाउँदै ।

गर्दै सवै कर्म कुलानुकूलको राजर्षि झैं राम बने समूल पो ।१।

सौमित्रिणा पृष्ठ उदारबुद्धिना, रामः कथा प्राह पुरातनीःशुभाः ।

राज्ञः प्रमत्तस्य नृगस्य शापतो,द्विजस्य तिर्यक्त्वमथाह राघवः ।।२।।

जिज्ञासु ती लक्ष्मणका त प्रश्नमा भन्थे कथा राम मिठा पुरातन ।

घमण्डले ब्राह्मणश्राप त्यो परी नष्टै भएका नृगका कथा पनि ।२।

कदाचिदेकान्त उपस्थितं प्रभुं, रामं रमालालितपादङ्कजम् ।

सौमित्रिरासादितशुद्धभावनः, प्रणम्य भक्त्या विनयान्वितोऽब्रवीत् ।।३।।

पुज्थिन् रमाले पद जो रमाउँदै एकान्त पाई रघुनाथको सधैं ।

सोध्छन् कुरा लक्ष्मण भक्तभाइ गै मौका मिलाई पदमा समाउँदै ।३।

त्वं शुद्धबोधोऽसि हि सर्वदेहिनामात्मास्यधीशोऽसि निराकृतिः स्वयम् ।

प्रतीयसे ज्ञानदृशां महामते पादाब्जभृङ्गा हित सङ्ग सङ्गिनाम् ।।४।।

आत्मा सबैका अति शुद्ध रूप र स्वामी सबैका र अदृश्य रूप छ ।

भृङ्गैसरीका प्रिय भक्तभित्र त्यो बस्ने तपाईं अनुकूल मित्र हो ।४।

अहं प्रपन्नोऽस्मि पदाम्बुजं प्रभो भवापवर्गं तव योगिभावितम् ।

यथाञ्जसाऽज्ञानमपारवारिधिं सुखं तरिष्यामि तथाऽनुसाधिमाम् ।।५।।

संभिन्छ योगी जुन पाउमा सधैं छुट्नै भनी यो भवदुःखबाट नै ।

पर्दैछु त्यै पाउ म ज्ञान पाउन जोबाट सक्नेछु नि पार जान म ।५।

श्रुत्वाऽथ सौमित्रिवचोऽखिलं तदा प्राह प्रपन्नार्तिहरः प्रसन्नधीः ।

विज्ञानमज्ञानतमः प्रशान्तये श्रुतिप्रपन्नं क्षितिपालभूषणः ।।६।।

उत्कृष्ट राजा अनि दुःखनाशक श्रीरामले लक्ष्मणसामुमा अब ।

प्रसन्न भै लक्ष्मणका कुराकन त्यै तत्त्व भन्छन् श्रुतिवाक्य हो जुन ।६।

आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाः कृत्वा समासादितशुद्धमानसः ।

समाप्य तत् पूर्वमुपात्तसाधनः समाश्रयेत् सद्गुरुमात्मलब्धये ।।७।।

गर्नू सबै कर्म स्वधर्मवर्णित पारेर आफ्नो मनचित्त निर्मल ।

र अन्त्यमा सद्गुरुको समीपमा गएर लाग्नू अनि आत्मशुद्धिमा ।७।

क्रियाशरीरोद्भवहेतुरादृता प्रियाप्रियौ तौ भवतः सुरारिणः

धर्मेतरौ तत्र पुनः शरीरकं पुनः क्रिया चक्रवदीर्यते भवः ।।८।।

जन्मिन्छ प्राणी फल पूर्वकर्मको लिएर, गर्दा अरु कर्म गर्वको ।

चक्रै सरी जन्म र मृत्युमा परी उम्किन्न त्यो ज्ञान अभावले गरी ।८।

अज्ञानमेवास्य हि मूलकारणं तद्धानमेवात्र विधौ विधीयते ।

विद्यैव तन्नाशविधौ पटीयसी न कर्म तज्जं सविरोधमीरितम् ।।९।।

अज्ञान हो कारण लोकचक्रको त्यो नाश गर्नू सब शास्त्रले भन्यो ।

नाशिन्न अज्ञान त कर्मले कसै नाशिन्छ त्यो ज्ञान मिलेमहाँ सबै ।९।

नाज्ञानहानि र्न च रागसंक्षयो भवेत्ततः कर्म सदोषमुद्भवेत् ।

ततः पुनः संसृतिरप्यवारिता तस्माद्बुधो ज्ञानविचारवान् भवेत् ।।१०।।

न हट्छ अज्ञान न राग हट्छ नै त्यो कर्मले स्वर्ग र नर्क मिल्छ है ।

जो ब्रह्मको ज्ञान भएर मात्र नै मुक्तै हुनेछौ रम ज्ञानमा सधैं ।१०।

ननु क्रिया वेदमुखेन चोदिता तथैव विद्या पुरुषार्थसाधनम् ।

कर्तव्यता प्राणभृतः प्रचोदिता विद्यासहायत्त्व मुपैति सा पुनः ।।११।।

त्यै वेदले गर्दछ कर्मका कुरा त्यै वेदमा ज्ञान र ब्रह्मका कुरा ।

बुझेर सारा विधि ब्रह्मज्ञानको घमण्ड त्यागीकन गर्नु कर्म त्यो ।११।

कर्माकृतौ दोषमपि श्रृतिर्जगौ तस्मात् सदा कार्यमिदं मुमुक्षुणा ।

ननु स्वतन्त्रा ध्रुवकार्यकारिणी विद्या न किञ्चिन्मनसाप्यपेक्षते ।।१२।।

स्वकर्म त्यागे पनि दोष लाग्दछ गरेर सत्कर्म त दोष भाग्दछ ।

यो वेद भन्दो छ र कर्म ता गर आखीरमा ज्ञान भएतिरै बढ ।१२।

न सत्यकायाऽपि हि उद्वदध्वरः प्रकांक्षतेऽन्यानपि कारकादिकम् ।

तथैव विद्या विधितः प्रकाशितै र्विशिष्यते कर्मभिरेव मुक्तये ।।१३।।

केचिद्वदन्तीति वितर्कवादिनस्तदप्यसद् दृष्टविरोधकारणात् ।

देहाभिमानादभिवर्धते क्रिया विद्यागताहङ्कृतितः प्रसिद्ध्यति ।।१४।।

यसै गरी जो फल-स्वर्ग पाउन चाहिन्छ धेरै अरु द्रव्यसाधन ।

त्यसैगरी ज्ञान र मुक्ति पाउन सहायता मिल्दछ कर्मकै पुनः ।१३।

मिल्दैन यो तर्क वितर्कवादको कर्मैमहाँ हुन्छ नि गर्वको धुलो ।

घमण्डले चल्दछ कर्मको गति मिल्दैन त्यो कर्म र ज्ञानको मति ।१४।

विशुद्धविज्ञानविरोचनाञ्चिता विद्यात्मवृत्तिश्चरमेति भण्यते ।

उदेति कर्माखिलकारकादिभि र्निहन्ति विद्याखिलकारकादिकम् ।।१५।।

प्रकाश विद्या छ विशुद्ध ज्ञानको विद्या मिले हट्दछ कर्मको धुलो ।

विभिन्न तत्त्वादि मिलेर कर्मको हुने हुँदा जन्म विकारमा छ यो ।१५।

तस्मात् त्यजेत् कार्यमशेषतः सुधी र्विद्याविरोधान्न समुच्चयो भवेत् ।

आत्मानुसन्धानपरायण सदा निवृत्तसर्वेन्द्रियवृत्तिगोचरः ।१६।

बेमेल त्यो कर्म र ज्ञानको छ है हटाउनू इन्द्रियवासना सबै ।

गर्नू सधैँ चिन्तन आत्मतत्त्वको त्यागेर सारा फल कर्मभोगको ।१६।

यावच्छरीरादिषु माययात्मधीस्तावद्विधेयो विधिवादकर्मणाम् ।

नेतीति वाक्यै रखिलं निषिध्य तज्ज्ञात्वा परात्मान मथ त्यजेत् क्रिया ।।१७।।

देहाभिमानै मनमा रहेतक गर्नू सबै कर्म त शास्त्रवर्णित ।

संसार मिथ्या यति वेदवाक्यको बुझेर त्यागनू अनि कर्म लोकको ।१७।

यदा परात्मात्मविभेदभेदकं विज्ञानमात्मन्यवभाति भास्वरम् ।

तदैव माया प्रविलीयतेऽञ्जसा सकारका कारणमात्मसंसृतेः ।।१८।।

आत्मा परात्मा सब एक हो भनी यो ब्रह्मप्रज्ञा मनमा मिलेपछि ।

हट्नेछ माया अनि कर्मबन्धन अज्ञान नाशिन्छ तुरुन्त नै जुन ।१८।

श्रुतिप्रमाणाभिविनाशिता च सा कथं भविष्यत्यपि कार्यकारिणी ।

विज्ञानमात्रादमलाद्वितीयत स्तस्मादविद्या न पुनर्भविष्यति ।।१९।।

विज्ञानद्वारा जब वेदवाक्यको नाशिन्छ सारा अविवेकको धुलो ।

त्यस्तो अविद्या अब फेरि जन्मिई सक्दैन देखाउन वासना रति ।१९।

यदि स्म नष्टा न पुनः प्रसूयते कर्ताहमस्येति मतिः कथं भवेत् ।

तस्मात् स्वतन्त्रा न किमप्यपेक्षते विद्या विमोक्षाय विभाति केवला ।।२०।।

पाएर विद्या श्रुतिब्रह्मज्ञानको सारा अविद्या र घमण्ड नष्ट भो ।

समर्थ आफैं जुन ब्रह्मज्ञान हो चाहिन्न विद्याकन आड अन्यको ।२०।

सा तैत्तिरीयश्रुतिराह सादरं न्यासं प्रशस्ताखिलकर्मणा स्फुटम् ।

एतावदित्याह च वाजिनां श्रुतिर्ज्ञानं विमोक्षाय न कर्म साधनम् ।।२१।।

त्यै तैत्तिरीयोपनिषद्महाँ अनि यसै गरी वाजसनेयमा पनि ।

छ मुख्य आदेश त कर्म त्याग त्यो सद्ज्ञान हो मार्ग त मोक्षवादको ।२१।

विद्यासमत्वेन तु दर्शितस्त्वया क्रतुर्न दृष्टान्त उदाहृतः समः ।

फलैः पृथक्त्वाद्बहुकारकैः क्रतुः संसाध्यते ज्ञानमतो विपर्ययम् ।।२२।।

द्रव्यादिले बन्दछ यज्ञ ता सबै मिल्दैन दृष्टान्त त ज्ञानमा कतै ।

सद्ज्ञानले नाश हुने हुँदा सबै लिदैन विद्या सहयोग क्यै कतै ।२२।

सप्रत्यवायो ह्यहमित्यनात्मधीरज्ञप्रसिद्धा न तु तत्त्वदर्शिनः ।

तस्माद्बुधैस्त्याज्यमविक्रियात्मभिर्विधानतः कर्म विधिप्रकाशितम् ।।२३।।

जो मूर्खले भन्दछ कर्म त्यागले पापी म बन्नेछु भनी घमण्डले ।

मान्दैन ज्ञानी तर यो विचार ता त्यागे सबै कर्म हुनेछ मुक्त ता ।२३।

श्रद्धान्वितस्तत्त्वमसीति वाक्यतो गुरोः प्रसादादपि शुद्धमानसः।

विज्ञाय चैकात्म्यमथात्मजीवयोः सुखी भवेन्मेरुरिवाप्रकम्पनः ।।२४।।

सत्कर्मले चित्त गरेर निर्मल तत्त्वै बुझी सद्गुरुबाट नै सब ।

सुमेरु झैं धीर र शान्त चित्तले एकात्म जानीकन मुक्त होस् भरे ।२४।

आदौ पदार्थावगतिर्हि कारणं वाक्यार्थविज्ञानविधौ विधानतः ।

तत्त्वम्पदार्थौ परमात्मजीवकावसीति चैकात्म्यमथानयोर्भवेत् ।।२५।।

जो शब्द "तत्" "त्वं" "असि" हो त्यसैगरी बुझेर शब्दार्थ लगाउँदा परी ।

तत् ईश्वरै हो अनि जीव त्वं भयो हौ एक भन्ने असिबाट बुझ्नु यो ।२५।

प्रत्यक्परोक्षादिविरोधमात्मनोर्विहाय सङ्गृह्य तयोश्चिदात्मताम् ।

संशोधितां लक्षणया च लक्षितां ज्ञात्वा स्वमात्मानमथाद्वयो भवेत् ।।२६।।

आत्मा तथा ईश्वर ब्रह्मरूपको एकात्म्यमा चिन्तन गर्नु खूब त्यो ।

जीवात्म नै ब्रह्म भनी बुझेर यो आनन्दमा रम्छ मुमुक्षु ता अहो ।२६।

एकात्मकत्वाज्जहती न सम्भवेत् तथाजहल्लक्षणताविरोधः ।

सोऽयम्पदार्थाविव भागलक्षणा युज्येत तत्त्वम्पदयोरदोषतः ।।२७।।

तत् त्वम् दुईमा पनि अर्थभेद ता हुँदाहुँदै चेतनमा अभेदता ।

भनेर एकात्म्य बुझी लिनू सधैं आत्मा तथा ईश्वर एक हुन्छ है ।२७।

रसादिपञ्चीकृतभूतसम्भवं भोगालयं दुःखसुखादिकर्मणाम् ।

शरीरमाद्यन्तवदादिकर्मजं मायामयं स्थूलमुपाधिमात्मनः ।।२८।।

यो देह हो निर्मित पञ्चतत्त्वको आधार हो दुःखसुखादि भावको ।

मायास्वरूपी अनि जन्ममृत्युको उपाधिमात्रै छ नि ब्रह्मतत्त्वको ।२८।

सूक्ष्मं मनोबुद्धिदशेन्द्रियैर्युतं प्राणैरपञ्चीकृतभूतसम्भवम् ।

भोक्तुः सुखादेरनुसाधनं भवेच्छरीरमन्यद्विदुरात्मनो बुधाः ।।२९।।

प्राणै दसैइन्द्रिय बुद्धि चित्त भो यस्तै महाभूत मिलेर देह यो ।

त्यै जीवको दुःखसुखादि साधनभन्दा छ भिन्नै अझ आत्म जो सुन ।२९।

अनाद्यनिर्वाच्यमपीह कारणं मायाप्रधानं तु परं शरीरकम् ।

उपाधिभेदात्तु यतः पृथक् स्थितं स्वात्मानमात्मन्यवधारयेत् क्रमात् ।।३०।।

अनादि निर्वाच्य छ ब्रह्म जो सुन प्रपञ्च माया अनि भूतकारण ।

देखिन्छ त्यो भिन्न उपाधिले गरी हटाउनू भेद त ज्ञानले पछि ।३०।

कोशेष्वयं तेषु तु तत्तदाकृतिर्विभाति सङ्गात् स्फटिकोपलो यथा ।

असङ्गरूपोऽयमजो यतोऽद्वयो विज्ञायतेऽस्मिन् परितो विचारिते ।।३१।।

देखिन्छ रातो स्फटिकै जसोगरी नजीक रातो कुसुमै भएपछि ।

विशुद्ध आत्मा अज नित्य भैकन संसर्गले हुन्छ नि देहकै भ्रम ।३१।

बुद्धेस्त्रिधा वृत्तिरपीह दृश्यते स्वप्नादिभेदेन गुणत्रयात्मनः ।

अन्योन्यतोऽस्मिन् व्यभिचारतो मृषा नित्ये परे ब्रह्मणि केवले शिवे ।।३२।।

आत्मा छ आनन्द विशुद्ध निर्मल सत्वादि औ जाग्रत आदि ता सब ।

छायासरी देखिनु हो भ्रमै सब मिथ्या यिनी हुन् यति जान्नु है अब ।३२।

देहेन्द्रियप्राणमनश्चिदात्मनां सङ्घादजस्रं परिवर्तते धियः ।

वृत्तिस्तमोमूलतयाऽज्ञलक्षणा यावद्भवेत्तावदसौ भवोद्भवः ।।३३।।

प्राणै तथा यो मन देह इन्द्रिय घुमेर मायामय बुद्धिले सब ।

नपाउदासम्म त ज्ञान ब्रह्मको भोग्ला कठै जीव त जन्ममृत्यु पो ।३३।

नेतिप्रमाणेन निराकृताखिलो हृदा समास्वादित चिद्घनामृतः ।

त्यजेदशेषं जगदात्तसद्रसं पीत्वा यथाम्भः प्रजहाति तत्फलम् ।।३४।।

वेदान्तको “नेति” बुझेर अर्थ यो त्यागेर माया जब चित्त शुद्ध भो ।

त्यागिन्छ बोक्रा फलको जसोगरी त्याग्नू छ माया रस ब्रह्मको पिई ।३४।

कदाचिदात्मा न मृतो न जायते न क्षीयते नापि विवर्धतेऽनवः ।

निरस्तसर्वातिशयः सुखात्मकः स्वयंप्रभः सर्वगतोऽयमद्वयः ।।३५।।

न मर्छ-जन्मन्छ न घट्छ-बढ्दछ “सत्” “चित्” र “आनन्द” विकारहीन छ ।

आत्मा उज्यालो अनि सर्वव्यापक भई जडैमा पनि फूर्ति भर्दछ ।३५।

एवंविधे ज्ञानमये सुखात्मके कथं भवो दुःखमयः प्रतीयते ।

अज्ञानतोऽध्यासवशात् प्रकाशते ज्ञाने विलीयेत विरोधतः क्षणात् ।।३६।।

आत्मा सुखी ज्ञानस्वरूपको छ यो यस्मा कसोरी भवदुःख देदियो ?

अज्ञानले दुःख जगत् प्रतीति भो यो दुःखहर्ता पनि ब्रह्मज्ञान हो ।३६।

यदन्यदन्यत्र विभाव्यते भ्रमादध्यासमित्याहुरमुं विपश्चितः ।

असर्पभूतेऽप्यहिभावनं यथा रज्ज्वादिके तद्वदपीश्वरे जगत् ।।३७।।

डोरीमहाँ सर्पसमानको भ्रम असत्य संसार सबै छ यो भ्रम ।

तटस्थ त्यो ईश्वरमा प्रपञ्चको आभाष ता हो भ्रम मात्र एक यो ।३७।

विकल्पमायारहिते चिदात्मकेऽहङ्कार एषः प्रथमः प्रकल्पितः ।

अध्यास एवात्मनि सर्वकारणे निरामये ब्रह्मणि केवले परे ।।३८।।

विकल्पले हीन र चेतनामय संसारको कारण ब्रह्मभैं सब ।

विशुद्ध आत्मा छ तथापि यो जब जन्म्यो अहङ्कार भ्रमै भई तब ।३८।

इच्छादिरागादिसुखादिधर्मिकाः सदा धियः संसृतिहेतवः परे ।

यस्मात् प्रसुप्तौ तदभावतः परः सुखस्वरूपेण विभाव्यते हि नः ।।३९।।

जन्मिन्छ इच्छा सुख राग बुद्धिले जेलिन्छ प्राणी अनि जन्ममृत्युले ।

सुषुप्तिमा जो सब मुक्तबन्धन आत्मा सुखी भैकन रम्छ त्यो पुनः ।३९।

अनाद्यविद्योद्भवबुद्धिबिम्बितो जीवः प्रकाशोऽयमितीर्यते चितः ।

आत्मा धियः साक्षितया पृथक् स्थितो बुद्ध्यापरिच्छिन्नपरः स एव हि ।।४०।।

त्वं जीव हो दर्शक बुद्धिमा स्थित कर्ता स्वयं मान्दछ जो छ मोहित ।

माया हटाई जब ज्ञान पाउँछ मै ब्रह्म चित् रूप भनी बुझाउँछ ।४०।

चिद्बिम्बसाक्षात्मधियां प्रसङ्गतस्त्वेकत्र वासादनलाक्तलोहवत् ।

अन्योऽन्यमध्यासवशात् प्रतीयते जडाजडत्वं च चिदात्मचेतसोः ।।४१।।

जल्दो फलामै पनि अग्निरूपमा देखेसरी अग्नि फलामरूपमा ।

जडेन्द्रियै चेतन, जीवमा जड देखिन्छ यस्तो भ्रमबुद्धिले सब ।४१।

गुरोः सकाशादपि वेदवाक्यतः सञ्जातविद्यानुभवो निरीक्ष्य तम् ।

स्वात्मानमात्मस्थमुपाधिवर्जितं त्यजेदशेषं जडमात्मगोचरम् ।।४२।।

वेदान्तविद्या गुरुबाट लीकन हो ब्रह्म आत्मा यति गर्नु चिन्तन ।

आत्मा त साक्षी र विकारहीन छ भनेर त्याग्नू जडवस्तु यी सब ।४२।

प्रकाशरूपोऽहमजोऽहमद्वयोऽसकृद्विभातोऽहमतीव निर्मल: ।

विशुद्धविज्ञानघनो निरामय: सम्पूर्ण आनन्दमयोऽहमक्रिय:।।४३।।

आत्मा अजन्मा र प्रकाश रूप छ स्वयं उज्यालो अद्वितीय निर्मल ।

छ पूर्ण ज्ञानी भयशोकहीन छ आनन्दरूपी सब कर्मबर्जित ।४३।

सदैव मुक्तोऽहमचिन्त्यशक्तिमानतीन्द्रियज्ञानमविक्रियात्मक: ।

अनन्तपारोऽहमहर्निशं बुधै र्विभावितोऽहं हृदि वेदवादिभि:।।४४।।

म मुक्त मेरो अविचिन्त्य शक्ति छ कर्ता नभै इन्द्रियबाट भिन्न छ ।

म भिन्न भै देश र कालदेखि नै ज्ञानीहरूको मनमा म बस्छु है ।४४।

एवं सदात्मानमखण्डितात्मना विचारमाणस्य विशुद्धभावना ।

हन्यादविद्यामचिरेण कारकै रसायनं यद्वदुपासितं रुज: ।।४५।।

अखण्ड अभ्यास गरेर आत्मको हुनेछ है दर्शन आत्मतत्त्वको ।

नाशिन्छ अज्ञान र दु:ख लोकको निदान झैं औषधिबाट रोगको ।४५।

विविक्त आसीन उपारतेन्द्रियो विनिर्जितात्मा विमलान्तराशय: ।

विभावयेदेकमनन्यसाधनो विज्ञानदृक् केवल आत्मसंस्थित: ।।४६।।

एकान्तमा गै सब इन्द्रियादिको इच्छा हटाई जब चित्त शुद्ध भो ।

गरेर अभ्यास अखण्ड योगको गर्नू सदा चिन्तन आत्मतत्त्वको ।४६।

विश्वं यदेतत् परमात्मदर्शनं विलापयेदात्मनि सर्वकारणे ।

पूर्णश्चिदानन्दमयोऽवतिष्ठते न वेद बाह्यं न च किञ्चिदान्तरम् ।।४७।।

संसारको जन्म त ब्रह्मबाट भो त्यसै हुँदा भेद रहेन क्यै अहो ।

देख्दै परब्रह्मस्वरूप विश्वमा राख्दैन योगी रति भेद चित्तमा ।४७।

पूर्वं समाधेरखिलं विचिन्तयेदोङ्कारमात्रं सचराचरं जगत् ।

तदेव वाच्यं प्रणवो हि वाचको विभाव्यतेऽज्ञानवशान्त बोधतः ।।४८।।

ओंकार हो वाचक लोकको सबै समाधिभन्दा पहिले बुझिन्छ है ।

हुँदा सबै ज्ञान त ब्रह्मयोगको रहन्न यो भेद कुनै कतै अहो ।४८।

अकारसंज्ञः पुरुषो हि विश्वको ह्युकारकस्तैजस ईर्यते क्रमात् ।

प्राज्ञो मकारः परिपठ्यतेऽखिलैः समाधिपूर्वं न तु तत्त्वतो भवेत् ।।४९।।

"अ"कार हो विश्व "उ" कार तेज हो "म"कार हो ज्ञान भनेर भेद यो ।

गरिन्छ अज्ञान रहेछुँदातक यो भेद हट्ला जब ज्ञान मिल्दछ ।४९।

विश्वं त्वकारं पुरुषं विलापयेदुकारमध्ये बहुधा व्यवस्थितम् ।

ततो मकारे प्रविलाप्य तैजसं द्वितीयवर्णं प्रणवस्य चान्तिमे ।।५०।।

अकारको वाचक विश्व ता सब उकारको तेजमहाँ छ सामिल ।

त्यो तेजलाई पनि ज्ञानरूपको मकारमा सामिल गर्नु पर्छ पो ।५०।

मकारमप्यात्मनि चिद्घने परे विलापयेत् प्राज्ञमपीह कारणम् ।

सोऽहं परं ब्रह्म सदा विमुक्तिमद्विज्ञानदृङ्मुक्त उपाधितोऽमलः।।५१।।

त्यो ज्ञानलाई त विकारहीनको आत्मामहाँ खूब गरेर लीन पो ।

विशुद्ध विज्ञान उपाधि हीन त्यो म ब्रह्मरूपी यति बुझ्नु पर्छ यो ।५१।

एवं सदा जातपरात्मभावनः स्वानन्दतुष्टः परिविस्मृताखिलः ।

आस्ते स नित्यात्मसुखप्रकाशकः साक्षाद्विमुक्तोऽचलवारिसिन्धुवत् ।।५२।।

ओंकारको चिन्तन ब्रह्मज्ञानले बिर्सेर सारा भवदुःख चित्तले ।

समुद्र झैं धीर र शान्त भै भरे योगी सदा रम्दछ आत्मज्ञानले ।५२।

एवं सदाभ्यस्तसमाधियोगिनो निर्वृत्तसर्वेन्द्रियगोचरस्य हि ।

विनिर्जिताशेषरिपोरहं सदा दृश्यो भवेयं जितषड्गुणात्मनः ।।५३।।

त्यागछन् सबै इन्द्रिय भोग योगले क्रोधादि बैरी जसका सबै मरे ।

जित्नेछ जो ईश्वर नै स्वभक्तिले म बस्छु त्यस्को मनमा अखण्डले ।५३।

ध्यात्वैवमात्मानमहर्निशं मुनि स्तिष्ठेत् सदा मुक्तसमस्तबन्धनः ।

प्रारब्धमश्नन्नभिमानवर्जितो मध्येव साक्षात्प्रविलीयते ततः ।।५४।।

गर्दै सदा त्यो निज आत्मचिन्तन तोडेर सारा भवदुःख बन्धन ।

प्रारब्ध भोग्दै अभिमानबर्जित मिल्नेछ योगी परब्रह्ममा तब ।५४।

आदौ च मध्ये च तथैव चान्ततो भवं विदित्वा भवशोककारणम् ।

हित्वा समस्तं विधिवादचोदितं भजेत्स्वमात्मानमथाखिलात्मनाम् ।।५५।।

अगाडि औ बीच र अन्त्यमा पनि संसारमा त्राश र दुःख नै छ नि ।

जानेर त्यागी सब मोहबन्धन आत्मा सबैका भज ईश्वरैकन ।५५।

आत्मन्यभेदेन विभावयन्निदं भवत्यभेदेन मयात्मना तदा ।

यथा जलं वारिनिधौ यथा पयः क्षीरे वियद्व्योम्नि यथाऽनिलेऽनिलः ।।५६।।

आत्मा म ता ईश्वरको हुँ बिम्ब नै यी एउटै हुन् यति बुझ्नु पर्छ है

जलादि मिल्दा पनि एक झैं सब आत्मा तथा ईश्वर एक बन्दछ ।५६।

इत्थं यदीक्षेत हि लोकसंस्थितो जगन्मृषैवेति विभावयन् मुनिः ।

निराकृतत्त्वा च्छ्रुतियुक्तिमानतो यथेन्दुभेदो दिशि दिग्भ्रमादयः ।।५७।।

संसार झूटो छ र ब्रह्म सत्य छ त्यै ब्रह्म नै जीव भनेर बुझ्दछ ।
देखिन्छ ज्ञानी व्यवहारमा जड यो सत्यता होइन दिग्भ्रमै सब ।५७।

यावन्न पश्येदखिलं मदात्मकं तावन्मदाराधनतत्परो भवेत् ।
श्रद्धालुरत्यूर्जितभक्तिलक्षणो यस्तस्य दृश्योऽहमहर्निशं हृदि ।।५८।।

जानिन्न ता यो जग ब्रह्मरूपले राखोस् ममा ध्यान अखण्ड भक्तिले ।
श्रद्धालु जो मैप्रति दत्तचित्त छ म बस्छु त्योभित्र भई अदृश्य त ।५८।

रहस्यमेतच्छ्रुतिसारसङ्ग्रहं मया विनिश्चित्य तवोदितं प्रिय ।
यस्त्वेतदालोचयतीह बुद्धिमान् स मुच्यते पातकराशिभिः क्षणात् ।।५९।।

यो वेदको सार रहस्ययुक्त छ भनें तिमीमा बुझ योग्य यो सब ।
अर्को कसैले पनि यो बुझ्यो भने निष्पाप भै मुक्त हुनेछ त्यो भरे ।५९।

भ्रातर्यदीदं परिदृश्यते जगन् मायैव सर्वं परिहृत्य चेतसा ।
मद्भावनाभावितशुद्धमानसः सुखी भवानन्दमयो निरामयः ।।६०।।

हे भाइ मायामय लोक यो सबै बुझी हटाऊ मनचित्तबाट नै ।
मैमा लगाएर पवित्र भावना आनन्द मानी रम नित्य ब्रह्ममा ।६०।

यः सेवते मामगुणं गुणात्परं हृदा कदा वा यदि वा गुणात्मकम् ।
सोऽहं स्वपादाञ्चितरेणुभिः स्पृशन् पुनाति लोकत्रितयं यथा रविः ।।६१।।

जो निर्गुणै वा गुणयुक्त रूपमा भज्ला मलाई अति भक्तिभावमा ।
मैतुल्य त्यो भक्त पुग्यो जहाँ-जहाँ पवित्र गर्ला रवितुल्य लोकमा ।६१।

विज्ञानमेतदखिलं श्रुतिसारमेकं वेदान्तवेद्यचरणेन मयैव गीतम् ।
यः श्रद्धया परिपठेद् गुरुभक्तियुक्तो मद्रूपमेति यदि मद्वचनेषु भक्तिः ।।६२।।

वेदान्त तत्त्व अनि सार छ वेदको जो मैबाट भाइ जुन ज्ञान बताइयो यो ।
श्रद्धा र भक्ति गुरु फेरि ममा गरेर जो पढ्छ मैसरह त्यो भइजान्छ हेर ।६२।

इति श्री रामगीता

अनुवादक
जनार्दन उपाध्याय
सुन्दरादेवी - ५, नुवाकोट

Shubharambha
Publication Pvt. Ltd.
शुभारम्भ पब्लिकेसन प्रा.लि.
काठमाडौं, नेपाल